एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# छब्बीसौं वार्षिक साधारणसभा

महेन्द्रनगर, कञ्चनपुर ।

२०७४ असोज २७ र २८ (१३ र १४ अक्टोबर २०१७)

# वार्षिक प्रतिवेदन

# २०७३/७४

# एम्नेस्टी इन्टरनेसनल

सन् १९६१ मा बेलायती ***वकिल पिटर बेनेन्सन***लाई पोर्चुगलका दुईजना युवकले स्वतन्त्रताका नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले साह्रै चिन्तित तुल्यायो । शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको र त्यस्ता पीडितहरूलाई अरु नागरिकहरूले समेत बिर्सेको महसुस पिटर बेनेन्सनले गर्नुभयो र ती पोर्चुगिज युवा र उनीहरूजस्तै अन्यायमा परेका अन्य कयौं आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै उहाँले बेलायतबाट प्रकाशित हुने अखबार **'दी अब्जर्भर'** (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) विषयक एक लेख प्रकाशित गर्नुभयो । उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो । अन्ततः अभियानलाई संस्थागत रूपमा व्यवस्थित तवरले अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामाकरण गरियो ।

एम्नेस्टी इन्टरनेसनल (ए.आई.) अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू सम्मानित र संरक्षित हुनु पर्दछ भनेर अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान हो । यो साधारण व्यक्तिहरूद्वारा सञ्चालित असाधारण (Extraordinary movement by ordinary people) अभियान हो जसमा विश्वभर रहेका ए.आई. का सदस्य एवं समर्थकहरू विश्वको कुनै पनि स्थानमा हुने कुनै पनि प्रकारको मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरुद्धमा नैतिक दवाब सिर्जना गर्दछन् । एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्यांकन स्वरूप सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कार लगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ । हाल संसारभर ७० लाख भन्दा बढी सदस्य र सहयोगदाता यसमा आवद्ध छन् ।

**एम्नेस्टी नेपाल शाखा**लाई नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक स्थापना गर्नु भएको हो । त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" (Nepal Section) को मान्यता प्रदान गरेको थियो । तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपालशाखा" को मान्यता खारेज गऱ्यो । "नेपाल शाखा" को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोझै एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी समुहहरू गठन गर्ने एवं एम्नेस्टीले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो र सन् १९९० मा एम्नेस्टी अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो । त्यसपछि सन् १९९३ मा नेपाल सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता प्रदान गऱ्यो । त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सक्रियतापूर्वक आफ्ना कार्यहरू अघि बढाइरहेको छ र हाल एम्नेस्टी नेपालमा ४० भन्दा बढी जिल्लाहरूमा गरेर ६,००० भन्दा बढी सक्रिय सदस्य/अभियन्ताहरू आबद्ध हुनुहुन्छ र लाखौंको सङ्ख्यामा सुभेच्छुक र समर्थकहरू रहनुभएको छ ।

# दस्तावेज–सूची


१. निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को योजना कार्यान्वयनको प्रतिवेदन १

२. कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को आर्थिक प्रतिवेदन ७६

३. आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण प्रतिवेदन ८०

४. एम्नेस्टी नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण ८९

## निर्देशकद्धारा प्रस्तुत आर्थिक वर्ष २०७३/७४को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्मानित छब्बीसौँ वार्षिक साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह तथा निर्माणाधिन समूहका प्रतिनिधि/पर्यवेक्षकज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड/सचिवालयका प्रतिनिधिज्यू, राष्ट्रिय बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीज्यूहरू, एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले संस्थाको सम्मानित २६औं वार्षिक साधारण सभासमक्ष एम्नेस्टी नेपालको वर्ष २०७३/७४को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

गत वर्षहरूमा झैं यस आर्थिक वर्षमा पनि एम्नेस्टी नेपालले मानवअधिकारसम्बन्धी विभिन्न अभियान सञ्चालन गर्दै विभिन्न गतिविधिहरू सम्पन्न गरेको छ । नेपाली आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि जनस्तरमा गरिएका जानकारीमूलक कार्यक्रमका कारण वैदेशिक रोजगारीमा जान तयारी गरिरहेका वा अफ्ठ्यारोमा परी फर्की आएकाहरूले आफ्नो अधिकारका बारेमा सुसूचित हुने मौका पाएका छन् । त्यस्तै नेपालका महिलाहरूमा विद्यमान विभेदका कारण उनीहरूले भोग्नुपरेको यौन तथा प्रजनन् अधिकार हनन्का विषयमा पनि राष्ट्रव्यापी अभियानहरू गरिएका छन् । यसले पाठेघर खस्ने समस्या केवल स्वास्थ्य समस्याका दृष्टिले मात्रै हेरिँदै आएकोमा अब यस स्वास्थ्य समस्यालाई मानवअधिकारको दृष्टिकोणबाट हेर्ने र सोअनुरूप महिलाहरूको मानवअधिकार संवर्धन गर्नुपर्ने कोणबाट बहसहरू प्रारम्भ भएका छन् । नेपालमा संस्थागत स्वरूप धारण गरेको दण्डहीनता विरुद्ध पनि थुप्रै अभियानहरू भएका छन् । २०७२ को भूकम्पपछि लाखौं नेपाली जनताहरू आवासहीन भएको सन्दर्भमा नेपाल सरकारलाई यथोचित, शीघ्र, न्यायसङ्गत र विभेदरहित ढङ्गमा पीडित नागरिकहरूको आवासको अधिकार सुनिश्चित गर्न माग गर्दे विभिन्न अभियानहरू गरिएका छन् । त्यसैगरी जोखिममा परेका कुनै एक व्यक्तिका पक्षमा होस् वा मानवअधिकारको अवस्था सङ्कटमा परेका देशहरूका विषयमा सञ्चालित अन्तर्राष्ट्रिय ऐक्यबद्धता अभियानहरूमा एम्नेस्टी नेपालले विभिन्न गतिविधिहरूमार्फत आफूलाई सक्रिय बनाउने कामलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दियो ।

अध्यक्षज्यू तथा सम्मानित साधारणसभाका सभासदज्यूहरू,

अब म २०७४ भाद्र २४ र २५ गते (९ र १० सेप्टेम्वर २०१७) मा बसेको नेसनल बोर्डको बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०७३/७४ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु । यस प्रतिवेदनमा संस्थाका तर्फबाट २०७३ साउन १ देखि २०७४ असार मसान्त **(१६ जुलाई २०१६ देखि १५ जुलाई २०१७)**सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ ।

# खण्ड १

# मानवअधिकार अभियानसम्बन्धी गतिविधि

# १. मातृस्वास्थ्य र यौन तथा प्रजनन अधिकारसम्बन्धी अभियान

## १. पृष्ठभूमि

कुनै पनि नागरिकले आफ्नो शरीर, स्वास्थ्य, यौनिकता र प्रजनन स्वास्थ्य र जीवनका बारेमा बिना कुनै त्रास, करकाप र भेदभाव आफैंले निर्णय लिन पाउनु उसको मानवअधिकार हो । तर विश्वभर कयौं नागरिकहरूले ती विषयमा आफैंले निर्णय लिन पाइरहेका छैनन् । यसमा पनि विशेष गरेर महिला तथा किशोरीहरूले विवाह गर्ने वा नगर्ने, गर्ने हो भने कहिले र कोसँग गर्ने, बच्चा जन्माउने वा नजन्माउने, जन्माउने हो भने कहिले र कतिवटा जन्माउने, परिवार नियोजनका साधन प्रयोग गर्ने वा नगर्ने, प्रयोग गर्ने हो भने कुन चाहि प्रयोग गर्ने जस्ता विषयमा आफैंले निर्णय लिन पाइरहेका छैनन् । अर्थात आफ्नो शरीरमाथि आफूले निर्णय लिन पाइरहेका छैनन् । आफ्नो शरीरमाथि समेत त आफ्नो अधिकार नरहेको यस्तो अवस्थामा अन्य अधिकारहरू उपभोगको अपेक्षा गर्नु व्यर्थ प्रायः छ ।

विश्वमा दस करोड भन्दा बढी महिला र युवाहरूले स्वास्थ्यसम्बन्धी सूचना, यौन शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्य सेवामा पहुँचको अभावका कारणले आफ्नो शरीर र जीवन माथिको नियन्त्रण र यौन तथा प्रजनन् स्वास्थ्य सेवा र अधिकारको प्रयोग गर्न सकेका छैनन् । जसले गर्दा प्रत्येक वर्ष चौध करोड भन्दा बढी किशोरीहरू (१५ - १९ वर्षका) बच्चा जन्माउन बाध्य छन् । यसमध्ये ९५ प्रतिशत विकासशील देशमा पर्दछन् । पाँच करोड भन्दा बढी अविवाहित महिला र किशोरकिशोरी (१५ देखि २४ उमेरका) यौनिक रूपमा सक्रिय (sexually active) रहेपनि गर्भनिरोधक साधनमा उनीहरूको पहुँच रहेको छैन । विशेष गरी विकासशील राष्ट्रका २० देखि ४० लाख किशोरीहरू असुरक्षित रूपमा गर्भपतन गर्न बाध्य छन् । असुरक्षित रूपमा गर्भपतन गर्न बाध्य भएका मध्ये झण्डै ५० प्रतिशत मृत्युको शिकार हुने गर्दछन् । विश्वमा लगभग पन्ध्र करोड १८ बर्ष मुनिका किशोरीहरूले कुनै न कुनै रूपबाट यौनिक हिंसा भोगेको पाइन्छ । अधिकांश महिलाहरू जसको आफ्नो शरीर र यौनिकतामाथि पूर्ण रूपमा नियन्त्रण छैन, त्यस्ता महिलाहरूले समाजिक परम्परा र कुरीतिले आफूलाई बाँधेको र लैङ्गिक हिंसाको शिकार भएको अनुभव व्यक्त गरेका छन् ।

## २. "मेरो शरीर मेरो अधिकार" (My Body My Rights) अभियान

एम्नेस्टी इन्टरनेसनलले सन् २०१४ देखि २०१६ सम्मका लागि एउटा नयाँ विश्वव्यापी अभियान (Global Campaign) को प्रारम्भ चलाएको थियो । **"मेरो शरीर मेरो अधिकार" (My Body My Rights)** नाम दिइएको सो अभियान **६ मार्च २०१४ (२०७० फागुन २२)** देखि विश्वव्यापी रूपमा प्रारम्भ (globally launched) भएको थियो ।

अभियानको मुख्य प्राथमिकता कुनै पनि नागरिकको शरीर, स्वास्थ्य, यौनिकता र प्रजनन जीवनसँग सम्बन्धित यौन तथा प्रजनन अधिकार संरक्षण गर्ने रहेको छ । यौन तथा प्रजनन अधिकारलाई केन्द्रविन्दुमा राख्दै खासगरी आफ्नो शरीरमाथि आफूले नियन्त्रण कायम गर्न नपाइएका अवस्थाहरूतर्फ एम्नेस्टी इन्टरनेसनलले जोड दिएको छ । आफ्नो शरीरमाथि आफूले नियन्त्रण कायम राख्न पाउनु मानवअधिकार भएका कारण यो अभियानको नाम नै "मेरो शरीर मेरो अधिकार" (My Body My Rights) निर्धारण गरिएको थियो ।

यौन तथा प्रजनन अधिकार मानवअधिकारको एक प्रमुख विषय हो भनी अन्तर्राष्ट्रिय कानुन, क्षेत्रीय संयन्त्रहरू, विभिन्न राष्ट्रका संविधान र मानवअधिकारसम्बन्धी विभिन्न मापदण्डहरूमा उल्लेख गरिएका छन् । नेपालको सन्दर्भमा कुरा गर्दा संविधानमा नै "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ" भन्ने उल्लेख गरी यौन तथा प्रजनन अधिकारको सुनिश्चितता गरिएको छ । तर यथार्थमा भने चाहे नेपाल जस्तो देशमा होस् वा अमेरिका युरोप जस्ता विकसीत क्षेत्रका देशहरूमा, यौन तथा प्रजनन अधिकार सुनिश्चित भएको पाईंदैन । तसर्थ त्यस्ता अधिकारहरू संरक्षित गर्न आफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने अभिप्रायले एम्नेस्टी इन्टरनेसलले यो अभियान थालनी गरेको थियो ।

- **अभियानको प्राथमिकता**

अभियानमार्फत एम्नेस्टी इन्टरनेसनलले विश्वका सरकारहरू र संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तर्राष्ट्रिय निकायहरूसँग सबै नागरिकहरूको यौन तथा प्रजनन अधिकार संरक्षण गर्न आह्वान गरेको छ । साथै जनसङ्ख्या र विकाससम्बन्धी नीति तथा कार्यक्रमहरूको केन्द्र विन्दुमा लैङ्गिक समानतालाई जोड दिई कानुन, नीति र व्यवहारमा लैङ्गिक भेदभावलाई सम्बोधन गर्न आवश्यक उपायहरू अवलम्बन गर्न सुझाव दिएको छ । त्यसमा पनि खासगरी यौवन अवस्थाका महिला र किशोरीहरूको मातृस्वास्थ्य एवं यौन र प्रजनन अधिकार संरक्षण गर्न उनीहरूले आफ्नो शरीरमाथि आफैले निर्णय लिन पाउने कुरा सुनिश्चित गर्न आह्वान गरेको छ ।

यो अभियान विश्वव्यापी रूपमै सबै लिङ्गिय युवाहरूको माझ पुर्‍याई उनीहरूलाई यौन र प्रजनन अधिकारका बारेमा सुसूचित गरिँदै आएको छ । साथै आफ्ना यौन र प्रजनन अधिकारको सम्मान, संरक्षण र कार्यान्वयन गरियोस् भनी आवाज उठाउन उनीहरूलाई प्रोत्साहित गरिएको छ ।

- **अभियानका लागि प्राथमिकतामा परेका देशहरू र विषय**

अभियानअन्तर्गत विश्वका विभिन्न पाँचवटा देशमा विद्यमान मातृस्वास्थ्य र यौन तथा प्रजनन अधिकारका विषयलाई प्रमुख प्राथमिकतामा राखी अभियान सञ्चालन गरिने योजना गरिएको थियो, जसमध्ये नेपाल पनि एक रहेको थियो । ती पाँचवटा देश र प्राथमिकताका विषयहरू यसप्रकार रहेका छन् :

१. **आयरल्याण्ड** : यौनजन्य हिंसाका कारण हुने गर्भधारणका घटनामा पनि गर्भपतनमा लगाइएको प्रतिबन्ध
२. **बुर्किनाफासो** : सूचना र परिवार नियोजनका साधनको पहुँचमा रहेका व्यवधानहरू
३. **एल साल्भाडोर** : गर्भपतनमा लगाइएको पूर्ण प्रतिवन्ध तथा महिलाविरुद्धका हिंसाका उच्च घटनाक्रम
४. **माघ्रेव** : बलात्कारसम्बन्धी विभेदकारी कानुन
५. **नेपाल** : लैङ्गिक विभेद र पाठेघर खस्ने समस्या

## ३. अभियानअन्तर्गत नेपालको प्राथमिकता – पाठेघर खस्ने समस्या र लैङ्गिक विभेद

- **पृष्ठभूमि**

नेपालका महिला तथा किशोरीहरूले उनीहरू महिला भएकै कारण व्यापक र व्यवस्थित तवरले विभेद सहनु परिरहेको छ । विभेदकै परिाम स्वरूप उनीहरूले आफ्नै शरीर र जीवनमाथि आफूले नियन्त्रण गर्न पाएका छैनन् । यसले गर्दा उच्च दरमा पाठेघर खस्ने लगायत उनीहरूको स्वास्थ्यमा गम्भीर असरहरू पर्ने गरेको छ ।

नेपालमा छ लाख भन्दा बढी महिलाहरू पाठेघर (आङ्ग) खस्ने समस्याबाट ग्रसित छन् । यस्तो दु:खदायी र दर्दनाक अवस्थाका कारण प्रत्येक दिन महिलाहरूले अनावश्यक बोझ र समस्या भोग्नु परिरहेको छ । लैङ्गिक विभेद नै नेपाली महिला र युवतीहरूमा बढ्दो पाठेघर खस्ने समस्याको विद्यमान कारण र परिणाम दुवै हुन् ।

अरु देशको तुलनामा नेपालमा कम उमेरका महिलाहरूमा यस्तो समस्या देखा पर्ने गरेको छ । यसरी कम उमेरमै यो समस्या हुनुको प्रमुख कारण उनीहरूमाथि निरन्तर तवरले हुने लैङ्गिक विभेद नै हो । पाठेघर खस्ने समस्याको प्रमुख कारकको रूपमा रहेको लैङ्गिक विभेद मानव अधिकारको सवाल हो ।

- **नेपाल सरकारको दायित्व**

नेपालले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि; महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरू अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय

महासन्धि; सबै प्रकारका जातीय विभेदको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; र बालअधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेको  छ । यी संयन्त्रहरूले निम्न लिखित लगायतका कयौँ अधिकारहरू संरक्षित गर्दछ :

- ✓ सबै प्रकारका विभेद र हिंसाबाट मुक्त भई बाँच्न पाउने अधिकार
- ✓ आफ्नो यौनिकता उपर आफूले नियन्त्रण कायम राख्न पाउने र प्रजनन्का बारेमा बिना कुनै करकाप एवं यथेष्ट जानकारी हासिल गरेर विकल्पहरूको छनोट गर्ने अधिकार
- ✓ आफूमा देखिएको कुनै समस्याको रोकथाम र उपचारका लागि आवश्यक स्वास्थ्यसम्बन्धी जानकारी र सेवाहरूमा पहुँचको अधिकार ।

**"प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ"**
**– धारा ३८ (२), नेपालको संविधान २०७२**

त्यसैगरी नेपालको संविधान २०७२ (धारा ३८-२) ले "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ" भन्ने उल्लेख गरी यौन तथा प्रजनन अधिकारको सुनिश्चितता गरेको छ भने अन्तरिम संविधान २०६३ ले पनि सोही अनुसारको व्यवस्था गरेको थियो । त्यस्तै सर्वोच्च अदालतबाट वि.सं. २०६५ सालमा भएको एक आदेशमा महिला विरुद्ध हुने विभेदकै कारणबाट पाठेघर खस्ने समस्या उत्पन्न हुने कुरा उल्लेख गर्दै यस समस्यालाई मानवअधिकारको दृष्टिकोणबाट सम्बोधन गरिनु पर्ने कुरा उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अनुसार महिला र युवतीहरूले सम्भव भएसम्मको उच्चतम स्तरको स्वास्थ्य मापदण्ड हासिल गर्न पाउने उनीहरूको अधिकारको सम्मान गर्नु, ती अधिकारहरू संरक्षित गर्नु र परिपूर्ण गर्नु नेपाल सरकारको दायित्व हो । त्यस्तै लैङ्गिक विभेदको अन्त्य गर्नु पनि सरकारको दायित्व हो । यस्ता दायित्वभित्र पाठेघर खस्ने समस्याको रोकथामका लागि विस्तृत रणनीति तयार गर्नु पनि पर्दछ, जसले महिला र युवतीहरूलाई पाठेघर खस्ने समस्याको जोखिममा धकेल्ने मूल कारकको रूपमा रहेको लैङ्गिक विभेदको प्रभावकारी तवरले सम्बोधन गर्न सकोस् ।

- **सरकारको प्रयास अपर्याप्त**

प्रभावकारी सरकारी रणनीतिको अभावमा पाठेघर खस्ने समस्याको मूल कारण सम्बोधन हुन सकेको छैन, जसको परिणाम स्वरूप क्रमिक रूपमा मानवअधिकार उल्लङ्घन भएको छ । महिला र युवतीहरूलाई सबै किसिमको भेद्भाव र हिंसाबाट मुक्त भई बाँच्न पाउने अधिकार छ । आफ्नो यौनिकतामाथिको नियन्त्रण, प्रजनन् प्रक्रियामा भाग लिने वा नलिने र आफ्नो स्वास्थ्य समस्यालाई उपचार र रोकथाम गर्न गुणस्तरीय स्वास्थ्य सेवा र सूचनामा पहुँच पाउनु उनीहरूको अधिकार हो । अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्व पूरा गर्न नेपाल सरकारले पाठेघर खस्ने समस्याका विभिन्न कारणहरूको अन्त्य गर्न त्यसको कारकको रूपमा रहेको लैङ्गिक विभेदलाई सम्बोधन गर्नु आवश्यक  छ ।




सुरक्षित मातृत्व कार्यक्रम र घुम्ति शिविरहरू मार्फत् पाठेघर खस्ने समस्याको उपचार र यसका केही कारणहरूलाई नेपाल सरकारले सम्बोधन गरिनु स्वागतयोग्य कदम हो । यद्यपि, सुरक्षित मातृत्व कार्यक्रम यो समस्या रोकथाम गर्न पर्याप्त रहेको देखिएन । यो समस्या समाधानका लागि हालको सरकारी प्रयास शल्यक्रिया गर्नमा मात्रै बढी केन्द्रित भएको छ । तर समस्याकै रोकथाममा भने खासै ध्यान दिएको देखिँदैन ।

नेपालको नागरिक समाजको निरन्तरको अभियानका कारण पाठेघर खस्ने समस्यासम्बन्धी विषयमा वि.सं. २०६५ मा सर्वोच्च अदालतबाट आदेश गराउने सम्मको परिणाम हाँसिल गर्‍यो । अदालतले यस समस्याको सम्बोधन गर्न सरकारले के कस्ता काम कारबाही गरेको छ भनी नियालेर हेरेको थियो र खासै "उल्लेखनीय परिणाम" केही नभएको एवं प्रजनन स्वास्थ्यको अधिकार उल्लंघन भएको ठहर गरेको थियो । यस समस्याको रोकथामका लागि सहकार्य नगरेको भनी अदालतले सरकारी मन्त्रालयहरूको आलोचना गर्‍यो । पाठेघर खस्ने समस्या भोगिरहेका महिलाहरूका लागि "निशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा र सुविधाहरू उपलब्ध गराउन" अदालतले महिला,

बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई आदेश दिएको थियो । अदालतले त्यस्तो समस्याका बारेमा "सार्वजनिक रूपमा जनचेतना" अभिवृद्धि गर्न "प्रभावकारी कार्यक्रम प्रारम्भ गर्न" पनि ती मन्त्रालयहरूलाई आदेश दिएको थियो ।

यद्यपि जनचेतना अभिवृद्धि र पाठेघर खस्ने समस्या हुनबाट महिलाहरूलाई संरक्षण प्रदान गर्न सरकारले ज्यादै थोरै मात्र कार्य गरेको एम्नेस्टी इन्टरनेसनलले पाएको छ । हालको मितिसम्म सरकारले यस समस्याको सम्बोधनका लागि गरेको कामको खास जोड उपचार गर्ने तर्फ नै केन्द्रीत रहेको छ र त्यसमा पनि विशेषतः पाठेघरको शल्यक्रिया गर्ने तर्फ नै जोड दिइएको देखिन्छ ।

ती महिलाहरू जो पाठेघर खस्ने समस्याको सबैभन्दा जटिल चरणबाट गुज्रिरहेका छन्, उनीहरूका लागि शल्यक्रिया सेवा उपलब्ध गराउनु आवश्यक भएतापनि मानवअधिकारप्रतिको दायित्व पूरा गर्नका लागि सरकारले यो समस्याको रोकथामका उपायहरू पनि अवलम्बन गर्नै पर्छ । सरकारले मातृस्वास्थ्यका सम्बन्धमा केही नीतिहरू तर्जुमा पनि गरेको छ । तर त्यस्ता नीतिले पाठेघर खस्ने सबै जोखिमको कारणहरू उल्लेख गरेको छैन । साथै पाठेघर खस्ने समस्याको खास कारणको रूपमा रहेको महिला विरुद्ध हुने विभेद अन्त्यको लागि थोरै मात्र कार्य गरिएको छ ।

विभिन्न मन्त्रालयहरूले पाठेघर खस्ने समस्याको रोकथाम र उपचारका लागि सहकार्य गर्ने योजना सहित विसं २०६४ (सन् २००८) मा सरकारले एउटा रणनीतिक योजनाको मस्यौदा तयार गऱ्यो जसलाई हालसम्म पनि कार्यान्वयन गरिएको छैन । त्यस्तै एम्नेस्टी इन्टरनेसनलसँगको भेटघाटमा सम्बन्धित मन्त्रालयहरूले महिलाविरुद्ध हुने विभेदको सम्बोधनको जिम्मेवारी आफ्नो नभएर अर्को मन्त्रालयको हो भनी बताएर एकले अर्कोमाथि जिम्मेवारी औंल्याउँदै समग्र जिम्मेवारीबाट पन्छने अभिव्यक्ति दिए ।

- **एम्नेस्टी इन्टरनेसनलको नेपाल केन्द्रीत विश्वव्यापी अभियान**

एम्नेस्टी इन्टरनेसनलले २०७० र २०७१ मा करिव डेढ वर्ष भन्दा बढी समय लगाएर नेपालमा पाठेघर खस्ने समस्या र लैङ्गिक विभेदको अन्तरसम्बन्धका बारेमा अनुसन्धान गरेको थियो । उक्त अनुसन्धानले पाठेघर खस्ने समस्या स्वास्थ्यको विषय मात्र नभएर महिला र किशोरीहरूउपर हुने लैङ्गिक विभेदबाट उक्त समस्या उत्पन्न हुने हुँदा यो स्पष्टतः मानवअधिकारको विषय हो भनी पुष्टी गरेको छ ।

प्रतिवेदन सार्वजनिक गरेकै दिनदेखि यस संस्थाले पाठेघर खस्ने समस्या रोकथामका लागि आवश्यक र प्रभावकारी कदम चाल्न नेपाल सरकारलाई आह्वान गर्दै एक अभियान प्रारम्भ गरेको थियो । अभियानका क्रममा

- ✓ नेपालमा पाठेघर खस्ने समस्या एउटा मानवअधिकारको मुद्दा हो भन्ने कुरा सरकारको तर्फबाट सार्वजनिक रूपमा स्वीकार गरियोस् र
- ✓ पाठेघर खस्ने समस्याका कारण तथा यसको कारकको रूपमा रहेका लैङ्गिक विभेदलाई सम्बोधन गर्न नीति र कार्यक्रमहरू तर्जुमा गर्न, त्यसका लागि आवश्यक वजेट विनियोजन गर्न र तर्जुमा गरिएको योजना प्रभावकारी तवरले कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला मन्त्रालयहरूबाट सहयोग गरिने सुनिश्चितता गरियोस्

भन्दै नेपाल सरकारलाई आह्वान गर्न विभिन्न गतिविधिहरू गरिएका थिए ।

## ४. अभियान अन्तर्गत एम्नेस्टी नेपालका गतिविधिहरू

नेपालमा महिलाहरूको पाठेघर खस्ने समस्या र त्यस समस्याको कारकको रूपमा रहेको महिलाविरुद्धको विभेदको अन्तरसम्बन्धका विषयमा एम्नेस्टी इन्टरनेसनलले सन् २०१२ देखि गरेको अनुसन्धानको प्रतिवेदन सार्वजनिक भए लगत्तै पाठेघर खस्ने समस्या र लैङ्गिग विभेदको विषयमा ध्यानाकर्षणका लागि विश्वव्यापी अभियान प्रारम्भ गरिने कुरा तय भएको थियो । नेपाल सम्बन्धी सो काम एम्नेस्टी इन्टरनेसनलको नयाँ विश्वव्यापी अभियान (Global Campaign) "मेरो शरीर मेरो अधिकार" (My Body My Rights) को प्राथमिकतामा परेको थियो । तसर्थ

एम्नेस्टीनेपालले पनि यस विषयलाई आफ्नो कार्ययोजनाको प्राथमिकतामा राखी सो विषयलाई स्थानीस्तरसम्म अभियान मार्फत् उठान गर्ने योजना गरेको थियो ।

विश्वव्यापी अभियानअन्तर्गतको प्राथमिकतामा परेका विश्वभरका पाँचवटा देशहरूमध्ये नेपाल एक रहेको कारण एम्नेस्टी नेपालका धेरैजसो कामहरू नेपाल केन्द्रीत विषयकै सन्दर्भमा लक्षित थिए । वर्ष २०७३/७४ मा यस अभियान अन्तर्गत गरिएका प्रमुख गतिविधिहरू निम्न बमोजिम रहेका छन् :

## १. स्थानीयस्तरमा भएका गतिविधिहरू

महिलाहरूको यौन तथा प्रजनन अधिकार संरक्षणार्थ एम्नेस्टी इन्टरनेसनलको "मेरो शरीर मेरो अधिकार" अभियानलाई सशक्तिकृत र प्रभावकारी बनाउन एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कहरूसँगको सहकार्यमा स्थानीयस्तरमा विभिन्न कार्यक्रमहरू सम्पन्न भए ।

स्थानीय समूहहरूको व्यवस्थापनमा भएका ती कार्यक्रमहरूमाा एम्नेस्टी नेपालको केन्द्रीय कार्यालयबाट विभिन्न सहयोगहरू भएका थिए । ती कार्यक्रमका केही झलकहरू तल उल्लेख गरिएका छ ।

| | |
|---|---|
|  |  |
| काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, काभ्रेद्वारा आयोजित वक्तीत्वकला प्रतियोगिता | काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, काभ्रेद्वारा ढंखर्क, काभ्रेस्थित श्री कृष्णगोपाल माध्यमिक विद्यालय र आत्माविकास माध्यमिक विद्यालयमा अध्यनरत् कक्षा ९ र १० का विद्यार्थीहरुलाई जुन २५ यौन तथा प्रजनन् स्वास्थ अधिकारबारे प्रशिक्षित गराउदै । |

# २. आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी अभियान

कामका खातिर विदेश जाने नेपालीहरूले गन्तव्यतर्फ जानु अघि, जाने क्रममा र गएपछि विभिन्न प्रकारका मानवअधिकार ज्यादतीको सामना गर्नु परेको कटु यथार्थलाई मध्यनजर राख्दै एम्नेस्टी नेपालका तर्फबाट नेपाली आप्रवासी श्रमिकहरूको अधिकार केन्द्रीत अभियान गर्ने योजना गरियो । सन् २०१० र २०११ मा नेपालमा गरिएको अनुसन्धानबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरू उपर भैरहेको ज्यादती रोक्न एउटा दरिलो अभियानको आवश्यकता रहेको महसूस गर्दै एम्नेस्टी ले त्यस्तो योजना गरेको हो । त्यसका अलावा अन्तर्राष्ट्रिय सचिवालयले पनि नेपाली आप्रवासी श्रमिकहरूको अधिकार सम्बन्धी कामलाई एसिया प्यासिफिक क्षेत्रकै प्राथमिकताको कार्यसूचीमा राखेको छ । नेपाली आप्रवासी श्रमिकहरूको अधिकारको अवस्था सम्बन्धमा गरिएको अनुसन्धानको प्रतिवेदन '**झूठा वाचाहरूः नेपाली आप्रवासी श्रमिकहरूको शोषण र जबर्जस्ती श्रम**' (False Promises: Exploitation and Forced Labour of Nepali Migrant workers) डिसेम्बर २०११ मा सार्वजनिक गरे लगत्तै यो अभियान प्रारम्भ भएको थियो जसलाई गत वर्ष पनि निरन्तरता दिइयो ।

सन् २०१६ मो नेपाली आप्रवासी श्रमिकहरूको अधिकारको अवस्थाका बारेमा एम्नेस्टीले एउटा अर्को अनुसन्धान प्रारम्भ गरेको थियो । करिब डेढ बर्ष समय अवधि लगाएर गरिएको यस अनुसन्धान पछि ***"मानिसलाई मुनाफामा परिणत गरिँदैः नेपाली श्रमिकहरूको ज्यादतीयुक्त भर्ना, बेचविखन र जबर्जस्ती श्रम"*** शीर्षकको प्रतिवेदन यही जेठ २३, २०७४ (जुन ६, २०१७) मा काठमाडौंमा एक कार्यक्रम माझ सार्वजनिक गरिएको थियो । उक्त प्रतिवेदनले नेपाली आप्रवासी श्रमिहरूले वैदेशिक रोजगारीमा जानुपूर्व नेपालमा ठगिनुपरिरहेको अवस्था, रोजगारीमा गएपश्चात रोजगारदाता देशमा भोग्नु परिरहेको मानवअधिकार दुर्व्यवहार तथा शोषण र वैदेशिक रोजगारबाट नेपाल फर्किसकेपछिको ऋणको बोझ लगायतका बारेमा विभिन्न घटना अध्ययनहरूसमेतलाई दर्शाउँदै नेपाल सरकारले आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणमा पर्याप्त प्रयासहरू गर्न नसकेको औंल्याउँदै विविध सिफारिसहरू प्रदान गरेको छ ।

## १. अनुसन्धान

### १.१ नेपाल अनुसन्धान

एम्नेस्टी इन्टरनेसनलले नेपाली आप्रवासी श्रमिकहरूको अधिकार सम्बन्धमा आव २०७२/७३ मा अनुसन्धानको काम थालनी गरेको थियो । वर्ष २०७२/७३ मा यस विषयको अनुसन्धानको काम मूलतः दुई चरणमा गरिएको थियो जसमध्ये पहिलो चरणमा Scoping को काम भयो भने दोस्रो चरणमा विस्तृत अनुसन्धानको काम प्रारम्भ गरिएको थियो जसलाई २०७३/७४ मा निरन्तरता दिईयो । उक्त अध्यनमा एम्नेस्टी नेपालबाट तत्कालिन निर्देशक श्री रामेश्वर नेपाल, तत्कालिन निमित्त अभियान अधिकृत श्री श्रद्धा थापा र अभियान अधिकृत श्री अस्मिता सापकोटाको संलग्नता रहेको थियो ।

यसै क्रममा मिति २०७४ वैशाख २४ देखि २२ (२७ अप्रिल देखि ५ मे २०१७) सम्म अन्तर्राष्ट्रिय सचिवालयकी एन्जेला शेरवुड र गल्फ रिसर्चर श्री आकाश जयप्रकाशले प्रतिवेदन सार्वजनिक गर्नुअघिको अन्तिम तयारी स्वरूप नेपाल भ्रमण गर्नुभएको थियो । यस क्रममा वहाँहरूसहितको एम्नेस्टी नेपालको टोलीले विभिन्न सरोकारवाला संघ संस्थाहरूसँग भेटघाट गरी प्रतिवेदन सार्वजनिक गर्न लागेको जानकारी गराउँदै केही तथ्यगत विषयहरूमा जानकारी हाँसिल गर्ने कार्य भएको थियो ।

यस अनुसन्धानका क्रममा मोवाईल सर्भेक्षण विधिको प्रयोग गरिएको थियो । GoodWorldSolutions.org को प्राविधिक साझेदारीमा गरिएको यस विधिअन्तर्गत मोवाईलमा निर्देशित नम्बरमा मिसकल दिएपछि एउटा फोन नम्बरबाट फोनकल आउँदछ । उक्त कलमा बैदेशिक रोजगारीमा गएका वा जाने सोच बनाएका व्यक्तिहरूलाई १७ वटा जति सम्बन्धित प्रश्नहरू सोधिन्छ जसको जवाफ मोवाइल फोनको किप्याड मार्फत दिन सकिन्छ । यो सर्वेक्षण नेपाली, मैथली र पश्चिम थारु भाषामा गरिएको थियो ।

यस सर्भेका लागि मिति २०७३ असोज १ (२९ सेप्टेम्बर २०१६) मा नेपालस्थित नेपाली आप्रवासी कामदारहरूको अधिकारको लागि कार्यरत संघ संस्थाहरूलाई तालिम प्रदान गरिएको थियो । उक्त तालिममा एम्नेस्टी नेपालका

तर्फबाट तत्कालीन निमित्त अभियान अधिकृत श्री श्रद्धा थापा र GoodWorldSolutions.org बाट श्री शर्मिन बेगमले सहजीकरण गर्नु भएको थियो ।

सर्भेक्षणका लागि सरोकारवाला संस्थाहरू बाहेक एम्नेस्टी नेपालकी तत्कालीन निमित्त अभियान अधिकृत श्री श्रद्धा थापाले मिति २०७३ असोज १६ देखि २१ (२ देखि ७ अक्टोबर २०१६) सम्म झापा, सप्तरी र धनुषा जिल्लाको जिल्ला प्रशासन कार्यालय, सुरक्षित वैदेशिक रोजगारी सुचना केन्द्र र सार्वजनिक स्थलहरूमा गई सर्भेक्षण लिनु भएको थियो ।

प्रतिवेदनका लागि श्रव्यदृष्य तयार पार्ने सन्दर्भमा आप्रवासी कामदारहरूको अनुसन्धानसँग सम्बन्धित भिडियो सुटिङ्का लागि अन्तर्राष्ट्रिय सचिवालयकी फिलिपा पारमार र एम्नेस्टी नेपालकी अफिस म्यानेजर श्रदा थापाले २०७४ वैशाख ४ र ५ गते विभिन्न अन्तर्वार्ता र भिडियोहरू लिनुभएको थियो ।

### १.२ मलेशिया अनुसन्धान

एम्नेस्टी इन्टरनेसनलको अन्तराष्ट्रिय सचिवालयले प्रतिवेदन सार्वजनिक सँगसँगै मलेशियामा पनि आप्रवासी श्रमिकहरूको अवस्थाका बारेमा यही जुलाई २०१७ देखि एउटा अध्ययन प्रारम्भ गरेको छ । उक्त अध्ययनपूर्व मलेशियास्थित विभिन्न संस्थाहरू तथा नेपाली श्रमिकहरूसँगको भेटघाटमा एम्नेस्टी नेपालकी अभियान अधिकृत अस्मिता सापकोटाको पनि सहभागिता रहेको थियो । २०७४ वैशाख २३ देखि २७ (६ देखि १० मे २०१७) सम्म एन्जेला शेरवुड र एम्नेस्टी नेपालकी अभियान अधिकृत अस्मिता सापकोटा मलेशियामा रही त्यहाँका नेपाली श्रमिकहरूमाझ मोबाईल सभेक्षण गरिएको थिए । मलेशियामा गरिएको मोबाईल फोन सर्भेक्षण लिनका लागि यस क्षेत्रमा कार्यरत स्थानीय संघसंस्थाहरूले पनि सहयोग गरेको थिए ।

### १.३ फिसिङ्ग अट्याक (Phising Attack)बारे अनुसन्धान

कतारस्थित नेपालीहरू, ट्रेड युनियन अभियन्ताहरू र एम्नेस्टीका कर्मचारीहरूलाई  केही समयदेखि जाली र उक्साउने प्रकारका इमेलहरू आईरहेको सन्दर्भमा यी फिसिङ्ग अटेकका बारेमा अनुसन्धानमा गरिएको थियो । उक्त अनुसन्धाने अन्तराष्ट्रिय सचिवलायका शरणार्थी र आप्रवासी टिमले गरेको र यस कार्यमा एम्नेस्टी नेपालका अभियान अधिकृत श्री अस्मिता सापकोटा पनि संलग्न रहनुभएको थियो । एम्नेस्टी नेपालले यी अटेकमा परेका सम्बन्धित नेपालीहरूसँग सम्पर्क गर्ने काम गरेको थियो । अनुसन्धानको प्रतिवेदन मिति २०७४ फाल्गुन ३ (१४ फेब्रुअरी २०१७) मा सार्वजनिक गरिएको थियो ।

सो प्रतिवेदन https://medium.com/amnesty-insights/operation-kingphish-uncovering-a-campaign-of-cyber-attacks-against-civil-society-in-qatar-and-aa40c9e08852#.jzgilagsf मा हेर्न सकिन्छ ।

## २. प्रतिवेदन *"मानिसलाई मुनाफामा परिणत गरिँदै"* सार्वजनिकरण

एम्नेस्टी नेपाल र एम्नेस्टी अन्तर्राष्ट्रिय सचिवालयको संयोजनमा सन् २०१६ देखी अनुसन्धान गरिएको आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी अध्ययन प्रतिवेदनलाई यही जुन ६ अर्थात जेठ २३ मा सार्वजनिक गरिएको थियो । ***"मानिसलाई मुनाफामा परिणत गरिँदै"*** शीर्षकको उक्त प्रतिवेदनले नेपाली आप्रवासी श्रमिहरूले वैदेशिक रोजगारीमा जानुपूर्व नेपालमा ठगिनुपरिरहेको अवस्था, रोजगारीमा गएपश्चात रोजगारदाता देशहरूमा भोग्नुपरिरहेको मानवअधिकार दुर्व्यवहार तथा शोषण र वैदेशिक रोजगारबाट नेपाल फर्किसकेपछिको ऋणको बोझ लगायतका बारेमा विभिन्न घटना अध्ययनहरूसमेतलाई दर्शाउँदै नेपाल सरकारले आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणमा पर्याप्त प्रयासहरू गर्न नसकेको औंल्याउँदै विविध सिफारिसहरू प्रदान गरेको छ ।

प्रतिवेदनलाई एआइ नेपालका अध्यक्ष श्री राजनप्रसाद कुइँकेल र वैदेशिक रोजगारीबाट नेपाल फर्कनुभएको एक जना आप्रवासी श्रमिक रामसुन्दर यादवले संयुक्त रूपमा सार्वजनिक गर्नुभएको थियो । प्रतिवेदनको मुख्य निष्कर्ष र सिफारिसहरूसम्बन्धी प्रस्तुती लिड रिसर्चर एन्जेला शेरउडले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा संचारक्षेत्र, सरोकारवाला सरकारी र गैरसरकारी निकायहरू, अन्य संघ, संस्था, नेपालस्थित विभिन्न कुटनीटिक नियोगहरू, आप्रवासी श्रमिकहरू गरी १०० जना भन्दा बढीको सहभागीता रहेको थियो भने उक्त प्रतिवेदनका बारेमा उल्लेखीय मिडिया कभरेजहरू भएका थिए ।




- https://www.reuters.com/article/us-nepal-migrants-rights-idUSKBN18X1HV
- http://kantipur.ekantipur.com/printedition/news/2017-06-07/20170607080657.html
- http://www.bbc.com/nepali/news-40179441?ocid=socialflow_facebook
- http://kathmandupost.ekantipur.com/printedition/news/2017-06-07/nepal-failing-to-protect-migrant-workers-amnesty-international.html
- http://www.onlinekhabar.com/2017/06/594832/
- http://imagekhabar.com/news/latest/foreign-employment/22053#undefined.gbpl.uxfs.gbpl
- http://timesofindia.indiatimes.com/world/south-asia/nepal-is-failing-to-protect-migrant-workers-amnesty/articleshow/59018660.cms
- http://www.india.com/news/agencies/nepal-failing-to-protect-migrant-workers-amnesty-2207614/
- http://www.business-standard.com/article/pti-stories/nepal-failing-to-protect-migrant-workers-amnesty-117060601198_1.html
- http://kantipur.ekantipur.com/printedition/news/2017-06-07/20170607080657.html



# Nepali workers falling prey to deceptive recruitment agents, shows AI report

Himalayan News Service
Kathmandu, June 24

In addition to extracting high recruitment fees from migrant workers, recruitment agents and agencies use other deceptive and coercive practices that compel migrants to work in situations that abuse their human and labour rights, says Amnesty International.

According to its recent report 'Turning People into Profits: Abusive Recruitment, trafficking and Forced Labour of Nepali Migrant Workers', in 90 per cent of the cases documented by AI, migrant workers had been subject to some form of deception about the terms and conditions of their foreign employment.

False promises about salaries and working conditions were usually coupled with other mechanisms of coercion applied by recruitment agencies that restricted migrant workers' freedom of movement and compelled them to perform labour that they did not originally consent to.

"The principle mechanisms of coercion applied by recruitment agents and agencies were among the activities, including confiscating migrant workers' passports during recruitment processes, refusing to provide migrant workers contracts, or providing these contracts only at the very point of departure, and reporting migrant workers' calls for help to the foreign employers accused of abusing and exploiting them," read the report.

In some cases, migrants subjected to forced labour became trapped in vicious cycles of debt bondage and labour exploitation, meaning that they repeatedly migrated under coerced circumstances in order to pay off debts from the previous migration.

"Furthermore, 20 per cent of returned migrant workers interviewed by AI had left their employers and as a result lost their legal right to remain in the country, thus becoming undocumented whilst attempting to escape forced labour conditions. As a result, these workers also were at risk of immigration detention and subject to exploitation by a marketplace of agents offering safe return home," it said.

The main form of deception workers reported to AI were related to salaries. Of the returned migrants interviewed, 100 of 110 said that the payment they received in the destination country was a lower salary than what had been promised either by verbal or written agreement. This report is based on five research trips undertaken over a 14-month period in Nepal and Malaysia.

The main form of deception workers reported was related to salaries



नेपाली कामदारमाथि चरम शोषण

## ३. श्रम मन्त्रीलाई ज्ञापनपत्र

मिति २०७४ असार ७ (२१ जुन २०१७) का दिन एम्नेस्टी नेपालको एक प्रतिनिधिमण्डलले श्रम मन्त्री फरमुल्ला मन्सुरलाई भेटी नेपाली आप्रवासी श्रमिकहरूले नेपाल र गन्तव्य मुलुकहरूमा झेल्नुपरिरहेको शोषण र ज्यादतीयुक्त भर्ना प्रणाली, ठगी, जबर्जस्ती श्रम, बेचबिखन, यातना, ऋणको बन्धक जस्ता यावत समस्याहरूका बारेमा स्मरण गराई सो समस्याहरू समाधान गर्ने दिशातर्फ कदमहरू चाल्न अनुरोध गर्दै ज्ञापनत्र बुझायो । उक्त भेटमा सन् २०११ देखि एम्नेस्टीले नेपाली आप्रवासी श्रमिहरूको मानवअधिकार प्रवर्धनका सवालमा काम गरिरहेको जनाउँदै एम्नेस्टीले पछिल्लो पटक जुन ६, २०१७ मा सार्वजनिक गरेको अध्ययन प्रतिवेदन ***"मानिसलाई मुनाफामा परिणत गरिँदै"*** र यसभन्दा अघि सार्वजनिक गरिएको प्रतिवेदन ***"झूठा वाचाहरू"*** पनि हस्तान्तरण गर्दै सो प्रतिवेदनमा सिफारिस गरिएका कुराहरू कार्यान्वयन गर्ने दिशामा कदमहरू चाल्न आग्रह गऱ्यो ।

साथै अहिले मिडल इस्टमा कतारमाथि लगाइएको नाकाबन्दीपश्चात देखिएको अवस्थामा त्यहाँ रहेका चार लाख भन्दा बढी श्रमिकहरूमाथि आइपर्न सक्ने सङ्कटका बारेमा पनि सतर्क रही आवश्यक तयारीहका साथ रहन मन्त्रीलाई अनुरोध गरियो । मन्त्री मन्सुरले सुझावहरू ग्रहण गर्दै उपर्युक्त दिशामा आफ्ना प्रयासहरू केन्द्रित रहने जानकारी गराउनु भयो । मन्त्री मन्सुरले कतारमा विकसित पछिल्लो अवस्थाका बारेमा गम्भीर रूपमा आफूले ध्यान दिइरहेको र सोसम्बन्धमा परराष्ट्र मन्त्रालय, कतारी राजदूत, कतारस्थित नेपाली राजदूतावासलगायतसँग संवाद र समन्वय भइरहेको जनाउनु भएको थियो । एआइ नेपालको उक्त प्रतिनिधि मण्डलमा एआइ नेपाल नेसनल बोर्डका अध्यक्ष राजन प्रसाद कुइँकेल, कोषाध्यक्ष विक्रम ढकुक्षु, सदस्यहरू सुरेश शर्मा र बिपिन बुढाथोकी र सचिवालयका निर्देशक निराजन थपलिया, अभियान अधिकृत अस्मिता सापकोटा र प्रेस अधिकृत गौरव गुरुङ्ग संलग्न हुनुहुन्थ्यो ।



## ४. “सेफ माइग्रेसन एम्बासडर २०१६” कार्यक्रम

नेपाली आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका विषयमा एम्नेस्टी नेपालले सन् २०१३ मा प्रारम्भ गरिएको सेफ माईग्रेसन एम्बासडर कार्यक्रमलाई सन् २०१६ मा पनि निरन्तरता दिईएको थियो । “सेफ माइग्रेस एम्बासडर” अभियानलाई यस संस्थामा आबद्ध स्थानीय समूहका प्रतिनिधिहरूमार्फत् सञ्चालन गरिएको थियो । स्थानीय स्तरमा जनचेतना अभिवृद्धि अभियान सञ्चालन गर्न देशभर रहेका एम्नेस्टी नेपालमा आबद्ध समूहहरूमध्ये १२ वटा जिल्लाका १२ वटा समूहबाट एक एक जना प्रतिनिधिलाई “सेफ माइग्रेसन एम्बासडर” (Safe Migration Ambassador) भनी आमन्त्रण गरिएको थियो । “सेफ माइग्रेसन एम्बासडर”हरूलाई आप्रवासी श्रमिकहरूको अधिकार क्षेत्रका विज्ञहरू तथा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट प्रशिक्षित गराइएको थियो र सोपश्चात् वहाँहरूले स्थानीयस्तरमा सुरक्षित आप्रवासन र आप्रवासी श्रमिकहरूको अधिकारका विषयमा जनचेतना र जानकारीमूलक कार्यक्रम आयोजना गर्न थाल्नु भएको थियो ।

यस कार्यक्रमअन्तर्गत मोरङ्ग, सुनसरी, धनुषा, पर्सा, मकवानपुर, नुवाकोट, गोर्खा, प्युठान, दाङ्ग, बाँके, आछाम जिल्लाबाट गरी जम्मा १२ जनाको सहभागीता रहेको थियो । सम्बन्धित सेफ माइग्रेसन एम्बासडरहरूबाट प्राप्त कार्यक्रम प्रतिवेदनको आधारमा कुल २९ वटा सेफ माईग्रेसन क्लिनिक १० वटा जिल्लाहरूमा आयोजना गरिएको थियो र यस दौरान कुल १४,२१७ थान ‘सुरक्षित बैदेशिक रोजगारीका तीन चरण’ हस्तेपुस्तिका वितरण गरिएको थियो र ९,३५१ हस्ताक्षरहरू सङ्कलन गरिएको थियो । गतिविधिहरूको विवरण तपशिलको तालिकामा उपलब्ध गराईएको छ ।

| जिल्ला | कार्यक्रम संख्या | ‘सुरक्षित बैदेशिक रोजगारीका तीन चरण’ हस्तेपुस्तिका वितरण सङ्ख्या | सङ्कलित हस्ताक्षर सङ्ख्या |
|---|---|---|---|
| मोरङ्ग | ५ | ९८४ | ८०३ |
| सुनसरी | ४ | २००० | १५०० |
| धनकुटा | १ | ५०० | ५०० |
| धनुषा | – | – | – |
| पर्सा | १ | ४५० | २८८ |
| मकवानपुर | ३ | १५०० | १५०० |
| नुवाकोट | ६ | ४२५० | १३३० |
| गोरखा | १ | ६०० | ६०० |
| प्युठान | – | – | – |
| दाङ्ग | २ | १००० | ८९० |
| बाँके | २ | २५६१ | १९१२ |

| | | | |
|---|---|---|---|
| अछाम | ४ | १३५६ | ७४० |
| **जम्मा** | **२९** | **१५,२०१** | **१०,०६३** |




सुन्सरी



आछाम



मोरङ्




पर्सा




नुवाकोट

## ५. अन्तर्क्रिया कार्यक्रम

अन्तर्राष्ट्रिय आप्रवासी दिवस ***डिसेम्वर १८*** का सन्दर्भमा एम्नेस्टीको स्थानीय समूहको संयोजकत्वमा सप्तरी र महोत्तरी जिल्लामा अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गरिएको थियो । नेपाली आप्रवासी श्रमिकहरूको अधिकारको लागि कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था, आप्रवासी श्रमिक र तिनका परिवारहरू, मानवअधिकारकर्मी, नागरिक समाज, संचारकर्मीहरूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगार प्रवद्धन बोर्डका निर्देशक श्री बद्रीकुमार कार्कीको प्रमुख अतिथिको रूपमा उपस्थिति रहेको थियो । आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउनका लागि सहभागीहरूले सूचना प्रचारप्रसार स्थानीयस्तरमा, विशेष गरी गाँउटोलमा पुऱ्याउनुपर्ने आवश्यकताहरूलाई औंल्याएका थिए ।






## ६. प्रशिक्षण कार्यशाला

रोजगारीका खातिर विदेश जाने नेपालीहरूको मानवअधिकारको अवस्थाका बारेमा जानकारी गराउन तथा स्थानीय युवाहरू, नागरिक समुदाय, जनमानस र सर्वसाधारहरूमा वैदेशिक रोजगारीका जोखिमहरूको बारेमा सुसूचित गराउन एम्नेस्टी नेपाल आबद्ध समूह र युथ नेटओर्कका अभियन्ताहरूलाई सशक्तिकरण गर्ने तथा विभिन्न अभियानात्मक गतिविधिहरूमा लाग्न उत्प्रेरित गराउने उद्देश्यका साथ विभिन्न प्रशिक्षण कार्यक्रमहरू सम्पन्न भए । "मानिसलाई मुनाफामा परिणत गरिँदै" शीर्षकको पछिल्लो प्रतिवेदन यही जेठ २३ अर्थात ६ जुन २०१७ मा सार्वजनिक भए लगत्तै एम्नेस्टी नेपालले अभियान रणनीति अन्तर्गत एम्नेस्टी नेपालमा आबद्ध स्थानीय समूह, निर्माणधिन समूह तथ युथ नेटवर्कहरूमार्फत जनस्तरमा विभिन्न अभियानका गतिविधिहरू सञ्चालन गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुईवटा क्षेत्रीय प्रशिक्षण कार्यशाला गर्ने योजनाअनुरुप मिति २०७४ असार २५ देखि २६ गते सम्म इटहरी, सुनसरीमा एक प्रशिक्षण कार्यशाला सञ्चालन गरिएको थियो । यस कार्यशालामा पूर्व क्षेत्रका एम्नेस्टी नेपाल आबद्ध समूहहरू, निर्माणधिन समूहहरू तथा युथ नेटवर्कहरूबाट ५१ जनाको (१९ महिला र ३२ पुरुष) सहभागिता रहेको थियो ।

प्रशिक्षणको दौरान सहभागी समूह, निर्माणधिन समूह तथ युथ नेटवर्कहरूले २०१७ भित्र कम्तीमा पनि पाँच सय व्यक्तिहरू माझ पुगी जानकारी प्रदान गर्न र साथै लगत्तै आयोजना हुन गईरहेको "आप्रवासी श्रमिक अधिकार क्याराभान" (Migrant Workers Rights Caravan) का दौरान स्थानीय स्तरमा कार्यक्रम समन्वय, संयोजन र तयारीका गतिविधिहरू गर्नका लागि छलफल गरी सहमति गरिएको थियो ।





## ७. स्थानीयस्तरमा अभियान तथा जानकारीमूलक कार्यक्रम

वैदेशिक रोजगारीमा जाने आप्रवासी नेपालीहरूको अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थानीय स्तरमा विभिन्न अभियान तथा जानकारीमूलक कार्यक्रमहरू आयोजना गरिए । त्यस्ता कार्यक्रमहरू एम्नेस्टी नेपालमा आवद्ध स्थानीय समूह तथा युथ नेटवर्कको व्यवस्थापकीय सहयोगमा गरिएका थिए ।

स्थानीय एम्नेस्टी समूह तथा युथ नेटवर्कको व्यवस्थापनमा भएका ती कार्यक्रमहरूमा एम्नेस्टी नेपालको केन्द्रीय कार्यालयबाट विभिन्न प्राविधिक सहयोगहरू उपलब्ध गराइएको थियो । उक्त कार्यक्रमहरूका केही झलकहरू निम्न बमोजिम रहेको छन् :




दमक र इमोर्टल युथ नेटवर्क, झापाद्वारा संयुक्त रूपमा आयोजित हस्ताक्षर संकलन कार्यक्रम




पकलीहवा युथ नेटवर्क, भैरवाद्वारा आयोजित म्याराथोन



समूह २०, काठमाडौंद्वारा आयोजित हस्ताक्षर सङ्कलन



काठमाडौ युनिभर्षिटी युथ नेटवर्क, काभ्रेद्वारा आयोजित प्रशिक्षण कार्यशाला

कार्यक्रम




समूह ३९ नुवाकोटद्वारा आयोजित हस्ताक्षर सङ्कनल कार्यक्रम

## ८. अभियान सामग्री उत्पादन

एम्नेस्टी नेपालल आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी विभिन्न अभियानहरूका लागि केन्द्रीयस्तर र स्थानीय स्तरका कार्यक्रमहरूमा प्रयोग गर्ने उद्देश्यले विभिन्न अभियान सामग्रीहरू उत्पादन गरियो ।

### ८.१ "सुरक्षित वैदेशिक रोजगारीका तीन चरण" हस्तेपुस्तिका

वैदेशीक रोजगारीमा जाने नेपालीहरूका लागि सहयोगी 'सुरक्षित वैदेशिक रोजगारीका तीन चरण' हस्तेपुस्तिका अद्यावधिक गरी ४०,००० थान छापियो । "सेफ माइग्रेसन एम्बासडर" कार्यक्रम लगायत स्थानीय स्तरमा एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्कहरूले संचालन गर्ने विभिन्न कार्यक्रमहरूका लागि लक्षित यस हस्तेपुस्तिका स्थानीय सदस्यहरूमार्फत विभिन्न जिल्लामा वितरण गरियो ।

## ९. प्रेस विज्ञप्ती

### ९.१. कतारमा रङ्गशाला निर्माणका क्रममा आप्रवासी श्रमिकहरूको व्यवापक शोषण तथा दुर्व्यवहार

सन् २०२२ को विश्वकप फुटवलका लागि कतारमा रंगशाला लगायतका अन्य पूर्वाधारहरूको धमाधन निर्माणका क्रममा आप्रवासी श्रमिकहरूको व्यापक शोषण तथा दुर्व्यवहार भईरहेको छ । १८ मे २०१७ मा सम्पन्न हुन गईरहेको कतारको खलिफा अन्तर्राष्ट्रिय रंगशालाको उद्घाटनको सन्दर्भ सोही दिन एम्नेस्टीले रंगशाला निर्माणका क्रममा भएका शोषण तथा दुव्यवहारको विषयलाई समेटेर प्रेस विज्ञप्ती जारी गरेको थियो । सो प्रेस विज्ञप्ती https://www.amnesty.org/en/latest/news/2017/05/Qatar-World-Cup-stadium-first-match/ मा हेर्न सकिन्छ ।

### ९.२. ब्लग

बैदेशीक रोजगारीका क्रममा जबरजस्ती श्रम र ज्यादतीको भुमरीमा फसेका नेपालीहरूको बेदनाहरूलाई एम्नेस्टीले व्लगको रुपमा तयार पारेका लेख जुन २०१७ मा एम्नेस्टीको वेबसाईटमा सार्वजनिक गरिएको थियो । उक्त भोगाइहरू http://www.amnestynepal.org/campaigns/ai-nepal-activities/need-to-address-perennial-woes-of-nepali-migrant-workers.html मा हेर्न सकिन्छ ।

# ३. सत्य, न्याय र परिपूरणसम्बन्धी अभियान

नेपालमा सत्य, न्याय र परिपूरण (Truth, Justice and Reparations) को सुनिश्चिततताका लागि एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रियस्तरमै अभियान सञ्चालन गरिरहेको छ । एम्नेस्टी नेपालले पनि आफ्नो वार्षिक कार्ययोजनाहरूमा नेपालमा सत्य, न्याय र परिपूरणको सुनिश्चितताका लागि विभिन्न कार्यक्रमहरू समावेश गर्दै अभियानरत रहँदै आएको छ ।

यस अभियानअन्तर्गत खासगरी सत्य निरुपण आयोग एवं बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिनसम्बन्धी आयोगको काममा प्रभावकारिता, द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा संलग्न दोषीहरूलाई कानुनी कारबाहीको सुनिश्चितता, द्वन्द्वपीडितलाई न्याय र परिपूरण ग्यारेन्टी गर्न आग्रह गर्दै विभिन्न गतिविधिहरू गरिए ।

## (क) बेपत्ताविरुद्धको अभियान

नेपालमा विगतमा भएको एक दशक लामो (सन् १९९६ देखि २००६) सशस्त्र द्वन्द्वका क्रममा सरकारी सुरक्षाफौज र तत्कालीन सशस्त्र विपक्षी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बाट व्यापक मात्रामा नागरिक बेपत्ता पारियो र तीमध्ये सयौं जना अझै पनि बेपत्ता नै छन् । यस कालखण्डमा सन् २००३ र २००४ लगातार दुई वर्षसम्म त नेपाल **विश्वमा सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक** बन्न पुग्यो । नेपाल सरकारले सार्वजनिक गरेको एक आँकडामा १,४५० भन्दा बढी नागरिक अझै बेपत्ता रहेको जनाइएको छ ।

द्वन्द्वका दुवै पक्षबाट भएका बेपत्ता लगायत गैरन्यायिक हत्या, यातना, यौनजन्य हिंसा जस्ता घटनाहरू "राजनीतिक" प्रकृतिका नभएर "आपराधिक" प्रकृतिका हुन् । अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानुनमा यस्ता मानवअधिकार उल्लङ्घन र ज्यादतीलाई स्पष्ट रूपमा निषेध गरिएका छन् । यस्ता काममा संलग्न दोषीलाई फौजदारी कानुन बमोजिम सजाय गर्नु पर्दछ र पीडितलाई परिपूरण सहित न्याय सुनिश्चित गर्नु अनिवार्य छ । यदि त्यसो नगरिएमा देशमा दण्डहीनता मौलाउँदछ र अराजकता बढ्दछ । तर नेपालमा भने द्वन्द्वका बखत भएका बेपत्ता लगायत अन्य मानवअधिकार हनन्का पीडित एवं तिनका परिवारहरू अहिले पनि आफन्तहरूको खबर पाउने र न्याय प्राप्तिको आशामा व्यग्रताका साथ प्रतिक्षा गरिरहेका छन् भने अर्कोतर्फ सरकार र राजनीतिक दलहरू न्याय सुनिश्चित गर्ने कार्यमा उदासीन देखिएका छन् । विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान हुँदै अहिले नेपालको संविधान २०७२ जारी भई कार्यान्वयनमा गई मुलुक सङ्घिय संरचनामा गइसक्दा पनि सरकार र राजनीतिक दलहरूले दैनिक रूपमा बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न पहल गर्ने भनी प्रतिबद्धता जनाउने भन्दा यस समस्याले समाधानको खासै कुनै मूर्त रूप लिन सकेको छैन ।

एम्नेस्टी इन्टरनेसनलले बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न, बेपत्ता पार्ने कार्यमा संलग्नहरूलाई कानुनी कारबाहीबाट उन्मुक्ति नदिन, पीडित परिवारहरूलाई परिपूरण उपलब्ध गराउन र बेपत्तासम्बन्धी घटनाको छानबिन गर्न प्रभावकारी आयोग गठनका खातिर अभियान सञ्चालन गर्दै आएको छ । त्यस अभियानअन्तर्गत एम्नेस्टी नेपालले वर्ष २०७३/७४ मा राष्ट्रिय र स्थानीयस्तरमा विभिन्न कार्यक्रमहरू गर्‍यो ।

### १. बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस (International Day of the Victims of Enforced Disappearances) २०१६ का सन्दर्भमा अभियान

बेपत्ताहरूको सम्झनामा हरेक वर्ष ३० अगस्टका दिन *बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस*का रूपमा विश्वभर नै विभिन्न अभियानहरू गरिन्छ । नेपालमा पनि बेपत्तासम्बन्धी समस्याले भयावह रूप धारण गरेको हुँदा यहाँ क्रियाशील मानवअधिकार संघसंस्था, बेपत्ताका आफन्तहरू, द्वन्द्व पीडित र वहाँहरूको परिवारका सदस्यहरूले यस दिवसका सन्दर्भमा विभिन्न अभियानहरू गर्दै आएका छन् ।

यसै सन्दर्भमा सन् २०१६ को *बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय* दिवसको सेरोफेरोमा एम्नेस्टी नेपालले ३० अगस्ट २०१६ (२०७३ भदौ १४) मा देशव्यापी कार्यक्रमहरूको आयोजना गर्‍यो भने विभिन्न संघसंस्था, पीडित एवं वहाँहरूका परिवारसँग एम्नेस्टी नेपालले संयुक्त कार्यक्रमहरू गर्‍यो । उक्त दिवसमा खासगरी नेपालको विगतको दश वर्षे सशस्त्र द्वन्द्वका वखत दुवै पक्षबाट बेपत्ता बनाइएकाहरूको अवस्था सार्वजनिक गर्न, बेपत्ता पार्ने कार्यमा संलग्न दोषीलाई कारवाही गर्न र पीडितलाई परिपूरण सुनिश्चित गर्न आग्रह गर्दै दबावमूलक एवं जनचेतनामूलक कार्यक्रमहरू भए ।

## १.१ बेपत्ता विरुद्ध संयुक्त अभियान

*बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस* २०१६ को अवसरमा बेपत्ता पीडित परिवारहरूको राष्ट्रिय सञ्जाल, द्वन्द्वपीडित साझा चौतारी, न्यायका लागि द्वन्द्व पीडित समाज, एम्नेस्टी नेपाल, एड्भोकेसी फोरम, इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइसिजे), सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), द्वन्द्वपीडित साझा चौतारीलगायतका डेढ दर्जन भन्दा बढी संस्थाहरूको संयुक्त आयोजनामा ३० अगस्टका दिन बेपत्ताविरुद्ध अभियान आयोजना गरियो ।

- **दीप प्रज्वलन**

संयुक्त अभियान अन्तर्गत विगतका वर्षहरूका झैं ३० अगस्ट २०१६ (२०७३ भदौ १४) को साँझ काठमाडौंमा दीप प्रज्वलन गरियो । नेपालमा द्वन्द्वकालमा १,३५० भन्दा बढी बेपत्ता पारिएका नागरिकहरूको हालसम्म कुनै खबर नभएको कुरालाई सङ्केत गर्दै "१३५०+" रेखाङ्कन गरी त्यसमा लहरै पाला राखेर दीप प्रज्वलन गरिएको थियो । कार्यक्रममा विभिन्न जिल्लाहरूबाट आउनु भएका बेपत्ता पीडित परिवारका सदस्य, मानवअधिकार समुदाय, सञ्चारमाध्यमका प्रतिनिधि र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा बेपत्ताहरूको अवस्था तत्काल सार्वजनिक गर्न एवं बेपत्ता पार्ने कार्यमा संलग्नहरूलाई कानुनी कारबाहीको प्रक्रिया थालनी गर्न आग्रह गर्दै पीडित परिवारका प्रतिनिधि, मानवअधिकारवादी एवं पत्रकारहरूले मन्तव्य पनि व्यक्त गर्नुभएको थियो । दीप प्रज्वलन कार्यक्रमको संयोजन एम्नेस्टी नेपालले गरेको थियो । उक्त कार्यक्रममा द्वन्दपीडित समुदाय, मानवअधिकारकर्मी, पत्रकार, एम्नेस्टी नेपालका अभियन्ता सदस्यहरू लगायत सयौंको उपस्थिति रहेको थियो ।






## १.२ एक्सन सर्कुलर

*बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस*को सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको राष्ट्रव्यापी अभियानका क्रममा स्थानीय स्तरमा वहस लगायत अन्य अभियानात्मक गतिविधिहरू गर्न आग्रह गर्दै एक्सन सर्कुलर सहित ३ अगस्ट २०१६ मा एम्नेस्टी नेपाल आबद्ध सबै समूह, निर्माणाधिन समूह र युथनेटवर्कहरूलाई अभियान सामग्रीहरूको क्याम्पेनिङ्ग प्याक प्रेषित गरिएको थियो । त्यस प्याकमा अभियानको उद्देश्य, बेपत्तासम्बन्धी विषयमा एम्नेस्टी को संस्थागत अवधारणापत्र, कार्यक्रमको व्यानरको नमूना लगायतका सामग्री संलग्न गरिएको थियो । सोही सामग्रीको प्रयोग गरेर समूह तथा युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका थिए ।

स्थानीय समूह र युथ नेटवर्कहरूले बेपत्ता विरुद्धको विषयमा गोष्ठी, अन्तरक्रिया, अभियान सामग्री वितरणहरू लगायत विभिन्न सार्वजनिक कार्यक्रमहरू गरेका थिए ।

## १.३ देशव्यापी कार्यक्रमहरू

अभियानअन्तर्गत मूलतः बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न, बेपत्ता पार्ने कार्यमा संलग्नलाई कानुनी कारबाहीको प्रक्रिया थालनी गर्न र पीडितलाई परिपूरण सुनिश्चित गर्न आह्वान गर्दै विभिन्न स्थानमा

रहेका एम्नेस्टी नेपालमा आबद्ध स्थानीय समूह र युथ नेटवर्कले सार्वजनिक कार्यक्रमहरू आयोजना गरेका थिए ।

कार्यक्रमका माध्यमबाट बेपत्ताका विरुद्धमा जनमत श्रृजना गर्न मद्दत पुगेको थियो भने उच्च ओहदामा रहेका सरकारी निकायका अधिकारीहरूलाई देशव्यापी रुपमा एम्नेस्टी र अन्य संस्थाले चलाएको अभियानका कारणबाट कुनै न कुनै किसिमले सजग तुल्याएको थियो ।

| | |
|---|---|
|  | |
| काठमाण्डौं युनिभर्सिटी युथ नेटवर्कद्वारा आयोजित प्रदर्शन कार्यक्रम | |

## (ख) दण्डहीनता विरुद्धको अभियान

वि.सं. २०५२ देखि २०६३ को बीचमा नेपालमा भएको सशस्त्र द्वन्द्वका क्रममा सशस्त्र संघर्षमा भाग नलिएका ठूलो संख्याका सर्वसाधारण लगायत हजारौं नागरिकहरू उपर सेना, प्रहरी र माओवादी पक्षबाट गैरन्यायिक हत्या, बेपत्ता, अपहरण, यातना एवं अङ्गभङ्ग, यौनजन्य हिंसा, विस्थापन, सम्पत्ती कब्जा जस्ता कयौं प्रकारले मानवअधिकार हनन् गरिए ।

"मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारका आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहेको" व्यहोरालाई प्रस्तावनामा नै उल्लेख गर्दै विगतको द्वन्द्व समाप्त गर्ने र "नयाँ नेपाल" को निर्माण गर्ने प्रतिवद्धताका साथ नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) (माओवादी) बीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भयो । द्वन्द्वको समाप्ति र शान्ति स्थापना गर्ने भनी गरिएको उक्त शान्ति सम्झौताको बुँदा नं ५.२.३ मा "दुवै पक्षद्वारा वेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको बास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउने" उल्लेख भएको छ भने बुँदा नं. ५.२.५ मा "सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने" भनिएको छ । अझ बेपत्ताका सम्बन्धमा त

शान्ति सम्झौतामा सहमती गरिएको बाहेक "तत्काल" आयोग बनाउन र त्यस्तो आयोग बेपत्ता सम्बन्धी घटनाको छानबिनका निम्ति प्रभावकारी काम गर्न सक्ने कुराको सुनिश्चितताका लागि २०६४ जेठ महिनामा सर्वोच्च अदालतले आदेश समेत दिएको थियो ।

त्यसैगरी द्वन्द्वपीडितलाई सेवासुविधा प्रदान गर्नका लागि आवश्यक व्यवस्था गर्न २०६२ माघ २८ मा, द्वन्द्वबाट पीडित नागरिक तथा विस्थापितको स्थिति पत्ता लगाई सुझाव दिन समिति बनाई राहत प्रदान गर्न २०६४ पौष २ मा र द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गराउने व्यवस्था मिलाउन २०६५ पौष २३ मा सर्वोच्च अदालतले सरकारलाई छुट्टै आदेशहरू पनि दियो । तर द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको हालसम्म छानबिन अघि बढाइएन ।

शान्ति सम्झौता पश्चात् संविधानसभाको निर्वाचन सम्पन्न भई दर्जन हाराहारी सरकारहरूले काम पनि गरिसकेका छन् । तर आजसम्म पनि शान्ति सम्झौतामा उल्लेख भएबमोजिम सशस्त्र द्वन्द्वका घटनामा संलग्न **एकजना मात्रैलाई** पनि कानुनी कारबाही गरिएको छैन । विस्थापितहरूको राहत क्षतिपूर्ति वा कब्जा सम्पत्ति फिर्ता गर्ने कामले अपेक्षित गति लिन सकेन । अझ उल्टै हत्या वा अन्य आपराधिक घटनामा संलग्न भएको भनी अदालतले सजाय सुनाएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने वा गिरफ्तार नगर्ने, उच्च पदहरूमा पदोन्नति वा नियुक्ति गर्ने वा अन्य प्रकारले प्रोत्साहन गर्ने परम्परालाई बढावा दिइएको छ । यसबाट राज्यका तर्फबाटै दण्डहीनतालाई संरक्षित गर्ने मात्र नभई संस्थागत गर्ने प्रयास भएको पुष्टि भएको छ । यस अवस्थामा न्याय पाउने आशामा बसेका द्वन्द्वपीडित एवं पीडित परिवार वा अन्य नागरिकहरूमा समेत यस देशमा न्याय पाइन्छ भन्ने कुराको विश्वास टुट्दै गएको छ भने पीडकहरूको मनोबल बढेर गएको छ । सरकार र राजनीतिक दलहरू न्याय सुनिश्चित गर्ने कार्यमा उदासीन देखिन्छन् । यसले देशमा व्यापक नैराश्यता र अराजकता बढ्ने खतरा रहेको छ ।

दण्डहीनतालाई संस्थागत गर्ने क्रमको निरन्तरता स्वरुप अदालतमा दायर भएका मुद्दाहरू फिर्ता लिने सरकारी कदमलाई अझ अर्को गम्भीर रुपमा हेर्न सकिन्छ । यस बाहेक हत्या लागयत जघन्य अपराधका घटनामा संलग्न भनी अदालतले दोषी प्रमाणित गरी सजाय तोकेका व्यक्तिलाई आममाफी दिने प्रक्रिया अघि बढाइयो । हुन त सरकारले द्वन्द्वकालका “राजनीतिक” प्रकृतिका मुद्दा फिर्ता लिएको बताए पनि हत्या, अपहरण, यातना, बेपत्ता पार्ने कार्य जस्ता घटनामा सम्लग्नहरूको समेत मुद्दा फिर्ता लिने निर्णय भएका छन् । हत्या, अपहरण, यौनजन्य ज्यादती, यातना जस्ता घटनाहरू कुनै पनि हालतमा राजनीतिक प्रकृतिको नभएर आपराधिक प्रकृतिका हुन् । यसका अलावा गम्भीर मानवअधिकार हनन्मा संलग्नहरूलाई समेत क्षमादान दिने प्रावधान सहितको कानुन पारित गर्ने काम समेत भयो । यो काम स्वयं कानुनको रक्षक सरकारले गरेबाट दण्डहीनताले संस्थागत रूप धारण गरेको छ ।

त्यस्तै सरकार र राजनीतिक दलका नेताहरूबाट अर्को तर्क पनि प्रस्तुत गर्ने गरिएको पाइन्छ, द्वन्द्वकालका घटनाको छानबिन सत्य तथा मेलमिलाप आयोगले हेर्ने हो, अदालतले होइन भनेर । सत्य आयोग वा कुनै पनि आयोगले फौजदारी न्याय संयन्त्रहरूलाई प्रतिस्थापन गर्न सक्दैनन् । केवल कारबाहीका लागि सिफारिस गर्ने हो र कारबाही प्रक्रियाको अन्तिम टुंगो न्यायिक निकायले नै गर्ने हो । सत्य तथा मेलमिलाप आयोगले घटनाहरूको छानबीन गर्दा सत्य पत्ता लगाउँदछ र कुनै घटना अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनअनुसार “गम्भीर अपराध” को कोटिमा पर्ने रहेनछन् र पीडितले पीडकलाई माफी दिन चाहेमा मेलमिलापको प्रक्रिया अघि बढाई कारबाहीको प्रक्रिया अघि बढाउँदैन । तर सत्य आयोग आफैँले पनि गम्भीर प्रकृतिका मानवअधिकार हनन्का घटनामा मेलमिलाप गराउन सक्दैन र त्यसो गर्नु हुँदैन पनि । मेलमिलाप वा माफी पीडितले चाहेमा मात्र हुन सक्छ, कुनै दल वा अरुले निर्णय गरेका आधारमा हुन सक्दैन ।

अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनहरूले हत्या, अपहरण, बेपत्ता, यौनजन्य ज्यादती, यातना लगायतका घटनाका दोषीलाई उन्मुक्ति दिन नहुने र दोषीलाई कारवाही एवं पीडितलाई परिपूरण सुनिश्चित गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । त्यस्ता अन्तर्राष्ट्रिय कानुन नेपालको लागि बाध्यकारी छन् । चाहे त्यस्ता घटना द्वन्द्वकालका हुन् वा अन्य अवस्थामा, अपराधको कोटिमा पर्ने घटनामा सजायँबाट उन्मुक्ति दिन मिल्दैन । आपराधिक घटनामा दोषीलाई कानुनी कारवाही र पीडितलाई न्याय सुनिश्चित गर्नु अनिवार्य छ भने यदि त्यसो नगरिएमा देशमा दण्डहीनता मौलाउँदछ र अराजकता बढ्दछ ।

जब सत्य तथा मेलमिलाप आयोगले छानबीन गर्ने भन्ने तर्क गरिन्छ, त्यसमा पनि उत्साह व्यक्त गर्ने कुनै ठाउँ छैन । किनकी २०६३ मंसिरमा शान्ति सम्झौता गरिँदा तत्काल गठन गर्ने भनिएको सत्य तथा मेलमिलाप आयोग वर्षौंसम्म गठन गरिएन । तर जब आयोग गठनका लागि कानुन ल्याइयो त्यसले झन दण्डहीनता बढाउने गरी प्रावधानहरू राखियो । सरकारले दुई पटकसम्म ल्याएको कानुन (२०६९ मा अध्यादेश मार्फत् र २०७१ मा संसदले पारित गरेर) मा गम्भीर मानवअधिकार हनन्का घटनामा समेत सजाय माफीको सिफारिस गर्न सक्ने अधिकार दिइएबाट पीडितलाई न्याय र दोषीलाई सजायँ भई दण्डहीनता अन्त्य हुने कुराको आशा समाप्त प्रायः भएको छ । हुन त २०७१ सालमा पारित कानुनका केही प्रावधानहरू संशोधनको माग गर्दै सर्वोच्च अदालतमा परेको रिटमा अदालतले २०७१ फागुन (फेब्रुवरी २०१५)[1] मा त्यस्ता प्रावधानहरू संशोधन गर्न पुनः आदेश दिएको छ । तथापि सरकारले त्यस्ता मानवअधिकार विरुद्धका प्रावधानहरू संशोधनमा खासै चासो देखाएको पाइएन ।

[1] सुमन अधिकारी समेत वि. प्रधानमन्त्री कार्यालयसमेत, सर्वोच्च अदालत

यसरी अन्तर्राष्ट्रिय कानुनको प्रावधान र विस्तृत शान्ति सम्झौता वा अन्य दस्तावेजमा दण्डहीनताको अन्त्य गर्ने एवं मानवअधिकारको सम्मान गर्ने भनी व्यक्त गरिएका प्रतिवद्धतालाई समेत वेवास्ता गर्दै दोषीलाई कानुनी कारवाही गरिनु त कता हो कता दायर भएका मुद्दा समेत फिर्ता लिनुले वा अदालतले छिनोफानो गरी सजायँ तोकिसकेका व्यक्तिको सजाय माफीको प्रक्रिया अघि बढाइनुले दण्डहीनतालाई थप संस्थागत गरेको छ । यस्तो अवस्थामा रहेका कारण एम्नेस्टी इन्टरनेसनलले नेपाललाई पूर्ण दण्डहीनताको अवस्थामा (Full Spectrum of Impunity) रहेको जनाएको छ । तसर्थ दण्डहीनताको अवस्थालाई चिर्दै न्याय स्थापित गर्न एम्नेस्टी नेपाल निरन्तर अभियानमा छ । यस अभियानअन्तर्गत गत वर्ष विभिन्न कार्यक्रमहरू गरिए ।

## १. अन्तर्राष्ट्रिय न्याय दिवस २०१६ का अवसरमा संयुक्त अभियान

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि रोम विधान पारित गरिएको दिन १७ जुलाईलाई विश्वभर अन्तर्राष्ट्रिय न्याय दिवसका रुपमा मनाउने गरिन्छ । दण्डहीनताको संस्कृतिको अन्त्य गर्न गरिएको प्रतिबद्धता सरकारलाई स्मरण गराउनु र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान सम्मिलन गर्न आवश्यक कदम चाल्न घच्घच्याउनु यो दिवस मनाउनुको मुल मूल उद्देश्य हो ।

मुलुक नयाँ संविधान बनाउने प्रक्रियामा रहेको र संविधानलाई अन्तिम रुप दिन लागिएको समयको छेकामा परेको गत वर्ष (सन् २०१५) को अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरलाई न्यायको पक्षमा अभियानरत पीडित र मानवअधिकार समुदायले संविधानमा सम्पूर्ण मानवअधिकारहरू प्रत्याभुत गरिनुका साथै पीडितको न्याय पाउने अधिकार सुनिश्चित हुनु पर्दछ भनी थप अभियान गर्ने अवसरका रुपमा लिई विभिन्न कार्यक्रमहरू गरे । एम्नेस्टी इन्टरनेसनल सो संयुक्त अभियानको प्रमुख साझेदारको रुपमा अभियानमा सहभागी भयो ।

### १.१. अन्र्तक्रिया कार्यक्रम

अन्तर्राष्ट्रिय न्याय दिवस (१७ जुलाई) का सन्दर्भमा द्वन्द्वपीडित साझा चौतारी, मानवअधिकारकर्मी, नागरिक समाजको सहकार्यमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्माज्यूको प्रमुख आतिथ्यमा २०७३ साउन २ गते आइतबार काठमाडौंमा ***"सङ्क्रमणकालीन न्यायको अनिश्चितता"*** विषयक अन्र्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । नेपालको सङ्क्रमणकालीन न्यायमा अभियानरत द्वन्द्वपीडित, मानवअधिकारकर्मी तथा नागरिक समाजका अगुवाहरूको सकृय सहभागिता रहेको यस कार्यक्रममा द्वन्द्वपीडित साझा चौतारीका श्री सुमन अधिकारी, मानवअधिकारकर्मी तथा अधिवक्ता श्री गोविन्द बन्दी शर्मा, नेपाल बार एसोसिएसनका अध्यक्ष श्री शेरबहादुर केसी र माननीय सभासद् सुशीलकुमार श्रेष्ठले सङ्क्रमणकालीन न्याय प्रकृया सरकार तथा राजनीतिक दलहरूको इच्छाशक्तिको अभावका कारण निराशाजनक भएको व्यक्त गरेका थिए ।





## २. अन्तर्राष्ट्रिय सत्यको अधिकार दिवसका अवसरमा अवसरमा अभियान

### २.१. धर्ना

मिति २०७३ चैत्र ११ अर्थात <u>**मार्च २४**</u> का दिन सातौं अन्तर्राष्ट्रिय सत्यको अधिकार दिवसको अवसरमा द्वन्द्वपीडित समुदाय र मानवअधिकारकर्मीको समन्वयमा सत्य र न्याय प्राप्तिको लडाईंमा निरन्तर

सङ्घर्षरत गङ्गामाया अधिकारीप्रति ऐक्यबद्धताका साथ बीर अस्पतालको अगाडि बिहान ८:३० देखि ९:३० सम्म एक घण्टे शान्तिपूर्ण धर्ना कार्यक्रम आयोजना गरिएको थियो । सो धर्ना कार्यक्रममा वक्ताहरूले सत्यको माग गर्दै सरकारलाई दोषीको पहिचान गर्न, मानवअधिकार उल्लङ्घनका घटनाहरूको सत्यता उजागर गर्न, सत्यसँग नडराउन र जवाफदेही बन्न माग गरेका थिए ।







## २. **सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको म्याद सकिन लागेको सन्दर्भमा** अभियान

### **२.१. पत्रकार सम्मेलन**

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको दुई बर्षे कार्यकाल २०७३ माघ २७ गते सकिन लागेको सन्दर्भमा एम्नेस्टी नेपालको सहयोगमा द्वन्डपीडित समुदाय र मानवअधिकार समुदायबीच माघ ७ गते थापाथलीस्थित ट्रेड टावर विजनेस सेन्टरमा एक छलफल आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले दुई वर्षे कार्यकालमा केवल उजुरी मात्रै सङ्कलन गरेको र पीडितमुखी र न्याय निरुपणसम्बन्धी कुनै गतिविधिहरू गर्न नसकेको बताउँदै सो भेलाले एक कार्यदल बनाई मानवअधिकार समुदाय र द्वन्दपीडितहरूको साझा अवधारण बनाई यी आयोगहरूको कार्यकाल कानुनमा व्यवस्था भएबमोजिम एक बर्ष थपिए पनि वा नथपिए पनि यी आयोगहरूबाट जवाफदेहीता खोज्नु पर्नेमा सहमति भएको थियो । तदनुरुप तयार भएको मस्यौदा साझा अवधारणलाई सङ्क्रमणकालीन न्याय श्रोत केन्द्र, लगनखेलमा माघ १९ गते भएको अर्को बैठकले अन्तिम रूप दिई २०७३ माघ २० गते रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलनमाझ सार्वजनिक गरिएको थियो । ए.आई नेपालका अध्यक्ष राजनप्रसाद कुईकेलले पीडितहरूको न्यायको ढोका निरन्तर बन्द गरिरहे उनीहरू अन्तर्राष्ट्रिय निकायमा जान बाध्य हुने बताउनु भएको थियो भने पूर्व अध्यक्ष तथा मानवअधिकारकर्मी चरण प्रसाईंले राज्यलाई जिम्मेवार बन्न आह्वान गर्नु भएको थियो । यस क्रममा भएका छलफलहरू आयोजना गर्ने सवालमा एम्नेस्टी नेपालले प्राविधिक सहयोग र सहजीकरण गरेको थियो ।



## २.२ एम्नेस्टी इन्टरनेसनलद्वारा सार्वजनिक वक्तव्य र महान्यायधिवक्तालाई पत्र

सङ्क्रमणकालीन न्यायकै सम्बन्धमा नेपालका आयोगहरूको म्याद थपी उनीहरूलाई साधन श्रोत सम्पन्न बनाई पीडितमूखी तवरमा काम गरी पीडितहरूको सत्य जान्ने र न्याय पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकारलाई माग गर्दै एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालय र ह्युमन राईट्स वाचले २०७३ माघ २२ गते संयुक्त प्रेस विज्ञप्ती जारी गरेको थियो ।

उक्त प्रेस विज्ञप्ती यहाँ उपलब्ध छ: https://www.hrw.org/news/2017/02/03/nepal-key-moment-justice

**Nepal: Key Moment for Justice**

UN and Donors Need to Back Accountability for Conflict Era Crimes

(New York) – The mandates of the Truth and Reconciliation Commission (TRC) and the Commission on Investigation of Disappeared Persons (COID) should be extended indefinitely to ensure that justice, accountability, and reparations are achieved for the thousands of victims of Nepal's brutal civil war, Human Rights Watch and Amnesty International said today. The United Nations and donors, who played a major role in post-conflict peacemaking and rights protections, should publicly call on the government of Nepal to amend the law which created the commissions in line with international norms and extend their mandates.

"In spite of delays caused by political parties, the two commissions have succeeded in accumulating a body of evidence of wartime atrocities that can lead to justice, accountability, and reparations for survivors," said Brad Adams, Asia director at Human Rights Watch. "The victims and their families who showed great courage to appear before the commissions did so expecting the commissions to complete their work. It is time for Nepal's political parties to prove their commitment to justice and truth."



Protesters call for justice for atrocities committed during Nepal's civil war at a sit-in in Kathmandu on June 6, 2011. © 2011 Reuters

# ३. द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका घटनासम्बन्धी विभिन्न स्मृतिदिवसहरूमा सहभागीता

मिति २०७३ फाल्गुन १ गते काभ्रे जिल्लाकी रिना रसाइलीलाई सेनाले उनकै घरमा कब्जा गरी बलात्कार र यातना पछि हत्या गरेको १३ औं वार्षिक स्मृति दिवससम्बन्धी संयुक्त राष्ट्रसङ्घ नेपालअन्तर्गतको सङ्क्रमणकालीन न्याय श्रोतकेन्द्र, लगनखेलमा आयोजित एक कार्यक्रममा एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाले सहभागीता जनाउनु भएको थियो । सो कार्यक्रममा सत्य निरूपण र मेलमिलाप आयोगका अध्यक्ष सूर्य किरण गुरुङ र बेपत्ता छानबिन आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकले दुवै आयोगको भर्खरै थप भएको एक वर्षे कार्यकालमा द्वन्द्वकालीन घटनाहरूमा सत्य र न्याय निरुपण गर्ने बताउदै अध्यक्षद्वयले त्यसका लागि सरकारले ऐन संशोधन लगायत गरी सहयोग गर्नुपर्ने धारणा राख्नु भएको थियो ।
सोही स्थलमा फाल्गुन ३ गते द्वन्द्वकालमै हत्या गरिएका माओवादी पीडित सङ्घका तत्कालीन अध्यक्ष गणेश चिलुवालको हत्याको वार्षिक स्मृति दिवससम्बन्धी आयोजित कार्यक्रममा एआई नेपालका अध्ययक्ष राजन कुइँकेलले सहभागीता जनाउनुभएको थियो ।

फाल्गुन ५ गते सोही स्थलमा नै आयोजित अर्को कार्यक्रममा काभ्रे जिल्लाकै अर्की बालिका मैना सुनुवारलाई तत्कालीन शाही नेपाली सेनाले गिरफ्तार गरी पाँचखाल ब्यारेकमा लगी हत्या गरेको १३ औं वार्षिक स्मृति दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा एआई नेपालका निर्देशक श्री निराजन थपलियाले सहभागीता जनाउनु भएको थियो । दण्डहीनता अन्त्य र जवफदेहीता स्थापित गराउने तथा पीडितहरूलाई न्याय प्राप्त गर्नमा सहयोग गर्ने एम्नेस्टी नेपालको कार्यगत योजनाअन्तर्गत यस्ता कार्यक्रममा सहभागीता र ऐक्यबद्धता जनाईएको हो ।

# ४. अन्तर्राष्ट्रिय मानवअधिकार दिवस २०१६ का अवसरमा राष्ट्रव्यापी अभियान

६७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भ पारेर एम्नेस्टी नेपालले नेपालमा बढ्दो गतिमा रहेको दण्डहीनताको विषयलाई प्राथमिकतामा राखी "दण्डहीनता विरुद्ध देशव्यापी बहस" अभियान सञ्चालन गऱ्यो । अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर) २०७३ मंसिर २५ को सेरोफेरो पारेर एम्नेस्टी नेपालले केन्द्रीय

स्तरमा र यसमा आबद्ध समूह र युथ नेटवर्कहरूको पहलबाट देशव्यापी रूपमा उक्त अभियान गरिएको हो । विगतको द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघन र ज्यादतीका घटनाका दोषीहरूलाई कानुनी कारबाही र पीडितलाई परिपूरण सुनिश्चित गर्नेतर्फ आवाज बलियो पार्न मद्दत पुगोस् भन्ने उद्देश्यले सो अभियान गरिएको हो ।

संयुक्त राष्ट्रसङ्घीय महासभाबाट मानवअधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights-UDHR) जारी भएको दिन १० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा विश्वभर मनाउने गरिन्छ । मानवअधिकारको आधिकारिक परिभाषा गर्ने उक्त दस्तावेज **"अन्याय र दमनका विरुद्ध अन्य उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिसहरू बाध्य नहून् भन्ने हो भने मानवअधिकारहरू कानुनद्वारा संरक्षित हुनुपर्दछ"** भन्ने प्रस्तावनाका साथ सन् १९४८ को १० डिसेम्बरका दिन पारित भएको थियो ।

एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०१६ को ६८ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा विभिन्न कार्यक्रमहरू गऱ्यो ।

## ४.१ अर्न्तक्रिया

एम्नेस्टी नेपालले द्वन्द्वपीडितको अधिकार सुनिश्चितताको विषय अझै आशङ्काको घेरामा रहेकाले यस अवस्थालाई चिर्न र न्याय स्थापित गर्न आह्वान गर्दै *"सङ्क्रमण र शान्ति सम्झौताको एक दशक: न्याय सुनिश्चिततामा आशङ्का"* विषयक एक अर्न्तक्रिया कार्यक्रम डिसेम्बर ६, मंगलबार प्रज्ञाभवन, कमलादी, काठमाडौंमा आयोजना गऱ्यो । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्माज्यूको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष श्री सुमन अधिकारी, मानवअधिकारकर्मी तथा एम्नेस्टी नेपालका पूर्वअध्यक्ष श्री चरण प्रसाई र प्रदिप पोखरेल, पत्रकार तथा मानवअधिकारकर्मी श्री पुरुषोत्तम दाहाल, एम्नेस्टी नेपालका संस्थापक श्री नुतन थपलिया, नागरिक समाजका अगुवा प्रा. डा. श्री कपिल श्रेष्ठलगायतले सरकार र राजनीतिक दलहरूमा पीडितलाई न्याय दिने सवालमा तत्परता नदेखिएको गुनासो पोख्नु भएको थियो । कार्यक्रममा उपस्थित सत्य निरुपण तथा मेलमिलाप आयोगका सदस्य मन्चला झा, बेपत्ता आयोगका अध्यक्ष श्री लोकेन्द्र मल्लिकले आयोगलाई आवश्यक श्रोतहरू, सहयोगी कानुन आदिका अभावमा कार्यसम्पादन गर्न व्यवधान रहेको बताउनु भएको थियो ।






## ४.२ वृहद चियापान कार्यक्रम

६८औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा ६ डिसेम्बर २०१६ (२०७३ मंसिर २१ गते) काठमाडौँमा एक चियापान कार्यक्रम आयोजना गरियो । नेसनल बोर्डले पछिल्ला केही बर्षहरूदेखि मानवअधिकार दिवसका सन्दर्भमा दण्डहीनता अन्त्यको आह्वान गर्दै सो चियापान समारोह आयोजना गर्ने

गरेको छ । चियापानमा संवैधानिक निकायका प्रमुखहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, राजनीतिकर्मी, पेशाकर्मी, बुद्धिजीवी, एम्नेस्टी सदस्य र विभिन्न क्षेत्रका महानुभावहरू गरी ३०० भन्दा बढीको सहभागिता रहेको थियो ।

त्यस चियापान कार्यक्रममा साईड इभेन्टका रूपमा नेपालमा व्याप्त दण्डहीनताको विषयमा एम्नेस्टी नेपालले उत्पादन गरेका अभियान सामग्रीहरू वितरण, हस्ताक्षर सङ्कलन र सेल्फी स्टल पनि आयोजना गरिएको थियो ।






### ४.३ एक्सन सर्कुलर

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर) को सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको राष्ट्रव्यापी अभियानका क्रममा राष्ट्रियस्तरमा बहस गर्न एक्सन सर्कुलर सहित नोभेम्बर २०१६ मा एम्नेस्टी नेपालमा आबद्ध सबै स्थानीय समूह, निर्माणाधिन समूह र युथ नेटवर्कहरूलाई अभियान सामग्रीहरूको क्याम्पेनिङ्ग प्याक प्रेषित गरिएको थियो । त्यस प्याकमा अभियानको उद्देश्य, बेपत्ता सम्बन्धी विषयमा एम्नेस्टी को संस्थागत अवधारणापत्र, कार्यक्रमको व्यानरको नमूना लगायतका सामग्री संलग्न गरिएको थियो । सोही सामग्रीको प्रयोग गरेर समूह तथा युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका  थिए । एम्नेस्टी नेपालले राष्ट्रियस्तरमा गर्ने कुनै पनि अभियानका लागि यस संस्थामा आवद्ध सबै स्थानीय समूह र युथ नेटवर्कहरूले बेपत्ता विरुद्धको विषयमा गोष्ठी, अर्न्तक्रिया, अभियान सामग्री वितरणहरू लगायत विभिन्न सार्वजनिक कार्यक्रमहरू गरेका थिए ।

### ४.४ स्थानीयस्तरमा कार्यक्रमहरू

६८ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा एम्नेस्टी नेपालमा आबद्ध स्थानीय समूह र युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरे ।

मानवअधिकार दिवसका अवसरमा दण्डहीनताविरुद्ध देशव्यापी अभियान गर्न अनुरोध गर्दै मुलुकभरका सबै एम्नेस्टी समूह र युथ नेटवर्कहरूलाई एम्नेस्टी नेपालले प्रेषित गरेको एक्सन सर्कुलरमार्फत् गरिएको अनुरोध र त्यसकासाथ प्रेषित अभियान सामग्री क्याम्पेनिंग प्याकको प्रयोग गरेर देशव्यापी रूपमा कार्यक्रमहरू भएका हुन् ।

## ५. एम्नेस्टी इन्टरनेसनलको ५६ औं स्थापना दिवस का अवसरमा राष्ट्रव्यापी अभियान

कुनैपनि महत्वपूर्ण सन्दर्भलाई मानवअधिकार सम्बन्धी अभियान गर्ने अवसरका रूपमा उपयोग गर्दै आएको एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको ५६औं वार्षिक दिवसलाई नेपालमा व्याप्त दण्डहीनताविरुद्ध राष्ट्रव्यापी अभियान गऱ्यो । त्यस क्रममा केन्द्रीय स्तरमा यस संस्थाको केन्द्रीय कार्यालयबाट कार्यक्रम आयोजना गरियो भने स्थानीयस्तरमा यस संस्थामा आवद्ध समूह तथा युथ नेटवर्कहरूको व्यवस्थापनमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिए ।

### ५.१ दण्डहीनताको अभियानका विषयमा छलफल कार्यक्रम

एम्नेस्टी इन्टरनेसनलको ५६ औं स्थापना दिवसका सन्दर्भमा मे २८ अर्थात जेष्ठ १४ गतेका दिन ए.आइ नेपालले एक कार्यक्रमको आयोजना गरेको थियो । एआइ नेपाल आबद्ध अभियन्ता, बरिष्ठ मानवअधिकारकर्मीहरू, पत्रकार, द्वन्द्वपीडित समुदायका प्रतिनिधिहरू लगायत १३० भन्दा बढीले सहभागीता रहेको उक्त कार्यक्रममा नेपालमा जारी वर्तमान दण्डहीनता अन्त्यका लागि एआइ नेपालले निरन्तर अभियान जारी राख्नका लागि प्रतिबद्धता जनाउनुका साथै सो कार्यक्रममा मानवअधिकार रक्षकहरूको संरक्षणसवालमा एआइको अन्तर्राष्ट्रिय सचिवालयले सन् २०१७ मे १६ देखि विश्वव्यापी रूपमा सुरूआत गरेको ब्रेभ क्याम्पेनलाई नेपालमा एआइ नेपालका संस्थापक नुतन थपलियाले लन्च गर्नुभयो ।

### ५.२ एक्सन सर्कुलर

एम्नेस्टी इन्टरनेसनलको ५६ औ स्थापना दिवस (२८ मे) को सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको राष्ट्रव्यापी अभियानका क्रममा दण्डहीनता विरुद्धमा राष्ट्रियव्यापि अभियनका लागि नोभेम्बर २०१६ मा एम्नेस्टी नेपालमा आवद्ध सबै स्थानीय समूह, निर्माणाधिन समुह र युथनेटवर्कहरूलाई अभियान सामग्रीहरूको क्याम्पेनिङ्ग प्याक प्रेषित गरियो । त्यस प्याकमा अभियानको उद्देश्य, बेपत्ता सम्बन्धी विषयमा एम्नेस्टी को संस्थागत अवधारणापत्र, कार्यक्रमको व्यानरको नमूना लगायतका सामग्री संलग्न गरिएको थियो । सोही सामग्रीको प्रयोग गरेर समूह तथा युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका थिए ।

स्थानीय समूह र युथ नेटवर्कहरूले बेपत्ता विरुद्धको विषयमा गोष्ठी, अन्तरक्रिया, अभियान सामग्री वितरणहरू लगायत विभिन्न सार्वजनिक कार्यक्रमहरू गरेका थिए ।

### ५.३ स्थानीयस्तरमा कार्यक्रमहरू

५६ औं एम्नेस्टी दिवसको अवसरमा एम्नेस्टी नेपालमा आवद्ध स्थानीय समूह, निर्माणाधिन समूह र युथ नेटवर्कले विभिन्न कार्यक्रमहरू आयोजना गरे ।

एम्नेस्टी समूह र युथ नेटवर्कहरूलाई एम्नेस्टी नेपालले प्रेषित गरेको एक्सन सर्कुलरमार्फत् गरिएको अनुरोध र त्यसकासाथ प्रेषित अभियान सामग्रीको क्याम्पेनिंग प्याकको प्रयोग गरेर देशव्यापी रुपमा कार्यक्रमहरू भएका हुन् ।

| | |
|---|---|
|  |  |
| समुह २, सुर्खेतद्वारा आयोजित दीप प्रज्वलन कार्यक्रम | दमक र इमोर्टल युथ नेटवर्क, झापाको संयुक्त आयोजनामा सम्पन्न दीप प्रज्वलन कार्यक्रम |

| | |
|---|---|
|  | |
| काठमाण्डौं युनिभर्षिटी युथ नेटवर्कद्वारा स्थानीय अनाथालयमा भेटघाट कार्यक्रम | |

## ६. सञ्चार अभियान

सत्य, न्याय र परिपूरणका लागि एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गरेको अभियान तथा यस संस्थाले व्यक्त गरेका धारणाले सञ्चार माध्यममा महत्वपूर्ण स्थान प्राप्त गर्‍यो । कुनै घटना वाहिर आउँदा वा कुनै विषय खास चर्चामा आएको वखत एम्नेस्टी इन्टरनेसनलको धारणा प्रकाशमा ल्याउन सञ्चारमाध्यमले एम्नेस्टी नेपालका पदाधिकारीहरूसँग अन्तर्वार्ता लिने र समाचारहरू प्रकाशित गर्ने गरे । ती मध्ये केही निम्न बमोजिम रहेका छन् ।

### ६.२.१ मैना सुनुवार मुद्दाको फैसलामा संयुक्त प्रेस विज्ञप्ती

त्यसैगरी मिति २०७४ वैशाख ३ मा मैना सुनुवारको मुद्दामा काभ्रे जिल्ला अदालतले मैना सुनुवारको गिरफ्तारी पछिको हत्यामा संलग्न तत्कालीन नेपाली सेनाका अधिकारीहरू अमित पुन, बबि खत्री र सुनिल अधिकारीलाई कर्तव्य ज्यान गरेको ठहर्‍याउँदै आजीवन कारावासको फैसला सुनाएकोमा उक्त फैसलाको प्रशंशा गर्दै नेपाल सरकारलाई उक्त फैसला कार्यान्वयन गर्न तत्काल कदम चाल्न एम्नेस्टी इन्टरनेसलन, ह्युमन राइट्स वाच र इन्टरनेसनल कमिसन अफ जुरीस्टले संयुक्त विज्ञप्ती जारी गरेका थिए । जुन यस लिङ्कमा उलब्ध रहेको छ : https://www.amnesty.org/en/latest/news/2017/04/nepal-need-effective-steps-to-enforce-court-verdicts/



nnesty.org/en/latest/news/2017/04/nepal-need-effective-steps-to-enforce-court-verdicts/

AMNESTY INTERNATIONAL

WHO WE ARE | WHAT WE DO | COUNTRIES | GET INVOLVED | DONATE NOW | LATEST | SEARCH

NEWS | CAMPAIGNS | EDUCATION | RESEARCH

NEWS

NEPAL ARMED GROUPS

## Nepal: Need Effective Steps to Enforce Court Verdicts

20 April 2017, 04:01 UTC

***Rule of Law Should Prevail, Not Political Protectionism***

Nepali authorities should immediately take effective steps to enforce the landmark Kavre district court murder verdict for the 2004 torture and killing of teenage Maina Sunuwar, Amnesty International, Human Rights Watch and the International Commission of Jurists said today.

On 16 April 2017, the Kavre district court sentenced three army officers to life imprisonment for the murder of Maina Sunuwar, a 15-year-old girl who was tortured in army custody and died as a result in February 2004. Maina's killing took place during the decade-long armed conflict between the Maoists and government forces that ended in 2006.

**RECENTLY ADDED**

NEWS
Lesotho: Arrest of journalist a spurious and cyni...

NEWS
Saudi Arabia: Wave of arrests targets last vesti...

NEWS
Myanmar: Scorched-earth campaign fuels ethni...

### ६.२.२ मैना सुनुवार हत्याको फैसलामा महान्यायधिवक्ता श्री रमनकुमार श्रेष्ठलाई प्रेषित ध्यानआकार्षण पत्र

सशस्त्र द्वन्दकालमा गैरन्यायिक हत्याको शिकार भएकी १५ बर्षे बालिका मैना सुनुवारको मुद्दामा जिल्ला अदालत, काभ्रेले २०७४ वैशाख ३ मा फैसला सुनाएकामो नेपाली सेनाका तीन आरेपीहरूमध्ये मेजर निरन्जन बस्नेतलाई अदालतले सफाइ दिएको थियो ।

उपर्युक्त फैसलामा सफाइ पाएका निरन्जन बस्नेतमाथिको काभ्रे जिल्ला अदालतको फैसलाविरुद्ध महान्यायधिवक्ताको कार्यालय अन्तर्गतको काभ्रे जिल्ला सरकारी वकिलको कार्यालयले पुनरावेदनको लागि निवेदन नदिने निर्णय गरेकोमा चासो व्यक्त गर्दै एम्नेस्टी इन्टरनेसनल र इन्टरनेसनल कमिसन अफ जुरिस्टले तत्कालीन महान्यायधिवक्ता रमण श्रेष्ठलाई उक्त निर्णयमाथि पुनर्विचार गरी निरन्जन बस्नेतलाई सफाइ दिएको निर्णयमा पुनरावेदनका लागि निवेदन दिन आग्रह गर्दै एक पत्र लेखेको थियो । उक्त पत्र यहाँ उपलब्ध छ : https://www.icj.org/wp-content/uploads/2017/05/Nepal-AG-letter-Maina-Sunuwar-Advocacy-Open-letters-2017-ENG.pdf

Raman Kumar Shrestha
Attorney General of Nepal
Kathmandu, Nepal

19 May 2017

Honourable Attorney General,

We are writing to express our concern at the district public prosecutor's decision dated 8 May 2017 against appealing the Kavre District Court decision to acquit Major Niranjan Basnet in Maina Sunuwar's murder case.

The undersigned organizations call on you to review the decision and pursue the appeal against the Kavre District Court judgment, as requested by Maina Sunuwar's mother, Devi Sunuwar, in her letters to the district prosecutor and the AG's office on 18 May 2017.

A failure to pursue criminal accountability against Major Niranjan Basnet, based on the reasoning as set out in the district court judgement, would likely lead to a denial of justice and a perpetuation of the culture of impunity that has plagued Nepal in the conflict and post-conflict years.

Nepal has a duty, under both Nepali law and international treaties to which Nepal is a party, to prosecute persons suspected of serious human rights violations, such as torture, enforced disappearance and unlawful killings. Victims of such violations, including families of those directly abused, have a right to an effective remedy and reparation for the injuries suffered. The failure to pursue justice in this case would be incompatible with those legal duties, frustrating the objectives of holding perpetrators accountable and securing redress for victims.

As you are aware, Maina Sunuwar's case has become emblematic of the shortcomings in Nepal's justice system that have repeatedly frustrated efforts of Nepali conflict victims to secure justice for crimes committed during Nepal's civil war. Maina Sunuwar's mother first filed a complaint with the police in November 2005. Since then, her family have faced numerous procedural and practical hurdles, many of a political character, and a lack of cooperation by the military seeking to protect its own.

# ४. भूकम्प प्रभावितहरूको मानवअधिकार संरक्षणका लागि अभियान

२०७२ वैशाख १२ गते गोरखा केन्द्रबिन्दु भएको ७.८ रेक्टर स्केलको र त्यसको केहीदिन पछि वैशाख २९ गते दोलखा केन्द्रबिन्दु भएको ७.३ रेक्टरस्केलको भूकम्पका कारण नेपालको मध्यक्षेत्रका झण्डै ९ हजारजनाको ज्यान गयो । सो विनाशकारी भूकम्पमा पाँच लाख भन्दा बढी भवनहरू ध्वस्त भए भने झण्डै २ लाख ७५ हजार भवनहरूमा आंशिक क्षति पुग्यो । हजारौँ मानिसहरूको अङ्भङ्ग वा घाइते भए । विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय, सडक लगायतका पूर्वाधार र संरचना पनि ध्वस्त भए । भूकम्पको सबैभन्दा बढी प्रभाव सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, काठमाडौँ उपत्यका, रसुवा, दोलखा, गोरखा, कास्की र लमजुङ्मा परेको थियो ।

त्यस प्राकृतिक प्रकोपको लगत्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायले उद्धार र राहतको काम थालनी गरे भने अलपत्र भएका मानिसहरूलाई अस्थायी बसोवासको प्रयास थालनी गरियो । नेपाली सेना, प्रहरी र सरकारी संयन्त्रले अन्तर्राष्ट्रिय सहायताकर्मी समेतको सहयोगमा उद्धार चरणमा गरेको कामलाई भूकम्प पीडितले मात्र नभई अन्यले समेत सराहना गरेको पाइयो । यद्यपि राहत वितरणको काममा व्यापक अव्यवस्था भएको गम्भीर गुनासाहरू पनि प्रकाशमा आएका थिए ।

एम्नेस्टी इन्टरनेसनलले भूकम्प पश्चात्को राहत वितरणको चरणमा प्रभावितहरूको अधिकार संरक्षणका दृष्टिकोणबाट अनुगमन गरेको थियो । त्यस्तै पुनर्निमाणको चरण सुरु हुनुभन्दा ठीक अघि पनि एम्नेस्टी इन्टरनेसनलले स्थलगत अनुसन्धानहरू गरेको थियो । सोही कामलाई गत वर्ष पनि निरन्तरता दिइयो । प्रस्तुत छ भूकम्प पश्चात्को अवस्थाका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलले गरेका केही कार्यहरूको सारांश :

## १. अनुमगन मिसन

भूकम्प पछिको पुनर्निर्माणसम्बन्धी कामको अनुमगन गर्न एम्नेस्टी इन्टरनेसनलले स्थलगत अनुगमन गऱ्यो । २०७४ कार्तिक २२ देखि मंसिर १७ (७ नोभेम्बर देखि २ डिसेम्बर २०१६) मा एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालबाट अभिया अधिकृत अरा फ्रिम्यान तथा नेपाल अनुसन्धानकर्ता डा. शेरा तामाङले भूकम्प पडितहरूको अवस्था, विशेष गरी आवासको अधिकारको बारेमा फलोअप अध्यनका सन्दर्भमा अवलोकन गर्न दोलखाको स्थलगत भ्रमण गर्नुका साथै स्थानीयस्तरमा कार्यरत राजनीतिक दल, स्थानीय सरकारी निकाय तथा गैरसरकारी एवं समुदायस्तरमा कार्यरत संस्थाका प्रतिनिधिहरूसँग भेटघाट गरी सूचना सङ्कलन गर्नु भएको थियो ।

## २. भूकम्पपछिको पूनर्निर्माणका सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक

मिति २०७४ वैशाख १२ अर्थात अप्रिल २५ का दिन एम्नेस्टी इन्टरनेसलनले भूकम्पपछिको पुनर्निर्माणमा मानवअधिकारका दृष्टिकोणले दोलखा जिल्लालाई केस स्टडीका रूपमा लिई गरिएको अध्ययन प्रतिवेदन *"असमानता खडा गर्दै":भूकम्प पछिको पुनर्निर्माणमा सीमान्तकृतहरूको संरक्षण गर्न नेपाल सरकारको विफलता* नामक प्रतिवेदन एक कार्यक्रमको आयोजना गरी काठमाडौंको होटल हिमालयमा सार्वजनिक गरिएको थियो । संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि भ्यालेरी जुलियाण्ड र एम्नेस्टी नेपालका अध्यक्ष राजनप्रसाद कुइकेलद्वारा सार्वजनिक गरिएको उक्त प्रतिवेदनको सारसङ्क्षेप प्रस्तुती अन्तर्राष्ट्रिय सचिवालयकी नेपाल क्याम्पेनर अरा फ्रिम्यानले गर्नु भएको थियो । यस प्रतिवेदनले विश्व बैंकको परियोजनामा आधारित भूस्वाम्त्विको आधारमा ग्रामीण आवास निर्माणसम्बन्धी हाल चालू सरकारी नगद अनुदानको मापदण्ड र प्रकृयाले भूमीहीन, गुठीजग्गामा बसोबास गरेका, अन्य कसैको वा साहु वा मालिकको जग्गामा घर बनाएर बसेका र एउटै छानामुनि रहेका थुप्रै अलग अलग परिवारहरू आवासको अधिकारबाट वञ्चित हुन पुगेको कुरालाई उजागर गरेको छ । यस प्रतिवेदनले सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, दातृकियहरू लगायतलाई आवास निर्माण अनुदान प्रकृयामा वृद्ध, महिला, अपाङ्गता भएका व्यक्तिहरू लगायत ऐतिहाँसिक रूपमा सीमान्तकृत भएका/बनाइएका समुदायहरूको पनि आवासको अधिकार सुनिश्चित गर्ने तवरमा मानवअधिकारमैत्री ढङ्गमा अनुदान प्रकृया अघि बढाउन सुझाव राखेको छ ।

कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रतिनिधि, पत्रकार, भूकम्प पछिको पुनर्निर्माण तथा आवासको अधिकार क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको उपस्थिति रहेको थियो । प्रतिवेदन सार्वजनीकरण पश्चात प्यानल डिस्कसन सञ्चालन गरिएको थियो जसमा प्यानलिष्टका रूपमा राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि भ्यालेरी जुलियाण्ड, भूमीअधिकारक्षेत्रका अभियन्ता जगत देउजा, लेखक मञ्जुश्री थापाले नेपालमा विद्यमान सामाजिक सीमान्तीकरणको ऐतिहाँसिक पृष्ठभूमी र पछिल्लो समयमा प्राकृतिक लगायतका विपत्तिहरूले सीमान्तकृत वर्गहरूलाई थप मर्कामा पारेको अवस्थामा सरकार, विकासे साझेदार र नागरीक अभियन्ताहरूले फरक र समावेशी ढङ्गमा काम गर्नुपर्ने तर्क गर्नुभएको थियो । कार्यक्रममा उक्त प्रतिवेदनको क्याम्पेन डाइजेस्टको पनि सार्वजनिक गरिएको थियो ।

प्रतिवेदनको संक्षिप्त विवरण https://www.amnesty.org/en/latest/news/2017/04/nepal-two-years-on-the-government-continues-to-fail-marginalised-earthquake-survivors/ मा र क्याम्पेन डाइजेस्ट https://www.amnesty.org/en/documents/asa31/5957/2017/en/ मा हेर्न सकिन्छ ।

त्यसै गरी यस प्रतिवेदनलाई विभिन्न संचार माध्यमहरूले पनि कभरेज गरेका थिए ।

- http://kathmandupost.ekantipur.com/news/2017-04-30/nra-clarifies-ai-charges-on-reconstruction.html

- http://kathmandupost.ekantipur.com/news/2017-04-24/govt-continues-to-fail-marginialised-quake-survivors-amnesty-international.html

- http://www.myrepublica.com/news/18802/

- http://kathmandupost.ekantipur.com/news/2017-05-01/separate-and-unequal.html

- http://www.egaurishankar.com/2017/04/9359

## ३. एक्सन सर्कुलर

भूकम्प प्रभावितहरूको अधिकार संरक्षणको आह्वान गर्दै एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको राष्ट्रव्यापी अभियानका लागि २०७४ असार २७ (११ जुलाई २०१७) मा एम्नेस्टी नेपालमा आबद्ध सबै स्थानीय समूह र युथ नेटवर्कहरूलाई एक्सन सर्कुलर प्रेषित गरियो । त्यस सर्कुलरमा अभियानको उद्देश्य, भूकम्प प्रभावितहरूको अधिकार विषयमा एम्नेस्टी इन्टरनेसनलको संस्थागत अवधारणापत्र लगायतका विषयहरू उल्लेख गरिएको थियो । सोही सामग्रीको प्रयोग गरेर समूह तथा युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका थिए ।

### ३.१. स्थानीयस्तरमा कार्यक्रमहरू

देशका विभिन्न स्थानमा रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्कहरूको व्यवस्थापनमा कार्यक्रमहरू भए । ती कार्यक्रमहरूका लागि अभियान सामग्री उपलब्ध गराउने लगायतको सहयोग एम्नेस्टी नेपालको केन्द्रीय कार्यालयले गरेको थियो ।

सो अभियान अन्तर्गत कतिपय समूह र युथ नेटवर्कहरूले सार्वजनिक कार्यक्रम नै आयोजना गरेर हस्ताक्षर सङ्कलन गरे भने कतिपयले एम्नेस्टी नेपाल सदस्य र सहयोगीहरूलाई भेटी अनुरोध पत्रमा हस्ताक्षर गराएर सम्बन्धित अधिकारीहरूलाई पठाए ।

सदस्यहरूबाट जम्मा १३५० वटा हस्ताक्षरहरू सङ्कलन भएको जानकारी प्राप्त भएको थियो ।



काठमाडौं युनिभर्सिटी, काभ्रेद्वारा आयोजित हस्ताक्षर संकलन कार्यक्रम

## ४. अनलाईन एक्सन

भूकम्प प्रभावितहरूको अधिकार संरक्षणको आह्वान गर्दै एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको राष्ट्रव्यापी अभियानमा सहभागी हुनका लागि उत्प्रेरित गर्ने हेतुले एम्नेस्टी नेपालको वेबसाईट र फेसबुक पेजमा पनि यस प्रतिवेदनलाई प्रचार गरिएको थियो ।

एम्नेस्टी नेपालको वेबसाईट मार्फत जम्मा २४२७ जनाले भने हेर्नुभएको र ११०५ लाईक्सहरू प्राप्त भएका थिए ।

# ५. विरोध प्रदर्शनको अनुगमन र अत्यधिक बलको प्रयोगबाट भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूको विरोध

२०७२ असोज ३ मा संविधान जारी भएपछि विभिन्न भूभाग र समुदायका नागरिकहरूले नयाँ संविधानले आफ्ना अधिकार यथेष्ट तवरले सुनिश्चित नगरेको वा राजनीतिक र प्रदेश विभाजनका दृष्टिकोणले अवैज्ञानिक व्यवस्था गरिएको भनी आन्दोलन सुरु गरे । त्यस क्रममा देशका विभिन्न स्थानमा हिंसात्मक घटना र महिनौँसम्म आन्दोलनहरू भए । त्यतिमात्र नभै महिनौंसम्म सवारी तथा आपूर्ति अवरुद्ध भयो । त्यस अवस्थाको एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय र एम्नेस्टी नेपालले निरन्तर अनुगमन गरे ।

## १. टीकापुर घटनामा प्रेस विज्ञप्ती

गत अगष्ट २५, २०१५ मा कैलालीको घट्नापश्चात यस घट्नामा संलग्नता रहेको आशंकामा त्यहाका रैथाने थारु आदिवासी समुदाय माथि भएको स्वेच्छचारी गिरफतार, यातना र दुव्यवहारको बारेमा ए.आईले गरेको अनुसन्धानको प्रतिवेदन यही जुलाई सन् २०१६ को १९ (२०७३ श्रावण ४) गते सार्वजानिक गरिएको थियो । सो प्रतिवेदन https://www.amnesty.org/en/documents/asa31/4456/2016/en/ मा प्राप्त गर्न सकिन्छ ।

## २. सप्तरी घटनामा प्रेस विज्ञप्ती

त्यसै गरी मिति २०७३ फाल्गुन २३ गते सप्तरीमा नेकपा एमालेको मेची महाकाली अभियानको क्रममा मधेसी मोर्चाका कार्यकर्ताहरूले विरोध जनाउने क्रममा भड्किएको हिंसात्मक घटनामा प्रहरीको अत्यधिक बल प्रयोगको कारण भएको मृत्युमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै एम्नेस्टी इन्टरनेसनलले सो घटनाको "शीघ्र, निष्पक्ष र प्रभावकारी" अनुसन्धान गरी दोषीलाई कारबाही प्रकृयामा ल्याउन अपिल गर्दै ७ मार्च २०१७ मा प्रेस विज्ञप्ती जारी गऱ्यो ।

सो विज्ञप्ती https://www.amnesty.org/en/press-releases/2017/03/nepal-investigation-urgently-needed-after-security-forces-shoot-protesters-dead/ मा प्राप्त गर्न सकिन्छ ।

## ३. कञ्चनपुर घटनामा प्रेस विज्ञप्ती

कञ्चनपुरमा फाल्गुन २६ (९ मार्च) मा नेपाल भारत सीमा नजिक नेपाली भूभागमा कल्भर्ट निर्माणमा भएको विवादमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले गोली चलाउँदा एक नेपाली नागरिक गोविन्द गौतमको मृत्यु भएको घटनामा आपत्ति जनाउँदै एम्नेस्टी इन्डियाले इन्डियन अधिकारीहरूलाई "विश्वासिलो र स्वतन्त्र नागरिक अनुसन्धान" गर्न आदेश दिन र "स्वीकार्य प्रमाण उपलब्ध भएको अवस्थामा सन्दिग्धलाई नागरिक अदालतमा अभियोजन गर्न" माग गर्दै प्रेस वक्तव्य जारी गऱ्यो । उक्त प्रेस विज्ञप्ती निकाल्नका लागि अन्तर्राष्ट्रिय सचिवालयका दक्षिण एसिया निर्दशक विराज पटनायकसँग एम्नेस्टी नेपालले सूचना आदानप्रदान लगायत सहकार्य गरेको थियो ।

सो विज्ञप्ती https://www.amnesty.org/en/press-releases/2017/03/nepal-investigation-urgently-needed-after-security-forces-shoot-protesters-dead/ मा प्राप्त गर्न सकिन्छ ।

# ६. जोखिममा परेका व्यक्तिहरू (Individuals at Risk) सम्बन्धी अभियान

तत्काल गम्भीर मानवअधिकार उल्लङ्घन वा ज्यादतीको जोखिममा रहेका व्यक्तिहरूका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलले अभियानहरू सञ्चालन गर्दछ । यस्तो अभियानलाई Campaign for Individual at Risk भनिन्छ । यस्ता अभियानहरूमा खासगरी जोखिममा परेका व्यक्तिहरूको जीवनको अधिकार र अन्य मानवअधिकार सुनिश्चित गर्न अनुरोध गर्दै विश्वभरका एम्नेस्टी सदस्यहरूले पत्रलेखन लगयातका अन्य कामहरू गर्दछन् । जोखिममा रहेका व्यक्तिहरूको अधिकार संरक्षणको लागि पत्र लेख्ने तथा अन्य अभियान गर्ने काम एम्नेस्टी इन्टरनेसनलको नियमित काम अन्तर्गत पर्दछ ।

वर्ष २०७३/७४ मा पनि एम्नेस्टी नेपालले केन्द्रीयस्तर र यस संस्थामा आबद्ध समूह तथा युथ नेटवर्कको व्यवस्थापकीय सहयोगमा स्थानीयस्तरमा समेत त्यस्ता अभियानहरू अन्तर्गत विभिन्न कार्यक्रमहरू गर्‍यो ।

## १. लेटर राईटिङ म्याराथन २०१६

मानवअधिकार हननको जोखिममा रहेका व्यक्तिहरूलाई त्यस्तो जोखिमबाट बचाउन आवाज उठाउने उद्देश्यले एम्नेस्टी इनटरनेसनलले नियमित रुपमा पत्रलेखन अभियान गर्ने गर्दछ । त्यसमा पनि डिसेम्बर १० को वरिपरिका दिनहरूमा Letter Writing Marathon नामक विशेष अभियान नै सञ्चालन गर्ने  गरिन्छ । त्यस म्याराथनमा विश्वभरका केही घटनाहरू छनोट गरी ती घटनाका सम्बन्धमा विश्वभरबाट पत्रहरू लेखिन्छ । म्याराथनका क्रममा विश्वभरबाट दसौंलाख पत्रहरू लेखिन्छन् ।

प्रारम्भमा एम्नेस्टी इन्टरनेसनलको पोल्याण्ड शाखाले सन् २००१ मा १० डिसेम्बरको एक हप्ताभर आफ्ना सदस्य र समर्थकहरूलाई परिचालन गरी मानवअधिकार हननका घटना रोक्न आह्वान गर्दै तयार गरिएको अनुरोधपत्रमा हस्ताक्षर संकलन गर्न व्यवस्थित तवरले अभियान गर्न थालनी गर्‍यो । त्यस अभियानमा व्यापक जनचासो र समर्थन भए पछि "पत्रलेखन म्याराथन" नामबाट विश्वव्यापी तवरमै सो अभियान गर्ने गरिन्छ, जसमा एम्नेस्टी इन्टरनेसनलका विश्वभर रहेका कार्यालयहरूको संलग्नता रहन्छ ।

विगतका वर्षमा झैं सन् २०१६ को ग्लोवल लेटर राइटिङ्ग म्याराथनमा पनि एम्नेस्टी नेपालले अभियान गर्‍यो । **नाभेम्बर/डिसेम्बर २०१६** मा सञ्चालित सो अभियानका लागि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले विश्वभरबाट कुल १२ वटा घटना पत्रलेखनका लागि छनोट गरेकोमा एम्नेस्टी नेपालले ती मध्येका पाँचवटालाई प्राथमिकतामा राखेको थियो । प्राथमिकतामा राखिएका घटनाहरूका लागि तयार गरिएका अनुरोधपत्रहरूमा हस्ताक्षर सङ्कलन गर्न आवश्यक सामग्री उत्पादन गर्ने र अभियान गर्ने कामहरू गरियो ।

इन्डोनेसियाका प्राथमिक स्कूल शिक्षक **जोहन टेटरीसा** (Johan Teterissa) लाई प्रदर्शनका क्रममा झण्डा उठाएको निहुमा १५  बर्षको कारावास सजाय तोकिएको थियो र उनले १० बर्ष काराबास भोगीसकेका थिए ।

- केमरुनका युवा **फोमसो इभो फे** (Fomusoh Ivo Feh) लाई  व्यङ्ग्यात्मक एस.एम.एस पठाएको कारण  २० बर्ष कारावास सजाय सुनाईएको र  सैनिक अदालतको सोधपुछका लागि जेलमा थिए ।
- मलावीमा **एनी अल्फ्रेड** (Annie Alfred) जस्तै *अलबीनीजम* (रङ्गहीनताको कारण सेतो हुने) भएका व्यक्तिहरूलाई उनीहरूको शरिरमा जादुइ शक्ति हुने विश्वास गर्छन् । र यसै कारण यस्ता हजारौ अलबीनीजम भएका व्यक्तिहरू विभिन्न अंगहरूका लागि मारिने जोखिममा रहेका छन् ।
- उत्तरी पेरुकी किसान **मेक्सिमा अकुना**(Máxima Acuña) को जमिनमाथिको स्वामित्वका लागि कानुनी लडाईका क्रममा उनी र उनका परिवारमाथि आक्रमण र धम्कीहरू भईरहने गरेको थियो ।
- टर्कीकी वकिल र पूर्व सम्पादक **एरिन केस्किन** (Eren Keskin) ले टर्की सरकारको खुलारुपमा आलोचना गर्दै आएको कारण उनीमाथि सरकारले बेलाबखतमा मुद्दाहरू लगाएर दुख दिने गरिरहेको र कुनै पनि समय लामो अवधिका लागि कारावासको सजाय हुने आशंका गरिएको थियो ।

### १.१ केन्द्रीयस्तरमा भएका कार्यक्रमहरू

६८औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा ६ डिसेम्बर २०१६ (२०७३ मंसिर २१) मा काठमाडौँमा आयोजना गरिएको चियापान कार्यक्रममार्फ लेटर राइटिंग म्याराथन प्रारम्भ गरिएको थियो । संवैधानिक निकायका प्रमुखहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, राजनीतिकर्मी, पेशाकर्मी, वुद्धिजीवी, एम्नेस्टी सदस्यहरू र विभिन्न क्षेत्रका महानुभावहरूको सकृयातामा अनलाइन र अफलाइन गरी जम्मा ३५,००० एक्सनहरू सम्पन्न भएका थिए ।




### १.२ स्थानीय समूह र युथ नेटवर्कहरूलाई एक्सन सर्कुलर

ग्लोबल लेटर राइटिङ्ग म्याराथनका सम्बन्धमा नोभेम्बर २०१६ मा एम्नेस्टी नेपालमा आबद्ध सवै स्थानीय समूह र युथनेटवर्कहरूलाई अभियान सामग्रीहरू सहितको एक्सन सर्कुलर प्रेषित गरिएको थियो । उक्त सर्कुलरमा अभियानको उद्देश्य, अभियानका लागि छनोट गरिएका घटनाहरूको विवरण, एम्नेस्टीले थालनी गरेको हस्ताक्षर सङ्कलन अभियान, हस्ताक्षर सङ्कलनका लागि तयार गरिएको नमूनापत्र लगायतका सामग्रीहरू संलग्न गरिएको थियो ।

ग्लोबल लेटर राइटिङ्ग म्याराथनअन्तर्गत सम्बन्धित देशका सरकार प्रमुखलाई लेखिएको अनुरोध पत्रमा हस्तक्षर सङ्कलन गर्न एम्नेस्टी नेपालमा आबद्ध विभिन्न समूह तथा युथ नेटवर्कहरूले हस्ताक्षर सङ्कलन गरेका थिए जसको केही झलकहरू यस प्रकार रहेको छ :




आरबिएच युथ नेटवर्क, काठमाडौंद्वारा आयोजित हस्ताक्षर सङ्कलन कार्यक्रम




काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, काभ्रेद्वारा आयोजित अनलाइन हस्ताक्षर संकलन कार्यक्रम






दमक, झापास्थित समुह तथा युथ नेटवर्कहरूद्वारा संयुक्त रूपमा आयोजित हस्ताक्षर संकलन कार्यक्रम

समुह ८, काठमाडौंद्वारा आयोजित हस्ताक्षर संकलन कार्यक्रम

**१.३ अनलाईन एक्सन**

ग्लोवल लेटर राइटिङ्ग म्याराथनमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले विश्वभरबाट कुल १२ वटा घटना पत्रलेखनका लागि छनोट गरेकोमा एम्नेस्टी नेपालले प्राथमिकतामा राखेको पा वटा घटनाहरू सम्बन्धि जानकारी सामाग्रीहरू र हस्ताक्षरपत्र एम्नेस्टी नेपालको वेबसाईट र फेसबुक पेजमा पनि राखिएको थियो ।

सो अनलाईन सामाग्रीहरू २९८० जनाले हेरेका र २३ जनाले शेयर गरेका थिए ।

## २. **फिलिपिन्सका राष्ट्रपति दुतर्तेले अपराधविरुद्ध अभियानको नाममा व्यापक तवरले गरिरहेको मानवअधिकार उल्लङ्घनका विरुद्ध विश्वव्यापि अभियान**

राष्ट्रपति दुतर्तेले २०१६ जुन ३० मा कार्यलय सम्हाले पश्चात लागुऔषधसम्बन्धी अपराधलाई नियनत्रण गर्ने नाममा भयावहरूपले गैरकानुनी हत्या लगायत गैरन्यायिक मृत्युदण्डका घटनाहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ ।

आफ्नो चुनावी अभियानका क्रममा जुन ५, २०१६ मा राष्ट्रपति दुतर्तेले नागरिकहरूलाई आफ्नो कर्तव्य निर्वाह गर्दै लागुऔषध अपराधमा आशङ्का गरिएकाहरूलाई मार्नका लागि प्रेरित गरेका थिए । राष्ट्रपति भएपश्चात उनले आफ्नो यस प्रतिज्ञालाई पुनः जोड दिँदै लागुऔषध अपराध निर्मुल पार्नका लागि कार्यन्वयनकारी निकायहरूलाई कार्यहरू दोब्बर, तेब्बर गुणा बढाउनका लागि आह्वान गरेका थिए । दुतर्तेको यस भनाइले अपराधविरुद्ध अभियानको नाममा मानवअधिकार उल्लङ्घनमा व्यापक तवरले तीव्रता दिएको पाईयो ।

अन्तराष्ट्रिय कानुन र मापदण्डअनुसार प्रहरीद्वारा अति आवश्यक अवस्था बाहेक अन्य अवस्थामा बल प्रयोगलाई कडाईका साथ निषेध गरेको छ । प्रहरीले आफ्नो कर्तव्य पालना गर्ने क्रममा सबै मानिस, अपराधको आशङ्का गरिएका व्यक्तिसमेतको बाँच्ने अधिकार, स्वतन्त्रता र सुरक्षाको अधिकारको सम्मान गर्दै बलको प्रयोग गर्नुपूर्व हिँसात्मक विधि अपनाउन नहुने र राज्यले आफ्नो नागरिकहरूलाई सबै प्रकारको हिँसाबाट सुरक्षा दिनुपर्ने दायित्वको पालना गर्दै गैरन्यायीक हत्याको छिटो, स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्नु पर्ने हुन्छ ।

त्यसैले फिलिपिन्सका राष्ट्रपति दुतर्तेलाई यी गैरन्यायिक मृत्युदण्ड र गैरकानुनी हत्याहरूको भर्त्सना गर्दै आफ्ना मातहतका कार्यन्वयनकारी निकायहरूलाई बल प्रयोगका सन्दर्भमा अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरूको पालना गर्न, सुरक्षा निकायहरूबाट भएको घातक बल प्रयोग र हत्याहरूको तुरुन्त स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरी

दोषिलाई कानुनी कठघरामा ल्याउन, प्रहरीका क्रियाकलापहरूलाई पारदर्शी र जवाफदेहीतामुखी बनाउनका लागि स्वतन्त्र प्रहरी संयन्त्रको स्थापना गर्न आवह्ान गर्दै एम्नेस्टीले विश्वव्यापिरुपमा Urgent Action Circular जारी गरेको थियो ।

फिलिपिन्समा भईरहेको अपराधविरुद्ध अभियानको नाममा मानवअधिकार उल्लंघन व्यापकको भर्त्सना गर्दै एम्नेस्टी नेपालले पनि सो अभियानमा ऐक्यबद्धता जनाउँदै अभियानलाई राष्ट्रियव्यापी रूपमा सञ्चालन गरेको थियो ।

## २.१ स्थानीय समूह र युथ नेटवर्कहरूलाई अर्जेन्ट एक्सन सर्कुलर

राष्ट्रपति दुतर्तेको यस्ता कृत्यहरूको भत्सर्ना गर्दै यसलाई तत्कालै रोक्नका लागि एम्नेस्टी नेपालले २०७३ श्रावण २७ (११ अगस्ट २०१६) मा एम्नेस्टी नेपालमा आबद्ध सवै स्थानीय समूह र युथनेटवर्कहरूलाई अभियान सामग्रीहरू सहितको अर्जेन्ट एक्सन सर्कुलर प्रेषित गरिएको थियो ।

त्यस सर्कुलरमा अभियानको उद्देश्य, हस्ताक्षर संकलनका लागि तयार गरिएको नमूनापत्र लगायतका सामग्री संलग्न गरिएको थियो । सोही सामग्रीको प्रयोग गरेर समूह तथा युथ नेटवर्कहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका थिए ।



AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL
Amnesty Marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal

११ अगष्ट २०१६

श्री संयोजकज्यू,
ए.आई. नेपालमा आबद्ध सबै समूह तथा युथ नेटवर्कहरु

विषय :URGENT ACTION CIRCULAR

### २.१.१ स्थानीयस्तरमा कार्यक्रमहरू

देशका विभिन्न स्थानमा रहेका एम्नेस्टी नेपालमा आवद्ध समूह तथा युथ नेटवर्कहरूको व्यवस्थापनमा कार्यक्रमहरू भए । ती कार्यक्रमहरूका लागि अभियान सामग्री उपलब्ध गराउने लगायतको सहयोग एम्नेस्टी नेपालको केन्द्रीय कार्यालयले गरेको थियो ।

सो अभियान अन्तर्गत कतिपय समूह र युथ नेटवर्कहरूले सार्वजनिक कार्यक्रम नै आयोजना गरेर हस्ताक्षर संकलन गरे भने कतिपयले एम्नेस्टी सदस्य र सहयोगीहरूलाई भेटी अनुरोध पत्रमा हस्ताक्षर गराएर सम्बन्धित अधिकारीहरूलाई पठाए ।

## २.२. अनलाईन एक्सनहरू

फिलिपिन्सको यस्तो भयावह अवस्थाबारे सदस्य, समर्थक र अन्यहरूलाई पनि सुचित गराउन र यस अभियानमा सहभागी हुनका लागि आह्वान गर्दै एम्नेस्टी नेपालको वेबसाईट र फेसबुक पेजमा पनि यस अभियानलाई राखिएको थियो जसलाई एम्नेस्टी नेपालको वेबसाईटमार्फत १७६२ जनाले हेरेका थिए ।

## ३. पाकिस्तानमा इश्वरनिन्दाको आरोपमा भएका मानवअधिकार उल्लङ्घनका विरुद्ध अभियान

पाकिस्तानमा इश्वरनिन्दा गरेको आरोपमा कानुनलाई आधार मान्दै धार्मिक अल्पसङ्ख्यक, मानवअधिकार रक्षकहरू आदिलाई झूठो अभियोगमा भएका यातना, कारावास र हत्याका बारेमा एम्नेस्टीले २१ डिसेम्बर २०१६ मा ***As good as dead: The impact of Blasphemy laws in Pakistan*** प्रतिवेदन सार्वजनिक गरेको थियो ।

### ३.१ पाकिस्तानका राजदुतलाई ध्यानाकार्षण

सो प्रतिवेदन सार्वजनिक गरे लगत्तै एम्नेस्टी नेपालका अध्यक्ष श्री राजनप्रसाद कुईकेलको अध्यक्षतामा नेपालस्थित पाकिस्थान राजदूतसँग भेटघाट भएको थियो । भेटघाटका क्रममा राजदूत श्री मजहर जाभेदले एम्नेस्टीको यस प्रतिवेदन एकतर्फी भएको यद्यपि इश्वरनिन्दा कानुनको भने दुरुपयोग भएको स्वीकार्नु भएको थियो । उक्त प्रतिनीधिमण्डलमा अध्यक्ष कुइँकेल लगायत अभियान अधिकृत श्री अस्मिता सापकोटा, अफिस मेनेजर श्री श्रद्धा थापा र पूर्व निर्देशक श्री रामेश्वर नेपाल हुनुहुन्थ्यो ।

## ४. सिरियामा भईरहेको मानवअधिकार ज्यादती र नरसंहार रोक्न को लागि अभियान

एघारौं युथमेलामा सहभागी युवा अभियन्ताहरूलाई मानवअधिकारको अवधारणात्मक ज्ञान प्रदान गर्नुका साथै, मानवअधिकार अभियानका बारेमा व्यवहारिक प्रशिक्षण गराइएको थियो । यसै क्रममा २०१७ अफ्रिल ६ को विहान सिरियामा भइरहेको मानवअधिकार ज्यादती र नरसंहार रोक्न माग गर्दै युथ मेलामा सहभागी युवा अभियन्ताहरूद्वारा पोखराको लेकसाइडदेखि होटल जलमहलसम्म एक र्‍यालिको पनि आयोजना गरीयो ।












## ५. एम्नेस्टी थाइल्याण्डका अध्यक्षमाथि लागिएको अभियोग फिर्ता लिनका लागि आह्वान गर्दै अभियान

थाइल्याण्डमा मे २०१४ मा सेनाले सत्ता कब्जा गरेपश्चात सैनिक सरकारले त्यहाँ नागरिक स्वतन्त्रता उल्लङ्घन गर्दै आएको छ । यसै क्रममा एम्नेस्टी थाईल्याण्डका अध्यक्ष पोर्पेन कोंकाकोंकित लगायत अन्य दुई मानवअधिकारकर्मीलाई त्यहाँका सुरक्षाकर्मीहरूबाट भएका यातनाहरूका बारेमा प्रतिवेदन निकालेको भनेर 'कम्प्युटर अपराध' को अभियोग लगाएको थियो । मानवअधिकार उल्लंघन गर्नेहरूलाई उचित कारवाही गर्नुको साटो उनीहरूको कृत्यलाई पर्दा हाली यातनाहरूको घट्ना, विषयलाई उठान गर्ने यी तीन मानवअधिकारकर्मीहरूलाई अपराध गरेको भनी कारवाही गरेको कारण २६ जुलाई २०१६ मा एम्नेस्टीले

विश्वव्यापिरुपमा यी मानवअधिकारकर्मीहरूमाथि लगाएको अभियोग फिर्ता लिनका लागि आवह्‌न गर्दै अभियान प्रारम्भ गरेको थियो ।

### ५.१ अनलाईन एक्सन

एम्नेस्टी थाईल्याण्डका अध्यक्ष पोर्पेन कोंकाकोंकित लगायत अन्य दुई मानवअधिकारकर्मीमाथि भएको दमन र मानवअधिकार उल्लङ्घनका घट्नालाई ढाकछोप गर्ने कार्यबारे सदस्य, समर्थक र जनमानसलाई सुचित गराउनका लागि एम्नेस्टी नेपालको फेसबुक पेजमा राखिएको थियो ।

## ६. एम्नेस्टी टर्कीका अध्यक्ष, निर्देशक लगायत अन्य मानवअधिकारकर्मीहरू रिहाईको लागि अभियान

६ जुन २०१७ मा एआइ टर्कीका अध्यक्ष टानर किलिकलाई अन्य २२ जना वकिलहरूसहित टर्की सरकारले फतुल्ला गुलेन टेरर अर्गनाइजेसमा आबद्ध रहेको आरोपका साथ पक्राउ गरी हिरासतमा राखेको छ । टानरलाई हिरासतमा लिईएको महिना दिन नबित्दै एम्नेस्टी टर्कीका निर्देशक इडिल इसरसहित अन्य आठ जना मानवअधकिार अभियन्ताहरूलाई पनि आतङ्कवादी सङ्गठनको नाममा अपराध गरेको अभियोगमा हिरासतमा राखेको थियो । लामो अवधिदेखि मानवअधिकारको क्षेत्रमा कार्यरत अभियन्ता र अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूप्रति टर्की सरकारको कठोर दमनको विरोध गर्दै उनीहरूमाथिको मिथ्या आरोप फिर्ता लिन र उनीहरूलाई यथाशक्य तुरुन्त रिहाइ गर्न माग गर्दै एम्नेस्टीले विश्वव्यापी रूपमा अभियान गरिरहेको छ ।

यस अभियानमा एम्नेस्टी नेपालले केन्द्रिय र स्थानीयस्तरमा विभिन्न प्रदर्शन र ऱ्यालीहरू गर्दै उनीहरूको रीहाईको माग गर्दै हस्ताक्षर सङ्कलनहरू गरी ऐक्यबद्धता जनाएको थियो ।

### ६.१ केन्द्रीयस्तरमा कार्यक्रम

#### ६.१.१ प्रदर्शन

जुन १३, २०१७ अर्थात जेठ ३०, २०७४ गते एम्नेस्टी नेपालले एम्नेस्टी टर्कीका अध्यक्ष टानर किलिकलाई टर्की सरकारले "फतुल्ला गुलेन टेरर अर्गनाइजेस" मा आबद्ध रहेको भन्ने आरोपका साथ पक्राउ गरी हिरासतमा राखिएको सन्दर्भमा टानर जस्ता लामो अवधिदेखि मानवअधिकार क्षेत्रमा कार्यरत अभियन्ता र अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूप्रति टर्की सरकारको कठोर दमनको विरोध गर्दै उनीमाथिको मिथ्या आरोप फिर्ता लिन र उनलाई यथाशक्य तुरुन्त रिहाइ गर्न माग गर्दै काठमाडौंको न्युरोडमा हस्ताक्षर सङ्कलन र एक प्रदर्शन कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा एम्नेस्टी नेपालका नेसनल बोर्ड पदाधिकारीहरू, ग्रुप र युथ नेटओर्क सदस्यहरू लगायत अन्य सर्वसाधारणहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा टानरको रिहाइको माग गर्दै लगभग ४०० सर्वसाधारणहरूको हस्ताक्षर सङ्कलन गरिएको थियो ।





सङ्कलित यी हस्ताक्षरहरू असार १, २०७४ (जुन १५, २०१७) मा टर्कीको न्याय मन्त्रालयमा पठाइएको थियो । उक्त पत्राचारको एक प्रति नेपालस्थित टर्कीको अनररी कन्सलुर जनरल अफिसको कार्यालयलाई पनि प्रेषित गरिएको थियो ।

यसै क्रममा सुनसरीको इटहरीमा पनि एम्नेस्टी नेपालआबद्ध पूर्वका समूह र युथ नेटओर्कका अभियन्ताहरूको संलग्नतामा २०७४ असार २६ मा एक र्‍याली आयोजना गर्दै टानर र इडिल लगायत सबै बन्दी बनाइएका मानवअधिकार रक्षकहरूको रिहाइको माग गर्दै हस्ताक्षर सङ्कलन कार्यक्रम गरिएको थियो ।






**७.२ अनलाईन एक्सन**

टर्कीमा एम्नेस्टी टर्कीका अध्यक्ष, निर्देशक लगायत अन्य मानवअधिकारकर्मीहरूमाथि भईरहेको दमनको अवस्थाबारे सदस्य, समर्थक र जनमानसलाई सूचित गराउनका लागि एम्नेस्टी नेपालको फेसबुक पेजमा त्यस बारे जानकारी सामाग्रीहरू राखिएको थियो । उक्त सूचना ८२४ जनाले हेर्नुभएको, ६७८ जनाले लाईक गर्नुभएको र २४ जनाले शेयर गर्नुभएको थिए ।

## ८. उत्तरी म्यान्मारमा जारी द्वन्द्वका क्रममा भइरहेका मानवअधिकार उल्लङ्घन सम्बोधन गर्नका लागि अभियान

म्यान्मारमाको उत्तरी भेगमा जारी वर्तमान द्वन्द्वका कारण विशेष गरी कचीन र उत्तरी शान राज्यहरूमा त्यहाँका अल्पसङ्ख्यक आदिवासीहरूमाथि सेना र सशस्त्र आदिवासी समुहहरूद्वारा भईरहेको मानवअधिकार उल्लङ्घन, ज्यादती, युद्ध अपराधको घटनाहरूको बारेमा एम्नेस्टी इन्टरनेसनलले गरेको *“सबै नागरिकहरूले दुःख भोगिरहेका छन्”: उत्तरी म्यान्मारको द्वन्द्व, विस्थापन र दुर्व्यवहार* शीर्षकको अध्यन प्रतिवेदन १७ जुन २०१७ मा सार्वजनिक गरेको थियो ।

**८.१ म्यान्मारका राजदुत र नेपालका परराष्ट्र मन्त्रीलाई ध्यानाकार्षण**

म्यान्मारमा भइरहेको मानवअधिकार उल्लङ्घन, ज्यादती, युद्ध अपराधको स्थितिबारे ध्यानाकार्षण गराउनका लागि एम्नेस्टी नेपालले म्यान्मारको नेपालस्थित राजदूतावास र नेपालका परराष्ट्रमन्त्री कृष्णबहादुर महरालाई छुट्टाछुट्टै पत्र लेखी उक्त पत्रमा म्यान्मारका राजदूतलाई उनको सरकारलाई उक्त मानवअधिकारको डरलाग्दो अवस्थामा सुधार गर्न आग्रह गर्न तथा नेपालका परराष्ट्र मन्त्रीलाई म्यानमारको सरकारमाथि उपर्युक्त अवस्थाको सम्बोधनका लागि कुटनीतिक दवाब श्रृजना गर्न अनुरोध गरिएको थियो

**८.२ अनलाईन एक्सन**

म्यानमारको मानवअधिकारको अवस्थाबारे सदस्य, समर्थक र अन्यहरूलाई पनि सुसूचित गराउन लागि एम्नेस्टी नेपालको वेबसाईट र फेसबुक पेजमा पनि यस प्रतिवेदनलाई प्रचार गरेको थियो । एम्नेस्टी नेपालको वेबसाईट मार्फत जम्मा २४३० जनाले हेरेका थिए ।

# ७. वार्षिक प्रतिवेदन सार्वजनिक

एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले प्रत्येक वर्ष विश्वका विभिन्न मुलुकहरूको मानवअधिकारको स्थिति समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्दै आएको छ । संस्थापक पीटर बेनेन्सनले एम्नेस्टी अभियान प्रारम्भ गर्नुभएको लगत्तै अर्को वर्ष अर्थात् सन् १९६२ देखि वार्षिक प्रतिवेदन प्रकाशन गर्न थालिएको हो ।

त्यसैक्रममा सन् २०१६/१७ को वार्षिक प्रतिवेदन २२ फेब्रुअरी २०१७ (२०७३ फागुन ११) का दिन विश्वव्यापी रूपमा सार्वजनिक गरियो । वार्षिक प्रतिवेदन २०१६/१७ यस संस्थाले प्रकाशन गरेको ५४ औँ वार्षिक प्रतिवेदन हो । जम्मा १५९ देशको सन् २०१६ को वर्षभरिको मानवअधिकारको अवस्था समेटिएको सो प्रतिवेदनमार्फत् गत वर्ष (सन् २०१६) को मानवअधिकारको विश्वभरको यथार्थ अवस्थालाई सार्वजनिक गरेको छ ।

प्रतिवेदनले गएको वर्षभर द्वन्द्व, विस्थापन, विभेद वा दमनका कारण धरै मानिसहरूले भोग्नु परेको दुःखलाई उजागर गरेको छ । एम्नेस्टी इन्टरनेसनलले सार्वजनिक गरेका प्रत्येक मानवअधिकार हननका लागि उसले सम्बन्धित पक्षको जवाफदेहिताको माग गर्दछ ।

## १. विशेष कार्यक्रमका साथ नेपालमा पनि वार्षिक प्रतिवेदन सार्वजनिक

### १.१. केन्द्रीय कार्यक्रम

एम्नेस्टी इन्टरनेसनलको वार्षिक प्रतिवेदन २०१६/१७ नेपालमा पनि सार्वजनिक गर्न एम्नेस्टी नेपालले २२ फेब्रुवरी २०१७ (२०७३ फागुन ११) एक विशेष कार्यक्रम आयोजना गर्‍यो ।

नेसनल बोर्डका अध्यक्ष राजनप्रसाद कुईकेल र एम्नेस्टी नेपालका संस्थापक नुतन थपलियाले प्रतिवेदन सार्वजनिक गर्दै नेपालमा दण्डहीनता बढ्दै गएकोमा सो प्रतिवेदनले चिन्ता व्यक्त गरेको कुरा बताउनुभयो । समारोहमा निर्देशक निराजन थपलियाले प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो ।

एम्नेस्टी नेपालका सदस्य तथा पत्रकारहरू गरी झण्डै १६० जनाको सहभागिता रहेको सो कार्यक्रममा राष्ट्रिय बोर्डका पदाधिकारी तथा सल्लाहकार सहित पूर्व अध्यक्षहरुको समेत सहभागिता रहेको थियो ।





## २. सञ्चार अभियान

एम्नेस्टी इन्टरनेसनलको वार्षिक प्रतिवेदनले सञ्चार माध्यममा महत्वपूर्ण स्थान प्राप्त गर्‍यो । एम्नेस्टी इन्टरनेसनलको धारणा प्रकाशमा ल्याउन सञ्चारमाध्यमले विशेष समाचारहरु प्रकाशित/प्रसारित गरे । ती मध्ये केही यस प्रकार रहेका छन् :

http://kathmandupost.ekantipur.com/printedition/news/2017-02-23/demonising-policies-of-trump-others-a-risk-amnesty.html

http://kathmandupost.ekantipur.com/printedition/news/2017-02-23/progress-on-transitional-justice-precious-little-ai.html

https://thehimalayantimes.com/world/amnesty-says-donald-trumps-poisonous-rhetoric-makes-world-darker-place/

http://baahrakhari.com/news-details/18604/2017-02-23

http://rajdhanidaily.com/2017/02/23/40634/

http://www.enayapatrika.com/2017/02/23/127557/

http://www.nepalipatra.com/news/trend/amnesty-international-report-nepal/15708

http://www.onlinekhabar.com/2017/02/546573/

http://lokaantar.com/samasamayik/5543

## एम्नेस्टी नेपालका समूह तथा नेटओर्कहरूले गरेका प्रतिनिधिमूलक गतिविधिहरूको केही झलक[१]

### दण्डहीनताविरुद्धको अभियान






विश्व मानवअधिकार दिवसको अवसरमा मिति २०७३ मंसिर २५ गतेका दिन समूह ८९ द्वारा **"नेपाल पूर्ण दण्डहिनताको अवस्थामा"**शीर्षक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा १७५ जनाको सहभागिता रहेको थियो र नेपालमा मौलाउदै गएको दण्डहीनताको अवस्थाका बारेमा छलफल गरिएको थियो ।

| | |
|---|---|
|  |   |
| विगतमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाका बारेमा समूह ३ को आयोजनामा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा दोषीलाई कारबाही एवं पीडित र तिनका परिवारहरूलाई परिपूरण उपलब्ध गराउन र भविष्यमा पुनः यस्ता घटनाहरू नदोहोरिउन् भन्ने कुरामा बिशेष छलफल गरिएक थियो । कादम्बरी कलेजमा भएको उक्त कार्यक्रममा करिब ३५ जना अधिकारकर्मीको उपस्थिति रहेको थियो र सबै जसो वक्ताहरूले नेपालमा दण्डहीनता मौलाउदै गएको धारणा व्यक्त गरेका थिए । | एम्नेस्टी इन्टरनेसनल नेपाल, समूह ६९ र काँक्रेविहार युथ नेटवर्क, सुर्खेतको संयुक्त आयोजनामा 'दीगो शान्ति स्थापनाका लागि दण्डहीनता अन्त्य गरौं' भन्ने मूल नाराका साथ विद्यालय स्तरीय फुलवल प्रतियोगिता वीरेन्द्रनगरमा सम्पन्न गरयो। सो प्रतियोगितामासुर्खेत उपत्यकामा रहेका विभिन्न ६ वटा निजी तथा सामुदायिक विद्यालयको सहभागिता रहेको थियो । |
|   |  |
| एम्नेस्टी नेपालको दण्डहीनताविरुद्धको अभियानलाई साथ दिँदै ५६ औं एम्नेस्टी दिवसको अवसरमा बाराही युथ नेटवर्कले २०७३ साल फाल्गुण २७ गते | "नेपाल पूर्ण दण्डहीनताको" अवस्था बिषयमा बाराही युथ नेटवर्क र शिक्षक तथा सामाजिक कार्यकर्ता समूह ८२, पोखराले कास्कीको तान्त्रिगाउँमा अभिमूखीकरण |

[१]एम्नेस्टी नेपालका विभिन्न समूह र युथ नेटओर्कहरूले गर्नुभएका विभिन्न गतिविधिहरूको बारेमाक सचिवालय सूचित छ र यहाँ उल्लेख गरिएका गतिविधिहरू प्रतिनिधिमूलक मात्र हुन् । स्पेस अभावका कारण सबै गतिविधिहरूलाई उल्लेख गर्न सम्भव भएन ।

| | |
|---|---|
| दण्डहीनताविरुद्ध अर्न्तक्रिया कार्यक्रम सम्पन्न गर्यो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लगायत विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो । | सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा करिब ५० जना स्थानीयको सहभागिता रहेको थियो र नेपालमा द्वन्द्वकालमा भएका जबरजस्ती बेपत्ता, यौनिक हिंसा लगायत चरम मानवअधिकार उल्लङ्घनका घटना र त्यसले परिवार र समाजमा पारेको प्रभाव साथै सरकारले ती घटनाहरूको सम्बोधन गर्नका लागि देखाएको उदासिनताको बारेमा छलफल गरिएको थियो । |

- समूह ६४ ले अन्तरास्ट्रिय न्याय दिवस जुलाई १७ को अवसरमा सङ्क्रमणकालीन न्यायको विषयलाई उठान गर्दै रत्न नगर, चितवनको सौराहा चोकमा एक ऱ्याली आयोजना गरेको थियो।
- त्यस्तै बनेपा युथ नेटवर्कले, एम्नेस्टी दिवसको अवसरमा नेपालमा दण्डहीनताको विषय समेटेर अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । जसमा नवनिर्वाचित जनप्रतिनिधिहरूसहित ४० भन्दा बढीको उपस्थिति रहेको थियो ।
- समूह ७६, गोरखाले नेपाल पूर्ण दण्डहिनताको अवस्था विषयमा कार्यपत्र सहित अन्तक्रिया कार्यक्रम आयोजना गरी दण्डहिनताका विषयमा बृहत छलफल गऱ्यो ।
- एम्नेस्टी इन्टरनेसनल नेपाल, समूह ६९ र काँक्रेविहार युथ नेटवर्क, सुर्खेतको संयुक्त आयोजनामा **'दीगो शान्ति स्थापनाका लागि दण्डहीनता अन्त्य गरौं'** भन्ने मूल नाराका साथ विद्यालयस्तरीय फुटबल प्रतियोगिता मिति २०७३ पौष १५ देखि १७ गते सम्म वीरेन्द्रनगरमा सम्पन्न भएको थियो । उक्त खेलमा सुर्खेत उपत्यकामा रहेका विभिन्न ६ वटा निजी तथा सामुदायिक विद्यालयको सहभागिता रहेको थियो ।
- दन्डहीनताको अवस्थालाई चिरेर न्याय स्थापित गर्नु पर्छ भन्ने कुरालाई ध्यानमा राखी एम्नेस्टी नेपालको दण्डहीनताविरुद्धको अभियानअन्तर्गत समूह७५ ले "नेपाल पुर्ण दन्डहिनताको अवस्थामा" विषयमा २०७३ भदौ १२ मा गणतन्त्र चोक, दमकमा एक दिवशीय प्रचारात्मक कार्यक्रम गरेको थियो ।

| | |
|---|---|
|  | समूह ३४ ले २०७३ असोज १६ मा काठमाडौं, डिल्लिबजारमा **"दण्डहीनता कहिलेसम्म ?"** विषयमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा नेपालमा दण्डहीतनाफस्टाउँदै गएको र यसले न्यायप्राप्तिमा जटिलता ल्याएको बारेमाछलफल भएको थियो । |

## क्षमता अभिवृद्धिका गविधिहरू

- समूह ३ ले आफ्ना सदस्यहरूलाई एम्नेस्टी अभियानकाविविध पक्षका बारेमा जानकारीदिने उद्देश्यले प्रशिक्षण आयोजनागऱ्यो ।उक्त कार्यक्रममा नयाँ/पुराना सदस्य गरी करिब ३५ जनाको सहभागिता रह्यो ।
- २०७४ श्रावण २७ गते अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भमा समूह २० ले फोटोग्राफीसम्बन्धी प्रशिक्षण आयोजना गऱ्यो । यस कार्यक्रमको उद्घाटन नेपाल सरकारका युवा तथा खेलकुदमन्त्रि रञ्जन कुमार के.सीद्वारा भएको थियो । उक्त कार्यक्रममा फोटो पत्रकार तथा विज्ञ बिजय गजमेरले अभियान फोटोग्राफीमाथि प्रकाश पार्नु भएको थियो र फोटोको प्रभाव आर्थिक, सामाजिक पक्षमा हुने कुरा सहभागीहरूलाई जानकारी गराउन भएको थियो । कार्यक्रममा बिश्व क केही दुर्लभ फोटोहरू देखाइएको थियो ।
- समूह ८७ ले कक्षा १०का करिब २५ जना विद्यार्थीलाई मानव बेचबिखनका विरुद्धमा पोस्टर बनाउने र नारा लेखन प्रतियोगिताको आयोजना गरेको थियो। दुई दिनसम्म सञ्चालन भएको सो कार्यक्रमले मानव बेचबिखनका बारेमा युवा विद्यार्थीहरूमा चेतना जगाउन मद्दत गरेको थियो।

| | |
|---|---|
|  |  |
| दमकयुथ नेटवर्कले आफ्नाकार्य समिति सदस्यहरूको मानवअधिकारसम्बन्धी ज्ञान अभिवृद्धि साथै एम्नेस्टीको अभियानबारे जानकारी दिन प्रशिक्षण कार्यक्रमको आयोजना गर्यो । श्री दिपीनि आधारभुत विद्यालयमा आयोजित उक्त कार्यक्रममा करिब २० जनाको सहभागिता रहेको थियो । | एम्नेस्टीको अभियान तथा मानवअधिकारको विषयमा काठमाडौँ स्कूलअफ ल का विद्यार्थीहरूको ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले फ्युजन युथ नेटवर्कले अभिमुखीकरण कार्यक्रमको आयोजना गऱ्यो । करिब ५० जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा एम्नेस्टी नेपालबाट मानवअधिकार, एम्नेस्टी इन्टरनेसनल, एम्नेस्टी नेपालले हाल चलाइरहेको मानवअधिकारको अभियान आदिको बारेमा प्रस्तुति गरिएको थियो । |
|  |  |
| एम्नेस्टी इन्टरनेसनल र मानवअधिकारसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उदेश्यले, नेसनल ओपन कलेज युथ नेटवर्कले मानवअधिकारसम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा ७२ जना बहालवाला तथा इच्छुक सदस्य र युवा विद्यार्थीहरू उपस्थित थिए । करिब पाँच घण्टा सम्मको उक्त प्रशिक्षणमा एम्नेस्टी नेपालले सहजीकरण गरेको थियो । | RBH युथ नेटवर्कले ४५ जना नयाँ सदस्यहरूको लागि मानवअधिकारसम्बन्धी अभिमुखीकरण आयोजना गर्‍या । पाँच घण्टा लामो सो कार्यक्रमले मानवअधिकारसम्बन्धी ज्ञान अभिवृद्धि गराएको थियो । |

## पऱ्याप्त आवासको अधिकारसम्बन्धी अभियानहरू

भूकम्प पुननिर्माणसम्बन्धी एम्नेस्टी इन्टरनेसनलको अनुसन्धान प्रतिवेदन सार्वजनिक भएसँगै एम्नेस्टी नेपालका अभियानकर्ताहरूले स्थानीयस्तरमा विभिन्न कार्यक्रमहरू आयोजना गरी पीडितको पर्याप्त बासको अधिकार सुनिश्चित् गर्नका लागि नेपाल सरकारलाई दबाव दिए ।

- समूह ७६ गोरखाले भूकम्पपछिको पुर्ननिर्माणमा केन्द्रित रहेर बैठक, अर्न्तक्रियालगायत अन्य दबाबमूलक कार्यक्रमहरू आयोजना गऱ्यो ।समूह ७६ को अगुवाइमा जिल्लामा क्रियाशील मानवअधिकारकर्मीहरूको बैठक बसी भूकम्पपछि पुर्ननिर्माण, पुनर्स्थापना तथा कानुनी अड्चनहरू, सङ्घ, संस्थाको पारदर्शिता, मूल्य वृद्धि, कालोबजारी जस्ता विषयहरूमा छलफल गऱ्यो । त्यस्तै २०७३ कार्तिक १० गते गोरखा जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्रबुझाईसुकुम्वासी, जग्गाको स्वमित्व नरहेका मानिसहरूका आवाससम्बन्धीसमस्या सुल्झाउन अनुरोध गर्यो ।





समूह ३४ले२०७४साल असार १६गते काठमाडौं, न्युरोडमा भूकम्प प्रभावितभूमिहीन व्यक्तिहरूलाई उचित आवासको अधिकार सुनिश्चितगर्न आह्वान गर्दै हस्ताक्षर सङ्कलन् कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा भूकम्प प्रभावित व्यक्तिहरूको पर्याप्त आवासको अधिकार सुनिश्चित गर्नका लागि प्रधानमन्त्रीलाई लेखिएको पत्रमा ३०० जना सर्वसाधारणको हस्ताक्षर गर्नु भएको थियो ।

- काठमाडौं यूनिभर्सिटी यूथ नेटवर्कले विश्वविद्यालय हाताभित्र चलाएको अभियानबाट एक हप्तामा ९१० थान अनलाइनहस्ताक्षरहरू सङ्कलन भएका थिए ।




३१ असार २०७४ का दिन रामपुर युथ नेटवर्कका सदस्यहरूले भुकम्पपीडित व्यक्तिहरूको पऱ्याप्त आवासको अधिकारबारेमा रामपुर बज़ारका स्थानीयहरूलाई जानकारी गरायो । साथै पिडितहरूको अधिकार सुनिश्चित गर्नका लागि नेपाल सरकारलाई दबाब दिने अभिप्रायले हस्ताक्षार सङ्कलन गऱ्यो । उक्त कार्यक्रमबाटअफलाइन २६६ र अनलाइन १०० थान हस्ताक्षरहरू सङ्कलन भएको थियो ।

## मानवअधकिार शिक्षा

- लयर्स समूह ६९ को आयोजनामा मिति २०७३ माघ १५ गते मानवअधिकार तथा एम्नेस्टीसम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भयो । करिब ४९ जनाको सहभागिता रहेको उक्त अनुशिक्षण कार्यक्रम समूह तथा युथ नेटवर्कमा आबद्ध विशेषगरी नयाँ सदस्यहरूका लागि लक्षित गरी आयोजना गरिएको थियो ।
- समूह ६७ हेटौंडाले अधिवक्ता रामकृष्ण देउलालाई ईन्द्रबहादुर श्रेष्ठ स्मृती मानव अधिकार सम्मान/पुरस्कारबाटसम्मानगऱ्यो । पाँच हजार नगदरहेको उक्त पुरस्कार हरेक वर्ष मानवअधिकार क्षेत्रमा अनुकरणीय काम गर्ने अधिकारकर्मीलाई दिइन्छ ।
- समूह६१ ललितपुरले२०७४ जेष्ठ ५ गते अन्नपुर्ण माध्यामिक विद्यालय बागडोल, ललितपुरमा मानवअधिकार शिक्षा कार्यक्रम आयोजना गर्यो । सो कार्यक्रममाविद्यालयकाआठ र नौ कक्षाका विद्यार्थीहरूलाई मानवआधिकाररएम्नेस्टीअभियानकाबारेमा जानकारी गराए।
- आफ्नो नेटवर्कलाई आर्थिक श्रोत जुटाई, मानवअधिकारको मुद्दालाई अझ सशक्त र बृहत रूपले स्थानीयस्तरमा पुऱ्याउनका लागि दमक युथ नेटवर्कले दिपावलीको अवसरमा देउसी भैलो कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रमले श्रोत सङ्कलन मात्र नभई स्थानीय समुदायसँग सम्बन्ध गाँस्न र एम्नेस्टीको अभियानका बारेमा जानकारी गराउन मदत पुऱ्यायो।







नेटवर्कको अभियानहरूबारे सम्पूर्ण सदस्य तथा सुभचिन्तकहरूमा जानकारी गराउन, मानवअधिकार संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुर्याउन र आर्थिक स्रोत जुटाउने उदेश्यले दमक युथ नेटवर्कले "युवाअभियान" नामक स्मारिका एक कार्यक्रमका बीच विमोचन गर्यो । उक्त स्मारिकामा दमक युथ नेटवर्कले गरेका गतिविधिहरूका साथै मानवअधिकारसम्बन्धी लेख रचनाहरू समावेश छन् ।

इन्जिनियरिङ्ग यूथ नेटवर्कले जुन १९ का दिनInternational Day for the Elimination of Sexual Violence in Conflictको अवसरमा यौनिक हिंसाको बिषयमा अभिमुखीकरण सम्पन्न गरयो । करिब १७ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा एम्नेस्टी नेपालबाट १० बर्षे द्वन्द्वकालमा भएको, पीडितहरूको न्यायमा पहुँच र यौनिक हिंसासम्बन्धी नेपालको वर्तमान कानुनमा भएको कमजोरीको बारेमा प्रस्तुति गरिएको थियो ।

- मानवअधिकार तथा एम्नेस्टीको अभियानका बारेमा सर्बसाधरणलाई चेतना जगाई सदस्यहरू बढाउनका लागि काठमाडौ यूथ नेटवर्कले मुलपानी देखि चाँगुनारायण सम्मको पैदलयात्रा कार्यक्रम सम्पन्न गर्यो । उक्त यात्रामा करिब १५ जना सदस्यहरूको उपस्थिति रहेको थियो र पैदलयात्राको क्रममा एम्नेस्टीसँग सम्बन्धित र आप्रवासी अधिकारसम्बन्धी पर्चा वितरण गरिएको थियो ।
- मानवअधिकारसम्बनधी चेतना अभिवृद्धि गर्ने उद्देश्यले समूह १६ बिरगंजले मानवअधिकार शिक्षा कार्यक्रमलाई बिशेष प्राथमिकता दियो । मानवअधिकारको विश्वब्यापी घोषणाबारे स्थानीय विद्यालयमा अर्न्तक्रिया आयोजना गर्‍यो त्यस्तै अर्न्तराष्ट्रिय महिला दिवसको अवसरमा मानवअधिकार र महिलाअधिकारबारे करिब ४५ जना महिलालाई जानकारी गरायो साथै आप्रवासी श्रमिकको अधिकारका बारेमा शिक्षक, अभिभावक ,समाजसेवी गरी ४५ जनालाई बालविद्या मन्दिरमा अभिमुखीकरण गरायो ।










शिक्षक, अभिभावक तथा विद्यार्थीलाई बालअधिकारको बारेमा सचेतना अभिवृद्धि गर्ने अभिप्रायले कृषि क्याम्पस युथ नेटवर्क, लमजुङ्गले यस बर्ष Human Rights Friendly School अभियान प्रारम्भ गरेको छ । यस अभियानअन्तर्गत स्थानीयस्तरमा रहेका विद्यालयमा गएर बालअधिकारको अवस्था र बालश्रमको विषयमा करिब १ घण्टाको अभिमुखीकरण गरिन्छ । साथै बालअधिकारसम्बन्धी वृत्तचित्र पनि देखाइन्छ ।

काठमाडौँ यूनिभर्सिटी यूथ नेटवर्कले ५ देखि १५ बर्षसम्मका बालबालिकालाई लक्षित् राखेर चित्रकला कार्यक्रम आयोजना गर्‍यो । उक्त कार्यक्रममा यूनिभर्सिटी हातामा रहेका बालबालिका, शिक्षक तथा अभिभावकहरूको उपस्थिति रहेको थियो र बालअधिकारको बारेमा छलफल गरिएको थियो ।

- नेपाल युथ नेटवर्कले मानवअधिकार शिक्षा कार्यक्रममा बिशेष प्राथमिकता दियो । ६८औ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा लियो क्लब इम्पेरीयलसँग मिलेर यमबिशन एकेडेमीमा **"संविधान र मानवअधिकार"** बारेमा प्रशिक्षण दियो । जसमा +२ र स्नातक तहका गरी करिब ५० जना

विद्यार्थीहरूको उपस्थिति रहेको थियो । त्यस्तै जोरपाटीको जया बहुमुखी क्याम्पसमा “युवा र मानवअधिकार” सम्बन्धी प्रशिक्षण कार्यशालाको आयोजना गऱ्यो ।

## अन्तर्राष्ट्रिय दिवसहरू

- निशान दीप समूह १ धनकुटाले विश्व मानवअधिकार दिवसको अवसरमा कविता वाचन प्रतियोगिता आयोजना गऱ्यो । पर्तियोगितामा मानवअधिकारसँग सम्बन्धित कविताहरू प्रस्तुत गरिएका थिए।




अन्तर्राष्ट्रिय बेपत्ता दिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपाल, लयर्स समूह ६९ (सुर्खेत र काँकेबिहार युथनेटवर्कले मिति २०७३ साल भाद्र ४ गते वीरेन्द्रनगरमा शान्ति द्वीप प्रज्वलन कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा समूहर युथनेटवर्कका पदाधिकारी एवं सदस्यहरूको सहभागिता रहेको थियो ।

- अन्तर्राष्ट्रिय वेपत्ता दिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपालको समूह २ र समूह ६९, काँकेबिहार युथनेटवर्कको सयुँक्त आयोजनामा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा द्वन्द्व कालमादुवै पक्षबाट भएका बेपत्तालगायत गैरन्यायिकहत्या, यातना, यौनजन्य हिंसाका बारेमा छलफल गरिएको थियो ।
- ६८ औ बिश्व मानव अधिकार दिवसका अवसरमा गैसस महासंघ, विभिन्न सामाजिक संस्थाहरू, एम्नेस्टी नेपालसमूह ३ काठमाण्डौं लगायत ६०० भन्दा बढी मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको सामूहिक पहलमा काठमाण्डौमा विशाल मानवअधिकार शान्ति यात्रासम्पन्न भयो ।




६८ औं मानवअधिकार दिवसको उपलक्षमा समूह ५७ जनकपुरले दीप प्रज्वलन कार्यक्रम आयोजना गऱ्यो ।

- समूह७ महोत्तरीले अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा ऱ्याली तथा विचार गोष्ठीको आयोजना गऱ्यो । उक्त कार्यक्रममासमूहका सदस्य लगायत प्राध्यापक, शिक्षक, कर्मचारी, स्थानीय व्यापारी, संचारकर्मी, वुद्धिजिवी, युवा तथा विद्यार्थीहरूको उपस्थिति रह्यो । ऱ्यालीपछि श्री राम माध्यमिक विद्यालय, मटिहानीको सभा हलमा भएको विचारगोष्ठीमा महोत्तरी जिल्लामा मजदुरहरूको अवस्थाका बारेमा प्रस्तुती रिएको थियो र वक्ताहरूले श्रमिक दिवसको महत्वकाबारेमा प्रकाश पारेका थिए ।
- अन्तरास्ट्रिय महिला अधिकार दिवस मार्च ८ को सन्दर्भमा समूह १४ ले स्थानीय महिला समूहसँग मिलेर अन्तक्रिया कार्यक्रम आयोजना गर्यो । उक्त कार्यक्रममा महिला अधिकार र महिला बिरुद्ध हुने शाररिक, मानसिक र सामाजिक हिंसाका बारेमा छलफल गरिएको थियो ।
- विश्व मानवअधिकार दिवसको अवसरमा समूह १४ ले स्थानीय गैरसरकारी संस्थाका करिब २७ जना प्रतिनिधिलाई मानवअधिकार र एम्नेस्टीको अभियानको विषयमा प्रशिक्षण गरायो ।





| | |
|---|---|
| समूह १७ भक्तपुरले विश्व मानवअधिकार दिवसको अवसरमा भक्तपुरको प्रसिद न्यातापोला मन्दिर परिसरमा दीप प्रजोलन कार्यक्रम आयोजना गर्यो । उक्त कार्यक्रम मा अम्नेस्टीका सदस्यहरू, स्थानिय अधिकारकर्मी हरू को उपस्थिति थियो । | अन्तराष्ट्रिय महिला दिवसको अवसरमा समूह १८ ले काठमाडौं दरबारमार्गमा दीप प्रजोलन आयोजना गऱ्यो । उक्त कार्यक्रममा करिब ३६ जना महिलासहित ५१ जनाको सहभागिता थियो । |

- १०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपाल, लर्यस समूह ६९ को आयोजनामा २०७३ फागुन २५ गते महिला सम्मान कार्यक्रम सम्पन्न भएको थियो । सो महिला सम्मान कार्यक्रममा स्वास्थ्य , उद्यमशीलता र सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने तीनमहिलाहरूलाई सम्मान गरिएको थियो ।
- समूह ६४ ले २०७४ साल जेष्ठ २९ गते अन्तराष्ट्रिय बाल श्रमविरुद्धको दिवसमा अर्न्तक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

| | |
|---|---|
|  | अन्तराष्ट्रिय महिला दिवसको उपलक्ष्यमा, समूह २७ लम्जुङ्ग र कृषि क्याम्पस युथ नेटवर्कको संयुक्त आयोजनामा मैत्रीपूर्ण महिला फुटबल प्रतियोगिता आयोजना गरिएको थियो । सो कार्यक्रममा ७७ जना सहभागीहरूको उत्साहजनक सहभागिता रहेको थियो। |
|  | एकसय अट्ठाइसऔं अन्तर्रास्ट्रिय श्रमिक दिवसको अवसरमा, समूह ४३, बनेपा र बनेपा युथ नेटवर्कको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । एम्नेस्टी सदस्यहरू र अन्य गरी करिब २० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा श्रमिकहरूले देश तथा विदेशमा काम गर्दा सामना गर्नुपर्ने चुनौतीको विषयमा बृहत छलफल भएको थियो । |
|  | ५६औ एम्नेस्टी दिवसको अवसरमा देवी यूथ नेटवर्क र समूह ५८ बिर्तामोड झापाले मानव अधिकारको नारा सहित र्‍यालीको आयोजना गर्यो । उक्त र्‍यालीमा एम्नेस्टी सदस्य लगाएत अन्य मानव अधिकारकर्मीहरूको उपस्थिति थियो । |
|  | रङ्गको आधारमा हुने विवेदको अन्त्य हुनुपर्दछ र विश्वमा सहिष्णुता हुनुपर्दछ भन्ने उद्देश्यका साथ होली पर्वको अवसरमा डाइनामिक यूथ नेटवर्कले "मानवताका रङ्गहरू" बिषयक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रम नेपाल कमर्स क्याम्पस, बानेश्वरमा भएको थियो र एम्नेस्टीका अभियानकर्ता लगायत विद्यार्थीको उल्लेखनीय उपस्थिति थियो । |



इन्जिनियरिङ्ग यूथ नेटवर्कले International Day for the Elimination of Sexual Violence in Conflict को अवसरमा यौनिक हिंसा बिरुद्ध सचेतनामूलक र्‍यालीको आयोजन गर्‍यो । पुल्चोक देखि थापाथली सम्मको पद यात्रामा करिब ४५ जनाको सहभागिता रहेको थियो । उक्त पदयात्रामा यौनिक हिंसा बिरुद्ध विभिन्न नारा भएका प्लेकार्डहरू प्रदर्शन गरिएको थियो ।



युथ नेटवर्कका लागि कोष संकलन  र एमनेस्टी इन्टरनेसनल अभियानहरूको बारेमा जानकारी दिने उद्देश्यले रामपुर युथ नेटवर्कले होलिको अवसर पारेर Face Paintingप्रतियोगिताको आयोजना गर्‍यो । उक्त कार्यक्रममा होली पर्बका बेला महिला माथि हुने दुर्व्यवहारका बारेमा पनि छलफल गर्‍यो ।

- अन्तराष्ट्रिय बेपत्ता दिवसको अवसरमासमूह २८ ले मंगलसेनमा, नेपाल सरकारको ध्यानाकर्षण गराउन तथा जनचेतना जगाउनका लागि शिक्षक, कर्मचारी, प्राध्यापक र विद्यार्थीहरूको उपस्थितीमा एमनेष्टि नेपाल , वेपत्ता दिवसर मानवअधिकारको विषयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्‍यो ।
- समूह ३७ द्वारा विश्व बेपत्ता दिवस ३० अगस्टको अबसरमा बेपत्ताहरूको खोजी प्रति राज्यको दायित्वको विषयमा बिचार गोष्ठीको आयोजना गर्‍यो ।
- बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस (International Day of the Victims of Enforced) को अवसरमा जोसेफ युथ नेटवर्क रसमूह ८०, काठमाडौंको संयुक्त आयोजनामा बलपूर्वक बेपत्ता पार्नु अपराध हो र यसलाई द्वन्द्वको अवस्थामा द्वन्द्व सामना गर्ने रणनीतिको रूपमा प्रयोग गर्नु हुँदैन र गोप्य तवरले थुनामा राख्ने वा बेपत्ता बनाइने कार्य मानव अधिकारको ठाडो उल्लंघन हो भन्दै कपनस्थित तरकारी वजारमा जनचेतना कार्यक्रमको आयोजना गरियो ।
- १०७औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपाल, लर्यस समूह ६९, सुर्खेतको आयोजनामा २०७३ फागुन २५ गते महिला सम्मान कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त महिला सम्मान कार्यक्रममा स्वास्थ्य, उद्यमशीलता र सामाजिक  क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने तीन जना महिलाहरूलाई सम्मान गरिएको थियो ।
- प्रत्येक वर्ष मानवअधिकार दिवसको अवसरमा गरिने Write for Rights अभियान अन्तर्गत काठमाडौं युथ नेटवर्कले विभिन्न पाँच छुट्टाछुट्टै अन्तर्राष्ट्रिय घटनाहरूका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा २१०० थान हस्ताक्षर संकलन गरियो । सो हस्ताक्षर संकलन कार्यक्रम बिद्यालय, क्याम्पस स्थानीय समुदायमा गरिएको थियो ।

## अन्तर्राष्ट्रिय सोलिड्यारिटि क्याम्पेन






समूह १८ ले एम्नेस्टी टर्कीका निर्देशक टानर किलिकको बिना सर्त रिहाईका लागि हस्ताक्षर संकलन अभियान गर्‍यो । उक्त कार्यक्रमबाट टानरको रिहाई माग गर्दै ३१० वटा हस्ताक्षर संकलन भएको थियो ।






महिला समूह २१ काठमाडौंले २०७४ साल असार १ गते एम्नेस्टी टर्कीका अध्यक्ष टानर किलिकको रिहाइको माग गर्दै हस्ताक्षर सङ्कलन तथा प्रदर्शन कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा पेशाकर्मी, नागरिक समाजका प्रतिनिधि, एम्नेस्टी सदस्यहरू र सर्वसाधरण गरि ३०० भन्दा बढीले उहाँको रिहाईको माग गर्दै हाश्ताक्षर गरेका थिए ।




Write for Rightsअभियानअन्तर्गत समूह ३९ ले २०७३ मंशिर २४ मा नुवाकोटको तादी गाउपालिका–५, स्थित श्री यूनीभर्शलमा हस्ताक्षर सङ्कलन कार्यक्रम सञ्चालन गरेको थियो । ईण्डोनेशियाको जोन टेष्टोरियालाई तत्काल जेलमुक्त गरि परिवार सामु उपस्थित गराउन त्यहाको राष्ट्रपतीलाइ् लेखिएका् अनुरोधपत्रमा करिब ३०० थान हस्ताक्षरसंकलन भएका थियो।




RBH युथ नेटवर्कले यातनाको अन्त्य, शरणार्थीको अधिकार र मृत्यु दण्डको अन्त्य बिषयहरू राखेर चित्रकला प्रतियोगिताको आयोजना गर्यो । सो प्रतियोगितामा २५ बर्ष मुनिका १९ जना राष्ट्रिय तथा अन्तरास्ट्रिय युवाहरूको सहभागिता रहेको थियो र युवाहरूमा नयाँ किसिमको जोश, जाँगर र उत्सुकता ल्याएको थियो ।





पक्लिहवायुथ नेटवर्कले“WORLD LETTER WRITING MARATHON COMPETITION“ अन्तर्गतEREN KESKINको रिहाई को लागि २०० भन्दा धेरै हस्ताक्षर सङ्कलन गऱ्यो ।

## आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी अभियान






मानवअधिकार र आप्रवासी श्रमिकको विषयमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले समूह १८ ले फाल्गुन ६ गते काठमाडौंको मनमैजु, तारकेश्वर नगरपालिकामा एक कार्यक्रम आयोजना गर्यो । महिला लक्षित उक्त कार्यक्रममा करिब ६० जना स्थानीय महिला बिशेषगरी वैदेशिक रोजगारीमा जाने परिवारका सदस्यहरूकोसहभागिता थियो ।

| | |
|---|---|
|  | समूह ३९ लेमिति २०७३ साल माघ १२ गते नुवाकोट जिल्लाको विदुरमा सरकारी निकायहरूको योजना तर्जुमा प्रकृयामा सुरक्षीत बसाईसराई र आप्रवासी कामदारहरूको हक र अधिकारको बिसय प्राथमिकताका साथ लियियोस भन्ने अभिप्रायलेसरकारी निकायहरूका योजना अधिकृतहरू, राजनैतीक दलका प्रतिधिहरू, एवं जिल्लास्थित अन्य सरोकारवालाहरूलाई लक्षित गरी कार्यशाला आयोजना गर्यो । |
|  | वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको अधिकारका सम्बन्धमा चेतना जगाउन २०७३ पौष १० गते नुवाकोट जिल्लाको दुप्चेश्वर गाउपालिका श्री कल्याण उ.मा.वि. मा समूह ३९ द्वारा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धित चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रममा सुरक्षित बैदेशिक रोजगारीका ३ चरण नामक बुकलेट करिब ३०० थान वितरण गरिएको थियो। |
|  | चितवन महोत्वको अवसर पारेर समूह ३३ द्वारा “वैदेशिक रोजगारीका तीन चरण” बुकलेटको वितरण गरिएको थियो । |
|  | एम्नेस्टी नेपाल समूह २० द्वारा मिति बैशाख १८ २०७४ गतेका दिन, श्रमिक दिवसको उपलक्ष्यमा प्रवासी श्रमिकहरूको हकहितको संरक्षणका लागि हस्ताक्षर अभियान गरिएको थियो । बिहान ७ बजे देखि १० बजे सम्म चलेको यस अभियानमा करिब २०० मानिसहरूको सहभागिता रहेको थिए। |
|  | २०७३ चैत्र १५ गते पक्लिहवा युथनेटवर्कले “सामाजिक परिवर्तनमा बैदेशिक रोजगारको भूमिका” शीर्षकमा जिल्ला स्थरिय अन्तर कलेज बक्तृत्वकला प्रतियोगिता आयोजना गर्यो । सो कार्यक्रममा १० जना प्रतिष्प्रधीहरूले बैदेशिक रोजगारले व्यक्ति, परिवार , समाज र राष्ट्रमा पारेको प्रभाव बारेमा आफ्नो प्रस्तुती राखेका थिए । |
|  | नेपाली आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चित् गर्न माग गर्दै इमोर्टल युथ नेट्वोर्क, दमकले बाघखोर, दमकमा हस्ताक्षर सङ्कलन कार्यक्रम सम्पन्न गर्यो । उक्त कार्यक्रममा करिब ३०० थान हस्ताक्षर सङ्कलन भएको थियो भने वैदेशिक रोजगार सम्बन्धी सूचना बुकलेट “बैदेशिक रोजगारका तीन चरण” करिब ३५० थान वितरण गरिएको थियो । |

## “मेरो शरिर मेरो अधिकार” अभियान







यस बर्ष “मेरो शरीर मेरो अधिकार” अभियान अन्तर्गत काठमाडौं यूनिभर्सिटी यूथ नेटवर्कले समलैंङ्गिकता, यौन तथा प्रजनन स्वास्थ्य, लैङ्गिक विभेद लगायतका बिषयहरूमा रहेर विभिन्न कार्यक्रमहरूको आयोजना गऱ्यो । **“समलैङ्गिकताः सामाजिक अवस्था अनि वास्तविकता”** बिषयमा क्षेत्रीयस्तरको वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी एम्नेस्टी नेपालसँग आबद्ध यूथ नेटवर्कहरूलाई समावेश गराएको थियो । प्रतियोगिताको अन्तिम चरणमा ७ वटा यूथ नेटवर्कका प्रतियोगीहरूले समलैङ्गिकतामा केन्द्रित आफ्नो प्रस्तुति राखेका थिए । त्यस्तै महिलाको महिनावारीको विषयलाई लिएर हुने विभेद तथा अन्धविश्वासको बारेमा रहेर छोटो वृत्तचित्र बनाइ सामाजिक सञ्जालमा राखेका थिए । महिनावारी पाप हैन बरदान हो भन्नेसो वृत्तचित्रलाई यस प्रतिवेदन तयार पार्दासम्म ३०,०००जनाले हेरेका थिए।




नुवाकोट महोत्सवको अवसर पारीसमूह ३९ ले मिति २०७३ साल माघ २० गते ‘‘मेरो शरिर मेरो अधिकार’’ सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्यो । महोत्सवमा ३००० मानिसहरूलाई ‘‘मेरो शरीर मेरो अधिकार’’ सम्बन्धी पर्चा वितरण गरियो र करिब १५० जनालाई पाठेघर खस्ने समस्याबारेप्रत्यक्ष परामर्श दिइएको थियो ।

# खण्ड २
# संस्थागत गतिविधि

# ८. संस्थागत अवस्था र गतिविधि

## १. समूह र युथ नेटवर्क

आ.व. २०७३/७४ को अन्त्यमा एम्नेस्टी नेपालमा आबद्ध समूहहरूको सङ्ख्या ७१ रहेको थियो भने निर्माणाधिन समूहहरूको सङ्ख्या पाँच रह्यो । त्यस अवधिमा युथ नेटवर्कहरूको सङ्ख्या ४२ रहेको थियो । समूह र युथ नेटवर्क गरी ३७ जिल्लामा एम्नेस्टी नेपालको स्थानीय संरचना गठन भई कार्यरत रहे ।

कुल ३६ जिल्लामा समूहहरू रहेका थिए भने १५ जिल्लाका युथ नेटवर्कहरूले एम्नेस्टी नेपालसँग आबद्धता लिएका थिए । एम्नेस्टी नेपालको समूहहरू नरहेको तर युथ नेटवर्क मात्र गठन भएर कार्यरत रहेको जिल्लाहरू एक थियो । *(समूह र युथ नेटवर्कको विवरण अनुसूची १ र २ मा दिइएको छ)*

## २. सदस्यता

आ.व. वर्ष २०७३/७४ को अन्त्यमा एम्नेस्टी नेपालको **कुल सदस्य सङ्ख्या ५,६५९** रहेको थियो । कुलमध्ये पुरुषको सङ्ख्या ३,३१९ र महिला २,३३९ रहेको छ । यो सङ्ख्या गत वर्षको सोही अवधिमा ५,७०३ रहेको थियो ।




## ३. राष्ट्रिय रणनीतिक लक्ष्य कार्यान्वयन

एम्नेस्टी नेपालको सन् २०१७ देखि २०१९ अवधिको राष्ट्रिय रणनीतिक लक्ष्य (Strategic Goal) ले निर्देश गरेअनुसार वर्ष २०७३/७४ मा आफ्ना गतिविधिहरू अगाडि बढाइयो । उक्त रणनीतिक योजना कार्यान्वयनका लागि सचिवालयले नेसनल बोर्डको तथा अन्तर्राष्ट्रिय सचिवालयसँग समन्वय गर्ने काम गऱ्यो ।

आयरल्याण्डको डब्लिनमा भएको एम्नेस्टी इन्टरनेसनलको महासभाले वर्ष २०१५ मा नयाँ Strategic Goals पारित गरेको र एम्नेस्टी नेपालको चालु राष्ट्रिय रणनीतिक योजनाको अवधि २०१६ बाट समाप्त हुने सन्दर्भमा एम्नेस्टी नेपालले वर्ष २०१७ देखि लागू हुने गरी नयाँ Strategic Goals तयारीको काम थालनी गर्न २०७२ पौष (डिसेम्बर २०१६) मा एक समिति गठन गऱ्यो । नयाँ Strategic Goals एम्नेस्टी नेपालको २५औं वार्षिक साधारणसभामा पेश भई पारित हुने भनिएता पनि सो तयार हुन नसकेको कारण यसलाई डिसेम्वर २०१६ सम्ममा तयार पारीएको छ । यसरी यो ढिलाइ हुनुमा सचिवालयमा

कर्मचारीहरूको अभाव र खासगरी निर्देशक नियुक्त नभइसकेको अवस्था नै प्रमूख रूपमा जिम्मेवार रहेको थियो ।

## ४. कार्ययोजना कार्यान्वयन

एम्नेस्टी नेपालको छ वर्षे रणनीतिक योजनाका उद्देश्यहरू हासिल गर्न तयार गरी चौबीसौं वार्षिक साधारणसभाबाट पारित गरिएको चौथो कार्ययोजना सन् २०१६ को कार्यान्वयनको क्रमलाई गएको वर्षमा निरन्तरता दिइएको थियो ।

## ५. वार्षिक साधारणसभा (राष्ट्रिय परिषद् वैठक)

हरेक वर्ष यस संस्थाको वार्षिकसभा हुने गरेकोमा २०७३ भाद्र २५ र २६ गते (२०१६ सेप्टेम्बर १० र ११ मा) २५औं वार्षिक साधारणसभा सम्पन्न भयो । सभामा देशभर रहेका एम्नेस्टी नेपालमा आवद्ध समूहहरू मध्ये यस संस्थाको विधान र साधारणसभा सञ्चालन नियमावली अनुसार एम्नेस्टी नेपालको वार्षिक साधारणसभामा सहभागी हुन आवश्यक पर्ने आधार र प्रक्रिया पुगेका कूल ६७ समूहहरूमध्ये ६६ वटाबाट १३० जना (२३ महिला र १०७ पुरुष) को प्रतिनिधित्व रहेको थियो । यसका अलावा साधारणसभामा नेसनल बोर्डको तथा पुनरावेदन समितिका पदाधिकारीहरू, राष्ट्रिय सचिवालयका कर्मचारीहरू र आमिन्त्रत पर्यवेक्षकहरूको उपस्थिति रहेको थियो ।

### ५.१. उद्घाटन सत्र

२०७३ भाद्र २४ गते आयोजित एक विशेष समारोहका बीच नेपालका प्रथम तथा पूर्व राष्ट्रपति डा. रामवरण यादवले साधारणसभाको उद्घाटन गर्नुभएको थियो । पोखरास्थित एम्नेस्टी नेपालमा आबद्ध समूह ५४ र ८२ का तर्फबाट गठित २५औं वार्षिक साधारणसभा तयारी समितिका तर्फबाट समूह ५४ का संयोजक श्री नवीनराज बराल र समूह ८२ का संयोजक श्री बसन्तप्रसाद सुवेदी, नेसनल बोर्डकोका अध्यक्ष श्री सूर्यबहादुर अधिकारीको अध्यक्षतामा भएको सो उद्घाटन सत्रका अतिथि वक्ताहरूको सूची निम्न अनुसार रहेको थियो :

१. राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष, श्री अनुपराज शर्मा
२. पूर्व सभामुख एवं नागरिक समाजका अगुवा, श्री दमननाथ ढुङ्गाना
३. नागरिक समाजका अगुवा, प्रा. डा. श्री वीरेन्द्रप्रसाद मिश्र
४. वरिष्ठ पत्रकार, मानवअधिकारकर्मी तथा विश्लेषक, प्रा. श्री पुरुषोत्तम दाहाल
५. नागरिक समाजका अगुवा तथा एम्नेस्टी इन्टरनेसनल नेपालका पूर्व अध्यक्ष, श्री चरण प्रसाईं
६. सामाजिक न्याय तथा मानवअधिकार समिति सदस्य माननीय श्री गीता क्षेत्री (राणा)
७. नेपाल बार एसोसिएसन कास्कीका अध्यक्ष श्री सोमबहादुर श्रेष्ठ
८. एम्नेस्टी नेपाल, समूह ५४ पोखराका संयोजक श्री नवीनराज बराल
९. एम्नेस्टी नेपाल, समूह ८२ पोखराका संयोजक श्री बसन्तप्रसाद सुवेदी

उद्घाटन सत्रमा एम्नेस्टी नेपालका तात्कालीन निर्देशक रामेश्वर नेपालले एम्नेस्टी इन्टरनेसनलले मानवअधिकारका खातिर हाल सञ्चालन गरिरहेको अभियानहरूको बारेमा जानकारी गराउनुभएको थियो । उहाँले संस्थाको समग्र परिचय दिँदै नेपालका सन्दर्भमा हाल एम्नेस्टी इन्टरनेसनलले प्राथमिकतामा राखेका मानवअधिकारसम्बन्धी अभियानका बारेमा समेत जानकारी गराउनुभएको थियो ।

उद्घाटन सत्रमा विभिन्न संघसंस्थाका प्रतिनिधि तथा एम्नेस्टी सदस्यहरू गरी ३०० जनाभन्दा बढीको उपस्थिति रहेको थियो ।






नेपालका प्रथम तथा पूर्व राष्ट्रपति डा. रामवरण यादवद्वारा मैनबत्ती प्रज्जवलन गरी २५औँ वार्षिक साधारणसभाको उद्घाटन गरिदै ।

**५.२. बन्दसत्र**

भदौ २५ र २६ गते साधारणसभाको बन्दसत्र सम्पन्न भएको थियो । एम्नेस्टी नेपालका अध्यक्ष श्री सुर्यबहादुर अधिकारीको अध्यक्षतामा प्रारम्भ भएको यस बन्दसत्रमा महासचिव श्री करुण खनालले प्रस्तुत गर्नुभएको नेसनल बोर्डकोको गतिविधिको प्रतिवेदन, कोषाध्यक्ष श्री हिरा शर्मा नेपालले प्रस्तुत गर्नुभएको आर्थिक र लेखापरीक्षण प्रतिवेदन, पुनरावेदन समितिका सदस्य श्री अशोक श्रेष्ठ जोशीले प्रस्तुत गर्नुभएको पुनरावेदन समितिको प्रतिवेदन, तथा निर्देशक रामेश्वर नेपालले प्रस्तुत गर्नुभएको वार्षिक गतिविधिहरूको प्रतिवेदन उपर छलफल भई सर्वसम्मतिले पारित गरिएको थियो ।

नेसनल बोर्डका तर्फबाट श्री नमुना निरौला दाहालले प्रस्तुत गर्नुभएको एम्नेस्टी नेपालका नियमावलीहरू (साधारणसभाको नियमावली, नेसनल बोर्ड नियमावली, कर्मचारी नियमावली, आर्थिक नियमावली, समूह सञ्चालनसम्बन्धी नियमाली) संशोधन प्रस्तावमा आवश्यक भाषा संशोधन गरेर अन्तिम रूप दिन नेसनल बोर्डलाई अधिकार दिने गरी सर्वसम्मतिले पारित गरिएको थियो ।

साधारणसभाले वर्ष २०७३/७४ को लेखापरीक्षकको नियुक्ति सम्बन्धमा नेसनल बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गर्नुका साथै मानवअधिकारसम्बन्धी चारवटा प्रस्तावहरू र आगामी चार वर्षको अवधिमा एम्नेस्टी नेपालले स्वतन्त्रता र जवाफदेहीतालाई रणनीतिक लक्ष्य निर्धारण गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।




तत्कालीन महासचिव श्री करुण खनालले नेसनल बोर्डकोको गतिविधिको प्रतिवेदन प्रस्तुत गर्नुहुदै

**५.३. निर्वाचन**

एआई नेपालको नेसनल बोर्ड र पुनरावेदन समिति को निर्वाचनका लागि निर्वाचन अधिकृत श्री ध्रुबकुमार कार्की (पूर्व कावा अध्यक्ष, एआई नेपाल) ले २०७३ भदौ २५ गते साँझ निर्वाचन कार्यक्रम अन्तर्गत उम्मेदवारहरुको मन्तव्य प्रारम्भ भएको जानकारी गराउँदै क्रमशः सबै उम्मेदवारहरुलाई आ-

आफ्नो मन्तव्यको लागि आमन्त्रण गर्नुभएको थियो । पुनरावेदन समिति तर्फ सबै पदमा निर्विरोध भएको हुनाले नेसनल बोर्डतर्फका उम्मेदवारहरुलाई मन्तव्यको लागि समय दिइएको थियो । मन्तव्य व्यक्त गर्नेहरुमा अध्यक्ष पदका लागि तीन  उम्मेदवारहरु, कोषाध्यक्षका लागि तीन उम्मेदवारहरु, विशेष व्यवस्थाको महिला सदस्य पदका लागि चार जना उम्मेदवारहरु र सदस्य पदका लागि चौध जना उम्मेदवारहरू पालैपालो मन्तव्य व्यक्त गर्नुभयो ।

राकास युवा सदस्यमा निर्वाचितका सन्दर्भमा एम्नेस्टी नेपालको नेसनल बोर्डमा ए.आई. नेपालमा आवद्ध समूहका प्रतिनिधिहरु मात्र रहने गरेकोमा २४औ साधारणसभाबाट संस्थाको विधानमा संशोधन गरी कुल ११ सदस्यीय कार्यसमितिमध्ये २ जना युथ नेटवर्कका प्रतिनिधिहरु निर्वाचित गर्ने व्यवस्था गरिएको थियो । सो व्यवस्था अनुसार एम्नेस्टी इन्टरनेसनल नेपालको २५औं वार्षिक साधारणसभा हुने मितिभित्रै युथ नेटवर्कबाट नेसनल बोर्डमा २ जना युथ नेटवर्क प्रतिनिधिहरुको निर्वाचन सम्पन्न गरिसक्नु पर्ने व्यवस्था अनुरूप २०७३ वैशाख २६ 'युथ नेटवर्कबाट राष्ट्रिय कार्यसमिति सदस्य निर्वाचन गर्ने कार्यविधि' जारी गरिएको र सोही मितिदेखि नै लागु गरिएको थियो । कार्यविधि अनुसार निर्वाचन समितिले प्राप्त उम्मेदवारीका लागि दर्ता गराएकाहरु मध्येबाट छनौट भएका दुईजना महिला र चारजना पूरूष उम्मेदवारहरुमध्ये निर्वाचन समितिले २०७३ भाद्र १५ गते सम्पन्न गरेको अन्तर्वार्ता र २०७३ भाद्र १७ गते सम्पन्न गरेको मतदान प्रक्रियाबाट कुल उच्चतम स्कोर ल्याउने एक महिला र एक पूरुष राकास युवा सदस्यमा निर्वाचित हुनु भएका थियो । अन्तर्वार्ता र प्रत्यक्ष मतदानको स्कोरिंग गर्दा निर्वाचन समितिले गर्ने अन्तर्वार्ताको स्कोरिंगलाई ५० प्रतिशत र युथ नेटवर्कहरुले गर्ने भोटिंगलाई अर्को ५० प्रतिशत मानेर मूल्यांकन गरिएको थियो ।

मतदान कार्य सम्पन्न हुनासाथै सुरु भएको मतगणनापछि प्राप्त परिणाम निर्वाचन अधिकृत ध्रुवकुमार कार्की तथा युवा सदस्यहरुको निर्वाचन समिति सदस्य यशोदा कँडेलले साधारणसभामा औपचारिक रुपमा घोषणा गर्नुभयो ।




साधारणसभाका सहभागीहरूद्वारा मत खसाल्दै

### ५.३. निर्वाचित नेसनल बोर्डकोका पदाधिकारी

| | |
|---|---|
| अध्यक्ष | श्री राजनप्रसाद कुईकेल (समूह ३९, नुवाकोट) |
| उपाध्यक्ष | श्री ध्रुव राय (समूह–७, महोत्तरी) |
| महासचिव | श्री लेखनाथ (लक्ष्मी) निरौला (समूह ८३, दमक) |
| उपमहासचिव | श्री यशोधाकुमारी उपाध्याय (समूह ६८, नेपालगंज) |
| कोषाध्यक्ष | श्री विक्रम ढुकुछु (समूह १७, भक्तपुर) |
| सदस्य | श्री कर्णबहादुर कुँवर (समूह ८९, टीकापुर) |
| सदस्य | श्री सुरेशप्रसाद उपाध्याय (समूह १६, बीरगंज) |
| महिला सदस्य | श्री संगीता चापागाईं (समूह १, धनकुटा) |
| महिला सदस्य | श्री पार्वता आर्चाय (समूह ३६, प्युठान) |
| युवा सदस्य | श्री पासाङ्ग शेर्पा (जोसेफ युथ नेटवर्क, काठमाडौं) |

युवा सदस्य श्री विपिन बुढाथोकी (डाईनामिक युथ नेटवर्क, काठमाडौं)

**५.४. समापनसत्र**

२०७३ भदौ २६ गते अपरान्ह एक संक्षिप्त समारोहका बीच एम्नेस्टी नेपालको २५औं वार्षिक साधारण सभाको समापन गरियो । सो अवसरमा एम्नेस्टी नेपालका अध्यक्ष सूर्यबहादुर अधिकारीले साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने पोखराको स्थानीय समूह ५४ र ८२ तथा त्यसका सम्पूर्ण सदस्य एवं पदाधिकारीहरूलाई धन्यवाद दिनुभएको थियो ।

कार्यक्रममा एम्नेस्टी नेपालका नवनिर्वाचित अध्यक्ष राजनप्रसाद कुईकेल, पूर्व संयोजक चित्र निरौला, पूर्व अध्यक्षहरू मार्शल जुलुम शाक्य, चरण प्रसाईं तथा प्रदीप पोखरेल, निर्वाचन अधिकृत एवं पूर्व कार्यवाहक अध्यक्ष ध्रुवकुमार कार्की तथा तात्कालीन निर्देशक रामेश्वर नेपाल लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

समापन समारोहमा अध्यक्ष सूर्यबहादुर अधिकारीले नवनिर्वाचित अध्यक्ष राजनप्रसाद कुईंकेललाई प्रज्वलित मैनबत्ती हस्तान्तरण गर्दै अध्यक्षको कार्यभार हस्तान्तरण गर्नुभएको थियो ।



तत्कालीन अध्यक्ष सूर्यबहादुर अधिकारीद्वारा नवनिर्वाचित अध्यक्ष राजनप्रसाद कुईंकेललाई प्रज्वलित मैनबत्ती हस्तान्तरण गर्दै अध्यक्षको कार्यभार हस्तान्तरण

## ६. एम्नेस्टी नेपालको Governance र Management

एम्नेस्टी नेपालको नीतिगत कामका लागि यस संस्थाको सदस्यहरूमध्येबाट हरेक २/२ वर्षमा निर्वाचित हुने नेसनल बोर्डको रहेको हुन्छ भने संस्थाका सबै गतिविधि सञ्चालन गर्नका लागि राष्ट्रिय सचिवालय रहेको छ । त्यसैगरी विधान र नियमावलीले तोके बमोजिमका काम गर्न राष्ट्रिय परिषद् बैठक (वार्षिक साधारणसभा) बाट पुनरावेदन समिति निर्वाचित हुने गरेको छ । यी सबै निकायले आ-आफ्ना जिम्मेवारीअनुसारका कार्यहरू गर्ने गर्दछन् ।

### ६.१ पुनरावेदन समिति

नेसनल बोर्डले एम्नेस्टी नेपालमा आबद्ध कुनै समूह खारेजी गरेमा वा कुनै एम्नेस्टी सदस्यलाई सदस्यताबाट निस्कासनको निर्णय भएमा सम्बन्धित समूह वा सदस्यले त्यस्तो निर्णय चित्त नबुझी पुनरावेदन गर्न चाहेमा एम्नेस्टी नेपालको विधान बमोजिम पुनरावेदन समितिको व्यवस्था गरिएको छ । हरेक राष्ट्रिय परिषद् बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ । पुनरावेदन

समितिले पुनरावेदनउपर आवश्यक छानबीन गर्ने र आवश्यक परेमा नेसनल बोर्डको निर्णयलाई बदरसम्म गर्ने अधिकार राख्दछ ।

**निर्वाचित पुनरावेदन समितिका पदाधिकारी**

| | |
|---|---|
| संयोजक | श्री केशव पोखरेल (समूह २२, झापा) |
| सदस्य | श्री प्रभा अधिकारी (समूह ४१, विराटनगर) |
| सदस्य | श्री वसन्त सुबेदी (समूह ८२, पोखरा) |

**पुनरावेदन समितिको वैठक**

वर्ष २०७३/७४ को अवधिभित्र पुनरावेदन समितिको बैठक एक पटक बस्यो ।

## ६.२ नेसनल बोर्ड

वार्षिक साधारणसभाको अन्तरालमा नीतिगत निर्णयहरू गर्न नेसनल बोर्डको गठन भएको हुन्छ । यसका अलावा मानवअधिकार तथा संस्थागत नीतिको मस्यौदा गरी साधारण सभामा पेश गर्ने काम पनि नेसनल बोर्डकोको कार्यक्षेत्रभित्र पर्दछ । हरेक राष्ट्रिय परिषद बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ ।

**नेसनल बोर्डको बैठक**

वर्ष २०७३/७४ मा राष्ट्रिय कार्यसमितिका ७ वटा वैठकहरू बसी विभिन्न निर्णयहरू गरिए ।

## ६.३ राष्ट्रिय सचिवालय

संस्थाको दैनिक कार्यसञ्चालनका लागि राष्ट्रिय सचिवालय रहेको छ र जसमा विभिन्न विभागमा विभागीय कर्मचारीहरूको व्यवस्था गरिएको छ ।

- **कर्मचारी नियुक्ति**

  एम्नेस्टी नेपालमा निर्देशक, अभियान अधिकृत, प्रेस अधिकृत तथा लेखापालको पदमा कर्मचारी नियुक्ति प्रकृया सम्पन्न भएको छ । निर्देशकको छनौट प्रकृयामा एम्नेस्टी नेपालका अध्यक्ष र अन्तराष्ट्रिय सचिवलायको सहभागीता रहेको थियो भने अभियान अधिकृत, प्रेस अधिकृत र लेखापालको छनौट प्रकृयामा निर्देशक र अन्तर्राष्ट्रिय सचिवालयको सहभागीता थियो ।

| सि.न. | पद | नाम | नियुक्ति मिति |
|---|---|---|---|
| १ | निर्देशक | निराजन थपलिया | १ फेब्रुअरी २०१७ |
| २ | अभियान अधिकृत | अस्मिता सापकोटा | २० डिसेम्बर २०१६ |
| ३ | प्रेस अधिकृत | गौरवचन्द्र गुरुङ्ग | ११ जुन २०१७ |
| ४ | लेखापाल | शर्मिला मगर | ०१ जुन २०१७ |
| ५ | लेखापाल (तीन महिना अवधिको लागि) | मालाकुमारी लुईटेल | १५ जनवरी २०१७ देखि १४ अप्रिल २०१७ सम्म |

- **कर्मचारीहरूद्वारा स्वैच्छिक अवकास**

  एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा सन् २००५ देखि निर्देशकको रूपमा कार्यरत श्री रामेश्वर नेपालले ३१ अक्टोवर २०१६ देखि स्वैच्छिक अवकास लिनुभएको छ । श्री नेपालले सन् १९९८ मा एम्नेस्टी नेपालमा मानवअधिकार शिक्षा विभागका प्रमुख अधिकृतका रूपमा प्रवेश गरी सन् २००० मा प्रेस अधिकृत र सन् २००३ मा उपनिर्देशक पद सम्हाल्नु भएको थियो ।

- **कर्मचारी बैठक**

  राष्ट्रिय सचिवालयका कर्मचारीहरूको बैठक हरेक महिना बस्दै आउने गरेकोमा यही फेब्रुअरी २०१७ देखि हरेका हप्ता बस्ने गरेको छ । उक्त बैठकका अलावा आवश्यकताअनुसार थप बैठकहरू बसी आवश्यक छलफल गरिने गरिन्छ । हरेक बैठकहरूमा भएका छलफलहरूको माइन्युटिङ्ग गर्ने पद्धति बसालिएको छ ।

## ७. क्षमता अभिवृद्धि

एम्नेस्टी नेपालमा आबद्ध समूह एवं युथ नेटवर्कहरूमा आबद्ध हुने नयाँ सदस्यहरूलाई एम्नेस्टी इन्टरनेसनल तथा यसले सञ्चालन गर्ने अभियानहरूका बारेमा जानकारी गराउन आवश्यक हुन आउँछ । त्यसैगरी कसरी प्रभावकारी अभियान सञ्चालन गर्न सकिन्छ, समूह/युथ नेटवर्क तथा सदस्यहरूका काम कर्तव्य के हुन् भन्ने विषयका अलावा मानवअधिकार अभियान सम्बन्धमा समेत समूह एवं युथ नेटवर्कहरूमा प्रशिक्षण गरिनुले उनीहरूको क्षमता अभिवृद्धि हुने गर्दछ । तसर्थ अभियान क्षमता अभिवृद्धिका लागि समूह सदस्य तथा युथ नेटवर्कका सदस्यहरूका लागि एम्नेस्टी नेपालले प्रशिक्षण लगायत अन्य विभिन्न कार्यक्रमहरू आयोजना गऱ्यो ।

आ.व. २०७३/७४ मा केन्द्रीयस्तर र समूह एवं नेटवर्कस्तरमा क्षमता अभिवृद्धिका लागि निम्न बमोजिमका प्रमुख कामहरू भए ।

### ७.१ एघारौं राष्ट्रिय युथ मेला

एम्नेस्टी नेपालले सन् २००७ देखि गर्दै आइरहेको युथमेला कार्यक्रम यस वर्ष पनि सफलतापूर्वक सम्पन्न भएको छ । यस वर्षको युथ मेला २०७३ साल चैत्र २७, २८ र २९ का दिन पोखराको जलमहल होटलमा आयोजना गरियो । मेलामा देशभरीबाट एम्नेस्टी नेपाल आबद्ध युथ नेटओर्कका ९२ युवा भाइ बहिनीहरूले उत्साहपूर्ण र सक्रिय सहभागिता जनाउनुभएको थियो ।

२०७३ चैत २७ गते अपरान्ह एघारौं युथ मेलाको उद्घाटन सत्रको आयोजना गरिएको थियो । पोखरास्थित एम्नेस्टी समूह ५४ र ८२ को व्यवस्थापनमा भएको सो उद्घाटनसत्रमा कास्कीका स्थानीय विकास अधिकृत श्री बलराम ढकाल र एम्नेस्टी नेपालका अध्यक्ष श्री राजनप्रसाद कुईकेलले उद्घाटन गर्नुभएको थियो ।

त्यस असरमा एम्नेस्टी नेपालका विभिन्न युथ नेटवर्कहरूका सहभागीहरूले नेपालको मानवअधिकारको अवस्थाबारे एक नाटक (टेब्ल्यु) मञ्चन गर्नुभएको थियो ।

मेलामा नेसनल बोर्डका सदस्य सङ्गिता चापागाईं र कर्णबहादुर कुँवरज्यू तथा अपिल कमिटिका सदस्य वसन्त सुवेदीज्यूको पूर्ण सहभागिता रहेको थियो । मेला आयोजनाका लागि एम्नेस्टी नेपालको समूह ५४ र समूह ८२ पोखराले उल्लेख्य सहयोग पुऱ्याएको थियो ।

मेलामा सहभागी युवा अभियन्ताहरूलाई मानवअधिकारको अवधारणात्मक ज्ञान प्रदान गर्नुका साथै, मानवअधिकार अभियानका बारेमा व्यवहारिक प्रशिक्षण गराइएको थियो । एम्नेस्टीको परिचय, एम्नेस्टीको प्राथमिक अभियानहरूका साथै युवाको भूमिकाका बारेमा एम्नेस्टी नेपालको युवा बोर्ड सदस्यद्वय श्री पासाङ्ग शेर्पा र विपिन बुढाथोकी लगायत निर्देशक श्री निराजन थपलिया, अभियान अधिकृत श्री अस्मिता सापकोटा र अफिस मेनेजर श्री श्रद्धा थापाद्वारा प्रशिक्षित गराइएको थियो । त्यसैगरी बाह्य श्रोत व्यक्तिका रूपमा मानवअधिकारकर्मी तथा शक्ति समूहकी संस्थापक श्री सुनिता दनुवार र बालअधिकारकर्मी तथा बाल क्लब जिल्ला समन्वय समिति, नवलपरासीकी अध्यक्ष श्री विपना शर्माले आफना अनुभवहरू र वर्तमान अवस्थाका बारेमा बताउनु भएको थियो ।

मेलाकै सन्दर्भमा दुई प्रमूख अभियानात्मक गतिविधिहरू पनि सम्पन्न गरियो । सिरियामा भइरहेको मानवअधिकार ज्यादती र नरसंहार रोक्न माग गर्दै उक्त युथ मेलामा सहभागी युवा अभियन्ताहरूद्वारा

पोखराको लेकसाइडदेखि होटल जलमहलसम्म एक न्यालिको पनि आयोजना गरीयो । त्यसैगरी मेलाको अन्तिम दिन चैत्र २९ गते पोखराको चिप्लेढुङ्गामा युवा अभियन्ताहरूद्वारा फ्ल्यास मोब प्रदर्शन गरी सर्वसाधरणहरूलाई "महिला हिंसा अन्त्य"को सन्देशसहितको अभियानमा ध्यानाकर्षण गराइयो । करिब आठ मिनेटसम्म चलेको उक्त सार्वजनिक कार्यक्रमलाई सयौं सर्वसाधारणहरूले उत्सुकतापूर्वक अवलोकन गरेका थिए । त्यसैगरी युवा अभियन्ताहरूलाई सर्वसाधरणहरूसँग जनसम्पर्क स्थापित गरी एम्नेस्टीलाई उनीहरूसम्म पुऱ्याउने तथा एम्नेस्टीमा बढी भन्दा बढी जनसहभागीता गराई सन् २०१९ सम्ममा विश्वव्यापी रूपमा दुई करोड पचास लाख भन्दा बढी समर्थकहरू हाँसिल गर्ने लक्ष्यअनुरूप कम्तिमा पाँचजना सर्वसाधारण बटुवाहरूसँग केही बेर कुरा गरी एम्नेस्टीको परिचय गराई उनीहरूसँग सम्पर्क स्थापना गर्न लगाइएको थियो जुन सबै युवा भाइ बहिनीहरूले उत्साहपूर्वक ढङ्गबाट सम्पन्न गरेका थिए ।







## ७.२ मानवअधिकार तथा एम्नेस्टी सम्बन्धी अभिमुखीकरण कार्यशाला

एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्क मार्फत् सदस्यता लिएका एम्नेस्टी सदस्यहरूलाई एम्नेस्टी इन्टरनेसनल, यसले गर्ने अभियान, सदस्य एवं समूह/युथ नेटवर्कको भूमिका, एवं मानवअधिकारसम्बन्धी प्रारम्भिक रूपमा जानकारी गराउने उद्देश्यले अभिमुखीकरण कार्यशाला गर्दै आएको छ । वर्ष २०७३/७४ मा पनि त्यस्ता कार्यशालाहरू गरिए ।

- **आन्तरिक प्रशिक्षण (Internal Induction) का लागि क्षेत्रीय कार्यशाला**

  एम्नेस्टी इन्टरनेसनलको आन्तरिक कार्यप्रणाली तथा हाल सञ्चालनमा रहेका अभियानका बारेमा जानकारी दिने उद्देश्यले चारवटा Internal Induction हरू लेटाङ्ग (मोरङ्ग), गैडाकोट(नवलपरासी), खजुरे (बाँके) र विदुर (नुवाकोट) मा आयोजना गरियो ।

  एम्नेस्टी नेपालमा आबद्ध मोरङ्ग, सुन्सरी, झापा, धनकुटा, तेह्रथुम, पाँचथर र सप्तरीमा रहेका समूह तथा युथ नेटवर्कहरूका लागि ***२०७३ असोज १९ र २० गते मोरङ्गको लेटाङ्गमा*** उक्त प्रशिक्षणको आयोजना गरिएको थियो । सो कार्यक्रममा २७ वटा एम्नेस्टी समूह तथा युथ नेटवर्कहरूबाट **५८** जनाको सहभागिता रहेको थियो ।

  एम्नेस्टी नेपालमा आबद्ध धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, मकवानपुर, चितवन, लम्जुङ्ग, गोरखा, कास्की, पाल्पा, रुपन्देही, म्याग्दी र बाग्लुङ्गस्थित समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूका लागि ***२०७३ कात्तिक २ र ३ गते नवलपरासीको गैडाकोटमा*** Internal Induction आयोजना गरिएको थियो । उक्त कार्यशालमा २५ वटा एम्नेस्टी समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूबाट **५५** जनाको सहभागिता रहेको थियो ।

  एम्नेस्टी नेपालमा आबद्ध प्युठान, दाङ्ग, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, अछाम र दाङ्गस्थित समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूका लागि ***२०७३ कात्तिक ५ र ६ गते बाँकेको खजुरेमा*** Internal Induction आयोजना गरिएको थियो । उक्त कार्यशालमा १६ वटा एम्नेस्टी समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूबाट **३५** जनाको सहभागिता रहेको थियो ।

एम्नेस्टी नेपालमा आबद्ध काठमाडौं उपत्यका, काभ्रे, दोलखा र रामेछाप र नुवाकोटस्थित समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूका लागि ***२०७३ फाल्गुन २३ र २४ गते बट्टार, विदुर, नुवाकोट***मा Internal Induction आयोजना गरियो । उक्त कार्यशालमा ३२ वटा एम्नेस्टी समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूबाट ६० जनाको सहभागिता रहेको थियो ।





- **स्थानीय एम्नेस्टी समूह र युथ नेटवर्क सदस्यहरूलाई प्रशिक्षण**

एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्क सदस्यहरूका लागि सम्बन्धित ठाउँमै पुगी एम्नेस्टी इन्टरनेसनलले गर्ने अभियान, सदस्य एवं समूह/युथ नेटवर्कको काम जस्ता विषयमा जानकारी गराउने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रमरु आयोजना गरिए ।

देशका विभिन्न स्थानमा भएका ती कार्यशालाबाट एम्नेस्टी इन्टरनेसनलका सदस्यहरू लाभान्वित हुनुभएको थियो । एम्नेस्टी नेपालले सामग्री लगायतको सहयोग एवं श्रोतव्यक्ति उपलब्ध गराई स्थानीय समूह वा युथ नेटवर्कहरूमा त्यस्ता कार्यशालाहरू गर्ने गरिएको हो ।



एनओसी युथ नेटवर्कलाई मानवअधिकार र एम्नेस्टी सम्बन्धी प्रशिक्षण



इन्जिनियरिङ्ग युथ नेटवर्क, ललितपुरलाई एम्नेस्टी र मानवअधिकार सम्बन्धी प्रशिक्षण

## ८. अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलद्वारा भ्रमण

वर्ष २०७३/७४ मा पनि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलद्वारा पटक पटक भ्रमणहरू गरिए । ती भ्रमणहरू कतिपय आन्तरिक विषयका कारण भएका थिए भने कतिपय मानवअधिकारसम्बन्धी कामका सिलसिलामा भएको थियो ।

### ८.१ इन्टरनेसनल कपासिटी विल्डीङ्ग कोअर्डिनेटर जेरी बर्नासको भ्रमण

अन्तर्राष्ट्रिय सचिवालयअन्तर्गत साउथ एसिया र एसिया प्यासिफिक रिजनल अफिसका क्यापासिटि बिल्डिङ्ग कोअर्डिनेटर जेरी बर्नासले २०१७ को जुन १३ देखि १७ सम्म नेपाल भ्रमण गर्नुभएको थिया । उहाँको भ्रमणको मुख्य उद्देश्य एम्नेस्टी नेपालको नेसनल बोर्ड र सचिवालयलाई क्षमता अभिवृद्धिलगायतका अन्य विषयवस्तुका बारेमा कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्न, सचिवालयको कर्मचारीहरूको वार्षिक कार्ययोजना मुल्याङ्कन प्रणाली निर्माण गर्न निर्देशकलाई सहयोग गर्ने, ओपरेसनल प्लान निर्माण गर्न रणनीतिक सुझाव प्रदान गर्ने लगायत एम्नेस्टी नेपालको समग्र मुल्याङ्कन गरी क्षमता विकासका लागि सम्भावित सहयोगको नक्शाङ्कन गर्ने आदि रहेको थियो ।

### ८.२ मोबिलाइजेसन सर्पोट युनितका प्रोग्राम डिरेक्टर अनिल पन्तको भ्रमण

एम्नेस्टी नेपालको नवनिर्वाचित नेसनल बोर्डको इन्डक्सन यही डिसेम्बर ११ र १२ मा काठमाडौमा भएको र उक्त इन्डक्सन अन्तराष्ट्रिय सचिवालयबाट Movement Support Program का निर्देशक श्री अनिल पन्तले दिनुभएको थियो । नेसनल बोर्ड तथा सल्लाहकारहरू, पुनरावेदन समिति र सचिवालयबाट तत्कालीन निमित्त निर्देशक श्री श्रद्धा थापा र सदस्यता इन्चार्ज श्री चक्रकुमार प्रधानको सहभागीता रहेको थियो ।

भ्रमणका क्रममा श्री पन्तले एम्नेस्टी नेपालले डिसेम्बर २०१६ मा अन्तराष्ट्रिय सचिवालयलाई बुझाउनु पर्ने एम्नेस्टी नेपालको कोर स्टेन्डर्ड असेसमेन्टका लागि डिसेम्बर १३ मा नेसनल बोर्डसंग सो बारे सपोर्ट/छलफल गर्नु भएको थियो ।



## ८.३ आप्रासी श्रमिकहरूको अधिकारसम्बन्धी अनुसन्धान टोलीको भ्रमण

अनुसन्धानको शिलसिलामा आप्रवासि श्रमिक अधिकार अनुसन्धानकर्ता श्री एन्जेला शेरवुड र गल्फ रिसर्चर श्री आकाश जयप्रकास २७ अप्रिल देखि ५ मे २०१७ सम्म नेपाल आउनुभएको थियो । यस भ्रमणका क्रममा वहाँहरूले गत २०१६ देखि प्रारम्भ भएको यस अनुसन्धानबाट आएका निष्कर्षहरूबारे जानकारी तथा छलफल गर्नका लागि सरोकारवाला संघसंस्थाहरूसंग भेटघाट गर्नु भएको थियो ।

## ८.४ दक्षिण एसियाका क्षेत्रीय निर्देशक बिराज पट्नायकको भ्रमण

सन् २०१७ को पुर्वाधदेखि नै एम्नेस्टीको भ्रमणबारे योजना बनाएता पनि विभिन्न कारणले स्थगीत गर्नु परेको दक्षिण एसियाका क्षेत्रीय निर्देशक बिराज पट्नायकको भ्रमण यही २०१७ को अगष्ट २ देखि ५ मा भएको थियो । उक्त भ्रमणका क्रममा वहाँले नेसनल बोर्ड, सचिवालयका कर्मचारीहरूसँग एम्नेस्टी नेपाललाई कसरी सशक्त बनाउने बारे छलफल गर्ने र त्यसै गरी नेपालको वर्तमान मानवअधिकारको अवस्थाका बारेमा अधिकारकर्मीहरूसंग छलफल गर्नु भएको थियो । यस क्रममा वहाँले The Kathmandu Post मा पनि अन्तर्वार्ता दिनुभएको थियो । उक्त अन्तर्वार्ता http://kathmandupost.ekantipur.com/news/2017-08-10/nepali-society-will-rise-to-ensure-justice.html मा हेर्न सकिन्छ ।



**Nepali society will rise to ensure justice**

Amnesty International is a global movement of more than 7 million people, campaigning for a world where human rights are enjoyed by all. It has long been working in Nepal defending for human rights, rule of law and freedom of expression. In this backdrop, **Mukul Humagain** and **Binod Ghimire** of the Post caught up with rights group's Regional Director for South Asia **Biraj Patnaik**, who was in Nepal last week to oversee the works of AI's Nepal Office, to talk about different facets of human rights movement and human rights situation in South Asia, particularly in Nepal. Excerpts:

### ८.५ दक्षिण एसियाका अन्तरिम क्षेत्रीय निर्देशक चम्पा पटेलको भ्रमण

गत अगष्ट २५, २०१५ मा टीकापुर, कैलालीमा भएको हिंसात्मक प्रदर्शनमा प्रदर्शनकारीको आक्रमणमा परी मृत्यु भएका आठजना सुरक्षाकर्मी र एकजना नाबालकको हत्यामा संलग्नता रहेको आशङ्कामा त्यहाँका रैथाने थारु आदिवासी समुदायमाथि भएको स्वेच्छचारी गिरफतार, यातना र दुर्व्यवहारको बारेमा एम्नेस्टीले गरेको अनुसन्धानको प्रतिवेदन सन् २०१६ जुलाई १९ गते सार्वजानिक गरिएको र उक्त प्रतिवेदनलाई एम्नेस्टी नेपालद्वारा नेपालका सञ्चार माध्यमहरू प्रेषित गरिएको थियो । उक्त घटनाहरूको कारबाहीको प्रकृयाबारे बुझ्नका लागि नेपाल सरकारको गृहमन्त्री, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूलाई भेट्नका लागि एम्नेस्टी इन्टरनेसनल दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यलयका अन्तरिम निर्देशक श्री चम्पा पटेल ३ अक्टोबर २०१६ मा नेपाल आउनु भएको थियो ।

उक्त भ्रमणको अवसरमा पटेलले एम्नेस्टी नेपालका नवनिर्वाचित नेसनल बोर्डको र पुनरावेदन समितिका पदाधिकारीहरूँग भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा एम्नेस्टी नेपाललाई कसरी सशक्त दिशा निर्देश गर्नेबारे छलफल गर्नु भएको थियो ।



## ९. सामग्री उत्पादन र वितरण

वर्ष २०७३/७४ मा पनि एम्नेस्टी नेपालले यसका प्रकाशन तथा अभियान सामग्री प्रकाशित गर्ने र तिनको वितरण गर्ने कार्यलाई निरन्तरता दियो ।

### ९.१ संस्थागत लिफलेट प्रकाशन तथा वितरण

एम्नेस्टी को संस्थागत लिफलेट (मल्टी कलर र सिंगल कलर) मा प्रकाशित गरियो । सिंगल कलरको लिफलेट खासगरी एम्नेस्टी नेपाल र यसमा आवद्ध समूह एवं युथ नेटवर्कहरूले आयोजना गरेका सार्वजनिक कार्यक्रमहरूमा वितरणका लागि प्रयोग गरिएको थियो भने मल्टी कलर लिफलेट Membership Pack मा राखेर नयाँ वा नवीकृत सदस्यहरूलाई वितरण गरिएको थियो । गत बर्षको मौज्दात पर्याप्त रहेको हुनाले यस बर्ष प्रकाशन गरिएको थिएन ।

### ९.२ वार्षिक प्रतिवेदन

वर्ष २०७२/७३ को एम्नेस्टी नेपालको गतिविधि तथा लेखापरीक्षण एवं आर्थिक प्रतिवेदन समेटेर एक वार्षिक प्रतिवेदन तयार गरियो । कुल १२० पृष्ठको सो प्रतिवेदन २०० थान प्रकाशित गरिएको थियो । एम्नेस्टी नेपालको २५औं वार्षिक साधारणसभाका सहभागी, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, समाज कल्याण परिषद् लगायतका निकायमा वितरण तथा प्रेषित गर्ने उद्देश्यले प्रतिवेदन प्रकाशित गरिएको थियो ।

यसका अलावा वर्ष २०७२/७३ मा एम्नेस्टी नेपालमा कुन स्रोतबाट कति आम्दानी भयो र त्यो रकम कहाँ कति खर्च भयो भनी जानकरी गराउने उद्देश्यले २०७३ भदौ २७ गते आयोजित पत्रकार सम्मेलनमा समेत सो प्रतिवेदन वितरण गरिएको थियो । साथै एम्नेस्टी नेपालको वर्ष भरिको गतिविधि तथा आय व्ययको बारेमा जानकारी राख्न चाहनेहरूलाई पनि सो प्रतिवेदन उपलब्ध गराइएको थियो ।

### ९.३ डायरी

एम्नेस्टी को नयाँ सदस्यता लिने वा सदस्यता नवीकरण गर्ने सबैलाई Membership Pack प्रदान गरिँदै आइएको छ । त्यस्तो Membership Pack मा सदस्यता परिचयपत्र, शुल्क तिरेको रसिद, डायरी, कलम र एम्नेस्टी को नाम अंकित पीन राखिएको हुन्छ । त्यसरी Membership Pack मा राखी वितरण गर्ने प्रयोजनका लागि कुल ३,००० थान डायरी छपाई गरियो ।

### ९.४ अन्य सामग्री

एम्नेस्टी नेपालले आयोजना गर्ने प्रशिक्षण तथा अन्य इनडोर कार्यक्रमहरूमा वितरण गर्नका लागि राइटिंग प्याड उत्पादन गरियो । त्यस्तै सदस्यताको आवेदनका लागि सदस्यता फर्म, कार्यालय प्रयोजनको लागि आवश्यक खाम, लेटरप्याड, सदस्यता परिचयपत्र, भौचर, प्रशिक्षण कार्यक्रममा वितरण गर्न प्रमाणपत्र जस्ता सामग्री आवश्यकता अनुसार उत्पादन गरियो ।

एम्नेस्टी नेपालले उत्पादन गरेको राइटिंग प्याड र डटपेन समूह वा युथ नेटवर्कले आयोजना गर्ने कार्यक्रमहरूमा वितरण गर्नका लागि पनि उपलब्ध गराइए ।

## १०. समूह तथा युथ नेटवर्कहरूले आयोजना गर्ने कार्यक्रमहरूमा सहयोग

कुनै पनि एम्नेस्टी समूह वा युथ नेटवर्कले आयोजना गर्ने कुनै पनि प्रकारको कार्यक्रममा एम्नेस्टी नेपालको तहबाट हुन सक्ने कुनै पनि सहयोग तत्काल उपलब्ध गराउने व्यवस्था मिलाई सो को कार्यान्वयन गरिँदै आइएको छ । यसमा खास गरेर एम्नेस्टी अभियानसम्बन्धी उपलब्ध सामग्रीहरू माग भए अनुसार समूह वा युथ नेटवर्कहरूमा उपलब्ध गराउने र माग भए अनुसार अन्य सहयोग उपलब्ध गराउने काम गरियो ।

एम्नेस्टी नेपालका तर्फबाट सञ्चालन गरिने विशेष अभियानका विषयमा एक्सन सर्कुलरहरू तयार गरी त्यस्ता अभियानमा भाग लिन इच्छुक समूह एवं युथ नेटवर्कहरूमा पठाउने कामलाई गत २०७३/७४ मा पनि निरन्तरता दिइयो । यस्तो एक्सन सर्कुलरमा सम्बन्धित अभियानको उद्देश्य, त्यसअन्तर्गत के कस्ता कार्यक्रम गर्न सकिन्छ भन्ने जस्ता जानकारी समावेश गरिएको हुन्छ । यसका अलावा कतिपय अभियानसँग सम्बन्धित अभियान सामग्री पनि राष्ट्रिय सचिवालयबाट तयार गरेर प्रेषित गरियो । यसबाट समूह वा सदस्यहरूका तर्फबाट मानवअधिकारका सम्बन्धित विषयमा व्यक्त गरिने धारणाहरू एम्नेस्टी को धारणासँग बाझिन सक्ने सम्भावनाको अन्त्य हुने देखिन्छ भने समूहहरूमा सम्बन्धित विषयमा कस्ता अवधारणा व्यक्त गर्ने वा के कस्ता सम्भावित कार्यक्रम गर्न सकिन्छ होला भनी पर्ने द्विविधा अन्त्य हुने विश्वास गरिएको छ ।

## ११. स्थानीय समूह र युथनेटवर्कहरूलाई 'Campaigning Package'

एम्नेस्टी नेपालले राष्ट्रियस्तरमा गर्ने कुनै पनि अभियानका लागि सामान्यतया: यस संस्थामा आवद्ध स्थानीय समूह र युथ नेटवर्कहरूलाई "क्याम्पेनिङ्ग प्याकेज" (Campaign Package) प्रेषित गर्ने गरिन्छ । कुनै कुनै अभियानहरूका हकमा प्रारम्भमा नै सम्बन्धित अभियानमा सहभागी हुन समूह वा युथ नेटवर्कहरू इच्छुक छन् भने जानकारी गराउन एम्नेस्टी नेपालबाट प्रेषित हुने नियमित सर्कुलर मार्फत् सबै समूह र युथ नेटवर्कहरूमा अनुरोध गर्ने गरिन्छ र त्यसपछि सम्बन्धित अभियानमा सहभागी हुन इच्छा व्यक्त गर्ने समूह र युथ नेटवर्कलाई मात्र सम्बन्धित अभियानका लागि त्यस्तो प्याकेज प्रेषित गर्ने गरिन्छ । कतिपय

अभियानमा भने सबै समूह र युथ नेटवर्कहरूलाई यस्तो प्याक पठाउने गरिन्छ । यस्तो प्याकेजमा सामान्यतयाः निम्नानुसारका सामग्रीहरू संलग्न गरिएको हुन्छ ।

- **एक्सन सर्कुलर** (Action Circular) : अभियान गर्न लागिएको विषयमा विस्तृत जानकारी, अभियानको उद्देश्य, समय सीमा, स्थानीयस्तरमा गर्न सकिने सम्भावित कार्यक्रमहरूको सूची, कार्यक्रम आयोजना गर्दा ध्यान दिनु पर्ने कुराहरू, जस्ता विषयवस्तु उल्लेखित दस्तावेज । एक्सन सर्कुलर सम्बन्धित विषयमा अभियान गर्न इच्छुक समूह र युथ नेटवर्कहरूलाई उपलब्ध गराइने आन्तरिक दस्तावेज हो, जसलाई कतिपयले *अभियानसम्बन्धी निर्देशिका* भनेर पनि बुझ्ने गर्दछन् ।
- **अवधारणा पत्र** : जुन विषयमा केन्द्रीत अभियान हो, त्यस सम्बन्धमा विद्यमान अवस्था, एम्नेस्टी इन्टरनेसनलको त्यस विषयका सम्बन्धमा संस्थागत धारणा र मानवअधिकारको अवस्था सुधारका लागि एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएको सिफारिसहरू सहितको विस्तृत दस्तावेज । यो अवधारणापत्रले सम्बन्धित विषयमा एम्नेस्टी इन्टरनेसनलको संस्थागत धारणा स्पष्ट पार्दछ । यो दस्तावेज सार्वजनिक रुपमा वितरण वा प्रस्तुत गर्नको लागि तयार गरिएको हुन्छ ।
